# थामी जातिमा आएको पेसागत परिवर्तन

(सुन्द्रावती गा.वि.स. दोलखाको समाजशास्त्रीय अध्ययन)

**त्रिभुवन विश्व विद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्काय अन्तर्गत**
**पृथ्वीनारायण क्याम्पस समाजशास्त्र/मानवशास्त्र विभाग स्नातकोत्तर**
**तह दोस्रो वर्षको समाजशास्त्र विषयको दसौं पत्रको**
**प्रयोजनका लागि प्रस्तुत**

## शोधपत्र


## शोधकर्ता

**सरिता थापा**

**रोल नं.: ७५/०६५**

**परीक्षा रोल नं.: ४८०५७५**

**रजिस्ट्रेसन नं.: ६-१-४८-२४८५-२००२**


**२०७१**

# सिफारिस पत्र

त्रिभुवन विश्व विद्यालय, पृथ्वी नारायण क्याम्पस, मानविकी सङ्काय अन्तर्गत समाजशास्त्र/मानवशास्त्र विभागद्वारा स्नातकोत्तर तह द्वितीय वर्षको समाजशास्त्र विषयको दसौं पत्रको प्रयोजनका लागि मेरा निर्देशन र सुपरीवेक्षणमा सरिता थापाले **"थामी जातिमा आएको पेसागत परिवर्तन (सुन्द्रावती गा.वि.स. दोलखाको समाजशास्त्रीय अध्ययन)"** शीर्षकमा यो शोधपत्र तयार पार्नु भएको हो । यो शोधपत्र सम्बन्धी उहाँको कार्यप्रति म सन्तुष्ट छु । प्रस्तुत शोधपत्रलाई आवश्यक मूल्याङ्कनका लागि सिफारिस गर्दछु ।

(हरि कुमार ओझा)
शोध निर्देशक
समाजशास्त्र/मानवशास्त्र विभाग
पृथ्वीनारायण क्याम्पस, पोखरा ।

मिति : २०७१/०४/२८

# स्वीकृति पत्र

त्रिभुवन विश्व विद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्काय अन्तर्गत पृथ्वीनारायण क्याम्पस, समाजशास्त्र/मानवशास्त्र विभाग स्नातकोत्तर तह दोस्रो वर्षको समाजशास्त्र विषयको दसौं पत्रको आंशिक आवश्यकता पुरा गर्नका लागि छात्रा सरिता थापाले तयार गर्नु भएको **"थामी जातिमा आएको पेसागत परिवर्तन (सुन्द्रावती गा.वि.स. दोलखाको समाजशास्त्रीय अध्ययन)"** शीर्षकको यो शोधपत्र स्नातकोत्तर उपाधिका लागि उचित ठहरिएकाले शोधपत्र मूल्याङ्कन समितिबाट स्वीकृति प्रदान गरिएको छ ।

**शोधपत्र मूल्याङ्कन समिति**

...................................
हरि कुमार ओझा
शोध निर्देशक

..................................
डा. उमानाथ बराल
बाह्य परीक्षक

..................................
शान्ति भुसाल
विभागीय प्रमुख

मिति : वि.सं. २०७१/०५/०२
Date: 18 August 2014

# कृतज्ञता ज्ञापन

धेरै जसो आदिवासी मानिसहरू आफ्नो वरिपरिको वातावरणका आधारमा जीवन यापनका लागि विशिष्ट पेसाहरूको विकास गर्दछन् जुन स्थानीय वातावरण, साधन र स्रोतहरूमा आधारित हुन्छन् । जसमा सिकार गर्ने, माछा मार्ने, कृषि, हाते सामग्री बनाउने कामहरू पर्दछन् तर यस्तो पेसा सरकारले बेवास्ता गर्दछ र विकासका लागि यस्ता पेसालाई बाधकका रूपमा लिने गर्दछ । जसले गर्दा सरकारी नीति लागु हुँदा यस्ता आदिवासीलाई बेवास्ता गर्दा यिनीहरूको पेसा मात्र सङ्कटमा आउँदैन कि यस्ता समूहहरू, सीमान्तकृत हुनुका साथै भूमिहीन समेत बन्न पुग्दछन् । यसै विषयलाई मध्य नजर गर्दै दोलखा जिल्लाको सुन्द्रावती गाउँ विकास समिति अन्तर्गत बसोबास गर्ने थामी जातिको पेसागत परिवर्तन विषयमा प्रस्तुत शोधपत्र समाजशास्त्र/मानवशास्त्र स्नातकोत्तर तहको दसौं पत्रको शोधपत्र लेखनको आवश्यकता पूर्तिका लागि गरिएको हो ।

सर्व प्रथम मलाई यो शोध अनुसन्धानको लागि स्वीकृति र प्रोत्साहन गर्नु हुने पृथ्वीनारायण क्याम्पस, समाजशास्त्र/मानवशास्त्र विभागकी विभागीय प्रमुख श्री शान्ति भुसालप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । त्यसै गरी शोधपत्र तयार गर्ने क्रममा जुनसुकै समयमा पनि मलाई आवश्यक सल्लाह, सुझाव र निर्देशन दिएर मेरो शोधग्रन्थ तयार पार्ने कामलाई सजिलो बनाई अत्यन्त ठुलो सहयोग पुऱ्याउनु भएकोमा शोध निर्देशक यसै पृथ्वी नारायण क्याम्पस समाजशास्त्र/मानवशास्त्र विभागका प्राध्यापक श्री हरि कुमार ओझाप्रति म आभार व्यक्त गर्न चाहन्छु । साथै बाह्य परीक्षकका रूपमा मलाई सहयोग गर्नुहुने आदरणीय गुरु राजनीति शास्त्रका सह प्राध्यापक डा. उमानाथ बरालप्रति पनि हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । त्यस्तै स्नातकोत्तर तहको अध्ययनका क्रममा साथै यस शोधकार्य लेखनका क्रममा प्रेरणा र सहयोग गर्नु हुने यस विभागका सम्पूर्ण गुरुहरू, कर्मचारीहरू, पुस्तकालय कर्मचारीहरूका साथै सम्पूर्ण क्याम्पस प्रशासन प्रति पनि हार्दिक कृतज्ञता ज्ञापन गर्दछु ।

साथै यस शोधपत्र लेखनका क्रममा मलाई सहयोग गर्नु हुने मेरा परिवार एवम् सम्पूर्ण साथीहरूप्रति पनि आभार प्रकट गर्दछु । यस शोधग्रन्थ तयार गर्ने सिलसिलामा फिल्डमा जाने र तथ्याङ्क सङ्कलन गर्ने क्रममा सहयोग पुऱ्याउनु हुने गोपीलाल थामी, थामी जातिका

विषयमा अध्ययन गर्न विभिन्न टोल टोलमा पुऱ्याई सूचना उपलब्ध गराउन सघाउनु हुने मान बहादुर थामी, हरि बहादुर खड्का, शिक्षक नवराज अधिकारी साथै यस शोध कार्यमा सुझाव र आफ्नो व्यस्तताको बावजुद पनि सूचना सङ्कलन गर्न सहयोग पुऱ्याउनुको साथै समयमा नै शोधकार्य पुरा गर्न घच्घच्याउने जीवन साथी नवीन कोइरालालाई धेरै धन्यवाद दिन चाहन्छु । मलाई विभिन्न लेख, रचना तथा थामी सम्बन्धी कृतिहरू उपलब्ध गराउन सहयोग गरि दिने भाइ राजकुमार थामी र बुवा तारा बहादुर कोइरालालाई पनि हार्दिक आभार तथा विशेष धन्यवाद व्यक्त गर्दछु । त्यसै गरी अध्ययन क्षेत्रका सम्पूर्ण थामीहरू तथा गाउँ विकास समितिका कर्मचारीहरू र सुन्द्रावतीमा बसोबास गर्ने सम्पूर्ण सदस्यहरू प्रति पनि आभार व्यक्त गर्दछु त्यस्तै भाषिक सम्पादन जस्तो गहन जिम्मेवारी सम्हालिदिनु हुने गुरु ईश्वर कुमार घिमिरेप्रति म ज्यादै ऋणी छु र अन्तमा यो शोधपत्र तयार गर्ने क्रममा मैले कार्य क्षेत्र तथा अन्य यसैसँग सम्बन्धित निकायहरूमा विभिन्न परिस्थितिमा पुऱ्याएको असजिलो परिस्थिति भए म क्षमा याचना गर्न चाहन्छु ।

…………………
सरिता थापा

# शोधसार

थामी जातिहरू आदिवासी जनजातिहरू हुन् । मुख्यतया नेपालको झापा, इलाम, मोरङ्ग, रामेछाप, सुनसरी, उदयपुर, खोटाङ, दोलखा जिल्लाहरूमा बसोबास गरेको पाइन्छ । यी जिल्लाहरूमध्ये दोलखामा यो जातिको विशेष उपस्थिति रहेको छ । थामी जाति प्रकृति पूजन् धर्मलाई अवलम्बन गर्दछन् । यिनीहरूले बोल्ने भाषा थाङ्मी हो, थामी जातिको मुख्य पेसा कृषि, माटाका भाँडाकुँडा बनाउने, हाते सामग्री तयार गर्ने र वन जङ्गलमा आश्रित रहनु हो । प्रस्तुत अध्ययन थामीहरूको पेसागत परिवर्तनमा थामीहरूको व्यक्तिगत तथा पारिवारिक जन जीवनमा यसले पारेको प्रभावका बारेमा सम्बन्धित रहेको छ । वर्तमानमा थामी पुर्खाहरूको पेसाको अवस्था कस्तो छ ? थामी जातिहरू बढ्दो सामाजिक परिवर्तनसँगै के कस्ता पेसामा संलग्न छन् र परम्परागत पेसाप्रतिको सुधारात्मक धारणा कस्तो रहेको छ ? परम्परागत पेसा र अन्य पेसा गर्ने थामीहरूको आर्थिक अवस्था कस्तो छ ? भन्ने जस्ता समस्यामा केन्द्रित रहेर गरिएको यस अध्ययनमा निम्न उद्देश्यमा आधारित भई गरिएको छ :

१) थामी जातिमा पेसागत परिवर्तनबारे अध्ययन गर्ने,

२) पुर्खाहरूको पेसा अपनाउन छाडेर अन्य पेसामा जानुका कारणहरू पत्ता लगाउने र

३) पेसामा आएको परिवर्तनले थामी जातिको पारिवारिक तथा सामाजिक जीवन यापनमा पारेको प्रभावबारे खोजी गर्ने ।

प्रस्तुत अध्ययन विश्लेषणका लागि सुन्द्रावती गाविसका २५३ थामी घरधुरीबाट दैवी नमुना छनौट विधिबाट ५०% अथवा १२७ थामी घरधुरीको सर्वेक्षण गरी गुणात्मक र परिमाणात्मक दुबै तथ्याङ्कको सङ्कलन गरी विश्लेषण गरिएको छ । यस अध्ययनमा तथ्याङ्क सङ्कलन विधिका रूपमा अवलोकन, अन्तर्वार्ता अनुसूची, मुख्य सूचनादातासँगको अन्तर्वार्ता, समूहगत छलफल विधिको प्रयोग गरिएको छ । यस अध्ययनमा वर्णनात्मक एवम् विवरणात्मक अनुसन्धान ढाँचाको प्रयोग गरी व्याख्या एवम् विश्लेषण गरिएको छ ।

यस अध्ययनमा आधुनिकीकरण, विकासवादी सिद्धान्त र आधारभूत आवश्यकताको अवधारणा प्रयोग गरिएको छ । थामीहरूको पेसागत परिवर्तन विशेषत बढ्दो आधुनिकीकरण, सरकारी तथा गैर सरकारी संस्थाहरूले जनतासामु ल्याएका विकास योजना तथा कार्यहरू, शिक्षा र

रोजगारका अवसरमा भएको वृद्धि र पुर्खाहरूको पेसामा घट्दो आर्थिक उपार्जनको कारण भएको देखिन्छ ।

ऐतिहासिक रूपमा हेर्दा थामीहरू किपट भूमि तथा वन जङ्गल जलस्रोतमा निर्भर रहेको देखिन्छ । यिनीहरू वन जङ्गलबाट प्राप्त वस्तुबाट आफ्नो जीवन यापन चलाउने गर्दथे, माछा मार्ने, वनमाहुरीको मह काड्ने, वन जङ्गलबाट प्राप्त वस्तुबाट हाते सामग्री बनाई खाद्य सामग्रीसँग साटफेर गर्ने, सिकार गर्ने, त्यसै गरी भरिया पेसा पनि गरेको पाइन्छ, वन जङ्गलबाट प्राप्त ओल्लोको रूखबाट आफूले लगाउने कपडा जस्तै भाङ्ग्रा, चोलो, फरिया बनेर लगाउनुका साथै खाद्य सामग्रीहरूसँग साटफेर गर्ने गर्दथे । जब सरकारले भूमि सुधार ऐन लागु गऱ्यो र वन जङ्गल समुदायलाई हस्तान्तरण गऱ्यो त्यसपछि थामीहरूको पेसा सङ्कटमा आउन थाल्यो, वर्तमानमा परम्परागत पेसा गर्ने थामीहरूको जीवन दयनिय देखिन्छ । आलम्फु गाविसमा ढुङ्गाको खानीको उत्खननपछि थामीहरूलाई रोजगारीका अवसरहरू प्राप्त हुन थाले, थामी जातिहरू निकै नै मेहनती र जमिनसँग अगाध माया गर्ने हुन्छन् तर वर्तमानमा केही थामीहरू पुरानै पेसामा संलग्न भए पनि कतिपय नयाँ पुस्ताका थामीहरू, स्वदेशी र वैदेशिक रोजगारमा संलग्न रहेको पाइन्छ र आफ्नै पुर्खाहरूको पेसालाई एउटा नयाँ ढङ्गले अपनाउन थालेका छन् यसले गर्दा थामीहरूको आर्थिक तथा सामाजिक जीवन स्तर पनि माथि उठेको देखिन्छ । पेसागत परिवर्तनले आर्थिक रूपमा भने सकरात्मक परिवर्तन भएको देखिन्छ ।

# विषय सूची

| शीर्षक | | पृष्ठ |
|---|---|---|
| सिफारिस पत्र | | I |
| स्वीकृति पत्र | | II |
| कृतज्ञता ज्ञापन | | III |
| सङ्क्षिप्त रूप | | V |
| विषय सूची | | VI |
| तालिका सूची | | X |
| चित्रसूची | | XI |
| शोधसार | | XII |
| **अध्याय एक : शोध अध्ययनको परिचय** | | **१-७** |
| १.१ | सामान्य पृष्ठभूमि | १ |
| १.२ | समस्या कथन | ४ |
| १.३ | अध्ययनको उद्‌देश्यहरू | ५ |
| १.४ | अध्ययनको महत्त्व | ५ |
| १.५ | अध्ययनको सीमा | ६ |
| १.६ | अध्ययनको सङ्गठन | ६ |
| **अध्याय दुई : पूर्व साहित्यको समीक्षा** | | **८-२३** |
| २.१ | साहित्यिक पुनरावलोकन | ८ |
| २.२ | सैद्धान्तिक पुनरावलोकन | ११ |
| | २.२.१ आधुनिकीकरण सिद्धान्त | ११ |
| | २.२.२ विकासको सैद्धान्तिक अवधारणा | १४ |
| | २.२.३ आधारभूत आवश्यकता सम्बन्धी अवधारणा | १६ |
| २.३ | पूर्व अध्ययनको समीक्षा | १७ |
| | २.३.१ नेपालका थामी जाति तथा अन्य केही जाति तथा जनजातिहरूमा पेसागत परिवर्तन | १७ |
| २.४ | अवधारणात्मक खाका | २२ |

**अध्याय तीन : अनुसन्धान पद्धति** **२४-२७**
३.१ अध्ययन क्षेत्र छनौटको औचित्य २४
३.२. अनुसन्धान ढाँचा २४
३.३ तथ्याङ्कको प्रकृति र स्रोत २५
३.४ अध्ययनको समग्रता र नमुना छनौट विधि २५
३.५ तथ्याङ्क सङ्कलन विधि २६
३.५.१ अन्तर्वार्ता अनुसूची २६
३.५.२ अवलोकन विधि २६
३.५.३ मुख्य सूचनादातासँगको अन्तर्वार्ता २७
३.६ तथ्याङ्क प्रस्तुतीकरण र विश्लेषण २७

**अध्याय चार : अध्ययन क्षेत्रको सामाजिक, भौगोलिक र जनसाङ्ख्यिकीय विशेषताहरू** **२८-३४**
४.१ सुन्द्रावती गाउँ विकास समितिको परिचय र नामकरण २८
४.२ भौगोलिक स्थिति र सिमाना ३०
४.३ अध्ययन क्षेत्रको जाति तथा जातीय आधारमा जनसङ्ख्या ३०
४.४ सुन्द्रावती गा.वि.स. का वडा अनुसार जम्मा घरधुरी तथा जनसङ्ख्या ३२
४.५ सुन्द्रावती गा.वि.स. को शैक्षिक स्थिति ३३

**अध्याय पाँचः थामी समुदायको सामाजिक अवस्था** **३५-४८**
५.१ जेन्डर/लिङ्गको वितरण ३५
५.२ थामी समुदायमा उमेर समूहको स्थिति ३६
५.३ धर्मको अवस्था ३८
५.४ थामी समुदायमा परिवारको प्रकार ३९
५.५ थामी समुदायमा विवाहको स्थिति ४०
५.६ खानेपानीको अवस्था ४१
५.७ उत्तरदाताको शैक्षिक स्थिति ४२

| | | |
|---|---|---|
| ५.८ | घरधुरीका सन्तानहरूको शैक्षिक स्थिति | ४३ |
| ५.९ | भिन्न भिन्न शिक्षण संस्थामा पहुँच प्राप्त छात्रछात्राहरू | ४४ |
| ५.१० | स्वास्थ्य अवस्था | ४६ |
| ५.११ | थामी, थामी जाति र अन्य जाति बिचको सम्बन्ध | ४६ |
| ५.१२ | थामी जातिमा महिलाको अवस्था | ४७ |

**अध्याय छ : थामी समुदायको आर्थिक अवस्था** **४९-५७**

| | | |
|---|---|---|
| ६.१ | भूस्वामित्वको स्थिति | ४९ |
| ६.२ | कृषि उत्पादनबाट जीवन निर्वाह हुने स्थिति | ५० |
| ६.३ | कृषिमा प्रयोग हुने औजारहरूको अवस्था | ५१ |
| ६.४ | पशुपंक्षी पाल्ने घरधुरीहरूको स्थिति | ५२ |
| ६.५ | पशु पालनबाट हुने आर्थिक उपार्जन | ५४ |
| ६.६ | वैदेशिक रोजगारमा संलग्न | ५५ |
| ६.७ | घर निर्माणका आधारमा घरधुरीहरूको अवस्था | ५६ |

**अध्याय सात : थामी जातिहरूका परम्परागत सिप र चुनौतिहरू** **५८-७०**

| | | |
|---|---|---|
| ७.१ | परम्परागत पेसाको अवस्था | ६० |
| ७.२ | थामी जातिको परम्परागत पेसा र आधुनिक पेसा | ६२ |
| ७.३ | औसत मासिक आम्दानीका आधारमा उत्तरदाताको वितरण | ६४ |
| ७.४ | वर्तमानमा आम्दानीबाट आफ्ना आवश्यकता पूर्ति भएका र नभएका घरधुरीहरू | ६६ |
| ७.५ | परम्परागत पेसा छोड्नुका कारणहरू | ६७ |
| ७.६ | थामीहरूको पेसागत परिवर्तन | ६८ |
| ७.७ | खानपान र भेषभूषा | ६९ |

**अध्याय आठः सारांश, निष्कर्ष र सुझावहरू** **७१-७८**

८.१ सारांश ७१

८.२ निष्कर्ष ७२

८.३ सुझावहरू ७८

**सन्दर्भ ग्रन्थ सूची** **७९-८३**

**नेपाली सूची** **७९**

**अङ्ग्रेजी सूची** **८१**

**परिशिष्टहरू**

**तस्बिरहरू**

# तालिका सूची


| तालिका | शीर्षक | पृष्ठ |
|---|---|---|
| ४.१ | सुन्द्रावती गा.वि.स. को जातीय आधारमा जनसङ्ख्या वितरण | ३१ |
| ४.२ | सुन्द्रावती गाविसको वडा अनुसार जम्मा घरधुरी तथा जनसङ्ख्या | ३२ |
| ४.३ | सुन्द्रावती गाविसको शैक्षिक स्थिति | ३४ |
| ५.१ | उमेर समूहको आधारमा उत्तरदाताहरूको वितरण | ३७ |
| ५.२ | धर्मका आधारमा उत्तरदाताहरूको वितरण | ३८ |
| ५.३ | परिवारको किसिमका आधारमा उत्तरदाताहरूको वितरण | ३९ |
| ५.४ | घरमा खानेपानीको व्यवस्थाका आधारमा उत्तरदाताहरूको वितरण | ४२ |
| ५.५ | शैक्षिक योग्यताका आधारमा उत्तरदाताहरूको वितरण | ४३ |
| ५.६ | छोराछोरीको विद्यालयको प्रकारका आधारमा उत्तरदाताहरूको वितरण | ४५ |
| ६.१ | जग्गाको स्वामित्वका आधारमा उत्तरदाताहरूको विवरण | ५० |
| ६.२ | कृषि उत्पादनको पर्याप्तताका आधारमा उत्तरदाताहरूको वितरण | ५१ |
| ६.३ | पशु पालनबाट हुने आम्दानीका आधारमा उत्तरदाताहरूो वितरण | ५४ |
| ६.४ | घर निर्माणका आधारमा घरधुरीहरू | ५६ |
| ७.१ | पेसाका आधारमा उत्तरदाताको विवरण | ६३ |
| ७.२ | औसत मासिक आम्दानीका आधारमा उत्तरदाताको वितरण | ६५ |
| ७.३ | पुर्खौली पेसा छोड्नुका कारणका आधारमा उत्तरदाताहरूको विवरण | ६८ |

# चित्र सूची


| चित्र | शीर्षक | पृष्ठ |
|---|---|---|
| २.१ | अवधारणात्मक खाका | २२ |
| ४.१ | दोलखा जिल्लाको नक्सा | २९ |
| ५.१ | लिङ्गका आधारमा उत्तरदाताको वितरण | ३६ |
| ५.२ | विवाहको प्रकारका आधारमा उत्तरदाताहरूको वितरण | ४१ |
| ५.३ | घरधुरीका सन्तानहरू विद्यालय जाने आधारमा उत्तरदाताको वितरण | ४४ |
| ६.१ | पशुपन्छी पाल्ने घरधुरीहरूको विवरण | ५३ |
| ६.२ | वैदेशिक रोजगारमा परिवारको सदस्यको संलग्नताका आधारमा उत्तरदाताहरूको वितरण | ५५ |
| ७.१ | परम्परागत पेसा अपनाएका आधारमा उत्तरदाताको विवरण | ६१ |
| ७.२ | मासिक आयले आवश्यकता पूर्ति हुने र नहुने घरधुरीहरू | ६६ |

# सङ्क्षिप्त रूप

| | | |
|---|---|---|
| आई.एम.ओ | : | इन्टरनेसनल माइग्रेसन अर्गनाइजेसन |
| ई.सं. | : | ईस्वी सम्वत् |
| गा.वि.स. | : | गाउँ विकास समिति |
| डब्लु.एच.ओ. | : | वर्ल्ड हेल्थ अर्गनाइजेसन |
| जि.वि.स | : | जिल्ला विकास समिति |
| जे.टी.ए. | : | जुनियर टेक्निसियन एसिस्टेन्ट |
| नं. | : | नम्बर |
| रु. | : | रुपियाँ |
| वि.सं. | : | विक्रम सम्वत् |
| सी.बी.एस. | : | सेन्टरल ब्युरो अफ इस्टाटिस्टिक |

# अध्याय-एक

# शोध अध्ययनको परिचय

## १.१ सामान्य पृष्ठभूमि

नेपाल एक बहु जातीय, बहुधार्मिक, बहु सांस्कृतिक एवम् बहु भाषिक देश हो । यहाँ विभिन्न सम्प्रदायका मानिसहरू बसोबास गर्दछन् । मूलत : आर्य, मङ्गोल र द्रविड उद्भवका जातजाति बसोबास गर्दछन् । क्षत्री, ब्राह्मणहरू आर्य उद्भव हुन् भने राई, लिम्बु, गुरुङ, तामाङ, मगर, सुनुवार, थामी आदि मङ्गोल उद्भवका हुन् । यसै गरी माझी, बोटे, दनुवार, झाँगड आदि द्रविड उद्भवका हुन् । नेपालमा १२५ जातजाति तथा १२३ भाषाभाषीहरूको पहिचान भएको छ । त्यसै गरी ५९ प्रकारका जनजातिहरू बसोबास गर्दछन् ।

जनजाति समूह भन्नाले नेपालको सन्दर्भमा **झन्डै झन्डै** जातिको पर्यायवाची शब्दका रूपमा प्रयोग गरिएको पाइन्छ । यो शब्दले सम्भवतः एउटा छुट्टै सांस्कृतिक समूहहरूलाई जनाउँछ । एउटा जनजाति समूहमा साझा संस्कृति, परम्परा र पहिचानको भावना रहेको हुन्छ । सम्भवतः यो शब्दले आधुनिक औद्योगिक देशभित्र देखिएका फरक खाले संस्कृति भएका समूहहरूलाई जनाउँदछ (अधिकारी, २०५९) । यस्तै जनजातिहरू मध्ये थामी पनि एक जनजाति समूह हुन् । जसले आफ्नै बेग्लै प्रकारको भाषा, संस्कृति, रहनसहनलाई आत्मसात् गरेर जीवन यापन गरि रहेका छन् । यसरी अस्तित्वमा रहेका थामी जातिहरू नेपालमा दोलखा, सिन्धुपाल्चोक, रामेछाप, सुनसरी, उदयपुर, खोटाङ, भोजपुर, सिन्धुली, इलाम, झापा, मोरङ जिल्लाहरूमा छरिएर बसोबास गरेको पाइन्छ । यी जिल्लाहरूमध्ये दोलखामा यो जातिको विशेष उपस्थिति रहेको छ । यस जिल्लामा पनि विशेष गरेर सुन्द्रावती, आलम्फु, कालिङ चोक, सुस्पा, क्षमावती, लपिलाङ, बाब्रेमा थामी जातिको बासस्थान बढी रहेको छ । विक्रमको तेह्रौं शताब्दीपूर्व देखि नै दोलखा जिल्लामा थामीहरूको अस्तित्व रहेको पाइन्छ ।

थामी जातिको यस जिल्लामा भएको आगमन सम्बन्धमा प्रशस्तै कथनहरू सुन्नमा आएका छन् । जसमध्ये सबैभन्दा प्रख्यात र विश्वसनीय कथन भनेको थामी जातिहरूको आदि मानवका रूपमा “यापती छुकु” र “सोनारी आजी” लाई मानिएको छ । यिनीहरू सिमङगढबाट आगमन भएको विश्वास गरिएको छ । ती दम्पत्तिहरू त्यहाँबाट कामरु, कामक्ष,

सातकमला हुँदै धुनिबेंशी, थानकोट, हनुमान ढोका आई कालभैरवसम्म बल पुकार गरी पशुपति, कोटेश्वर, ठिमी र नागरेवामा केही समय बसोबास गरी भक्तपुरको भोतेढिकुरे साँगनाला हुँदै बनेपा, चण्डेश्वरी, पाँचखाल भई दोलालघाट आई बसोबास गरे भन्ने गरेको पाइन्छ । त्यसपछि ती दम्पत्तिहरू भैँसे हुँदै बलेफी पुग्दा एक आपसमा छुट्टिए र तिनीहरूको दुई महिनापछि तामाकोसीको आसपासमा भेट भई त्यहाँ पछि सुनखानी, तिनढुङ्गे, मुलसाँगो, सुस्पा क्षमावती हुँदै राङराङथलीमा पुगेर त्यही तितेपातीको छाप्रो बनाई कन्दमूल खोजी खाएर बस्न थाले । यी दम्पत्तिले सीमाङगढ बाटै "वार देवता" र "भुमे देवता" सँगै लिई आएका थिए । यिनीहरूबाट ७ भाई छोरा र ८ बहिनी छोरीको जन्म भई तिनीहरूबाट नै वंश विस्तार भएको हो भन्ने भनाइ रहेको छ तर यस कुरामा विरोधाभाष भने रहेको पाइन्छ (अर्याल र रिजाल, २०५८) ।

थामी जातिले बोल्ने भाषा थाङ्गमी हो । यिनीहरू प्रकृति पूजन धर्मलाई अवलम्बन गर्न खोज्दछन् । थामी जातिको मूख्य पेसा भनेको कृषि, माटाका भाडाकुडा बनाउने, डोको नाम्लो बुनेर बजारमा लगेर बेच्नुको साथै ढुङ्गाको छाना छाउने त्यसै गरी बन माहुरीको मह झिकेर बेच्ने आदि यिनीहरूको परम्परागत पेसा हो । तर यिनीहरूको पेसा समयको गतिसँगै क्रमश : परिवर्तन हुँदै छ । आधुनिकीकरण र समाज विकाससँगै परम्परागत जातिगत पेसामा पनि परिवर्तन भइ रहेको छ । जब एउटा व्यक्तिले एउटा पेसा छाडेर अर्को पेसामा संलग्न हुन्छ तब त्यसै सिलसिलाबाट पेसागत परिवर्तन आउँदछ ।

थामी जाति प्रकृति पूजन धर्मलाई अवलम्बन गर्दछन् । थामी जातिका मानिसको मुख्य पेसा मजदुरी, भारी बोक्ने, बनजङ्गल फडानी, कृषि हो । जङ्गल फडानीमा यिनीहरू अग्र पङ्क्तिमा छन् । त्यसै गरी पशु पालन पनि गर्दछन् । यसमा गाई, बाखा, कुखुरा पाल्दछन् तर सुँगुर पाल्दैनन् । सुंगुर छोएमा भुमे देवता रिसाएर अङ्गभङ्ग हुने विश्वास राख्दछन् । (पाण्डेय, २०६१) ।

पेसा मानसिक र शारीरिक नभई सामाजिक/आर्थिक क्रियाकलापको सेवा र उत्पादनका बारेमा केन्द्रित हुन्छ । पेसा कार्यको प्रकारको आधारमा स्थापित हुन्छ । यो विशेष गरेर सङ्गठनको प्रकारका आधारमा सम्बन्धित रहन्छ । कृषि, उद्योग, सरकारी सङ्गठन आदि पेसाका प्रकारका रूपमा रहन्छन् । आधुनिक आर्थिक जीवनको मुख्य विशेषता नै पेसा हो । पेसाका आधारमा समाजमा तह निर्धारण हुन्छ । काम र पेसा जीवनका महत्त्वपूर्ण र जीवनमा नभई नहुने विषय

हो । समाज र मानिस पेसाका आधारमा निर्भर रहेको हुन्छ । आवश्यकताको उत्पादनमा मानिस निर्भर रहेको हुन्छ  (राओ २००१) ।

आदिवासी जनजातिका पेसाहरू परम्परासँग गाँसिएका हुन्छन् । यी (कृषि, पशु पालन सिकारी, कला सङ्गीत, हाते सामग्री तयार गर्ने, रक्सी पार्ने आदि) पेसाहरूबाट नै आदिवासी जनजातिहरूको सामाजिक, आर्थिक सम्बन्ध राम्रो हुनुको साथै पारिवारिक जीवन यापनमा पनि कठिनाई आउँदैन । यस्ता पेसाहरू पारम्पारिक ज्ञानबाट नै विकास भएका हुन्छन् । अरू संस्कृतिमा जस्तै आदिवासी जनजातिहरूको परम्परागत पेसामा पनि आवश्यकता, प्रविधि र स्रोत अनुसार परिवर्तन भएका छन् । परम्परागत पेसालाई जोगाउनका लागि एउटा म्युजियममा राखेर अहिलेको जस्तो फेसनबाट अगाडि बढाइ राख्नु आवश्यक छैन तर आदिवासी जनजातिहरूले समयको माग सँगसँगै आर्थिक कुराहरूलाई विकास गर्न परम्परागत पेसालाई आत्मसात गर्दै आफ्नै ढङ्गले नयाँ तरिकाबाट विकास गदै लग्नु पर्दछ । परम्परागत पेसा भनेको नै मानिसहरू पहिलेदेखि नै आफ्नो आवश्यकता पूर्तिका लागि जुन कार्यहरू गर्दै आएका थिए (कृषि, सिकार, माछा मार्ने, वन सम्बन्धी काम आदि) तिनै कार्य बिचको सम्बन्ध नै हो , आजको यस्तो विकसित समयमा पेसाहरू पनि विभिन्न रूपमा बढ्दै गएको अवस्थामा परम्परागत पेसा र यसका स्रोत जस्तै जङ्गल, जमिन, जल आदिमा बाधा पुगेको छ (थोमस, २०००) ।

औद्योगीकीकरण र आधुनिकीकरण पेसागत रूपमा परिवर्तन ल्याउने आर्थिक विषयसँग सम्बन्धित हुन्छन् । औद्योगीकीकरण कामदारहरूको पेसाका रूपमा हुन्छन् । औद्योगीकीकरण कामदारहरूको पेसाका रूपमा सहरी क्षेत्रलाई सेवाका रूपमा उत्पत्ति भएको हो । कृषिलाई घटाउन र उद्योग विस्तार गर्ने क्रममा रहेको हो । यो संस्थागत र व्यक्तिगत रूपमा परिवर्तन ल्याउनका लागि उदाहरणीय  रूपमा अघि बढेको छ। आद्यौगिक परिवर्तनले कार्य, आय, मान प्रतिष्ठा, शक्ति, आत्म निर्भर र पेसामा परिवर्तन ल्याई विकासमा अगाडि बढेको छ (विलियम, १९९४) ।

हरेक समाज परिवर्तनशील छ । समाज पुरानो सरल समाजबाट जटिल विकसित समाजतर्फ अगाडि बढी रहेको छ । यसरी अगाडि बढ्ने क्रममा विभिन्न समाजमा परम्परादेखि अपनाउँदै आएका पेसाहरूमा समय सापेक्ष परिवर्तन हुँदै आएको छ । पछिल्लो समयमा थामी पनि परम्परागत पेसाका अलावा आफ्ना आवश्यकता पूर्ति गर्नका लागि अन्य आधुनिक पेसा तथा

आफ्नै पुर्खाहरूको पेसालाई परिमार्जित ढङ्गले अपनाएको देखिन्छ । यसरी थामीहरूको पेसागत परिवर्तनलाई यस अध्ययनमा जोड दिइएको छ ।

## १.२ समस्या कथन

नेपालमा विभिन्न प्रकारका जाति, जनजातिको बसोबास रहेको छ । यिनीहरूको आफ्नै भाषा, संस्कृति र रहन सहन रहेको पाइन्छ । नेपाल जातीय विविधता जस्तै सांस्कृतिक विविधता भएको मुलुक हो । यहाँ भएका अन्य जाति जनजाति जस्तै छुट्टै सांस्कृतिक पहिचान भएको एक जाति थामी पनि हो । थामी जातिले भूमिलाई नै सर्वोपरि ठान्ने गर्दछन् । आफ्नो भूमिपति भुमेलाई पूजा गर्ने, आफ्नो भूमि, वन जङ्गल, धर्मसंस्कृतिलाई जनुसुकै हातमा पनि थामी राख्दछन् । यिनीहरू पहिले देखि नै आफ्नो भूमि, वन जङ्गलसँग सम्बन्धित रहेर जीवन यापन गर्दथे । थामी पुर्खा यापति र सोनारीले आफ्नो तान्त्रिक शक्तिद्वारा सुनको मृग बनाई, आवश्यक धनदौलत तत्कालिन राजालाई उपहार स्वरूप दिँदा राजा खुसी भई आफ्नो राङ्गराङ्ग थलीदेखि गौरापर्वत सम्मको भूमि किपटका रूपमा राजाबाट पाए र त्यसैबाट आफ्नो जीवन यापन चलाउन थाले (आङयाङ्गमी २०५६) । जब दोलखाको आलम्फु गा.वि.स. मा ढुङ्गाको खानीको उत्खनन् गरियो त्यसपछि थामीहरू यस कार्यमा संलग्न हुन थाले । यही ढुङ्गाको खानीबाट नै दोलखा जिल्लाको धेरै जसो घरहरूको छानो छाइएको थियो र यस्तो कार्यमा थामीहरू नै संलग्न भएको पाइन्छ ।

माथिका थामीसँग सम्बन्धित अध्ययनहरूबाट के थाहा हुन्छ भने थामीहरू पूर्णतया कृषि र वन जङ्गलमा नै निर्भर रहेको पाइन्छ । जब भूमि सुधार ऐन लागु भयो, त्यसै गरी वन जङ्गल समुदायलाई हस्तान्तरण गरियो त्यसपछि थामी जातिको पेसामा सङ्कट आउन थाल्यो । कतिपय थामीहरू त सरकारी नीतिले गर्दा भूमिहीन समेत बन्न पुगे । थामी जातिहरूले वन जङ्गलबाट प्राप्त वस्तुबाट विभिन्न घरेलु सामग्री बनाई खाद्यान्न तथा आवश्यक वस्तुसँग साटफेर गरेर आफ्ना आवश्यकता पुरा गर्दथे । यसरी वर्तमान समयमा थामी पुर्खाहरूको पेसाबाट जीवन गुजार गर्न पनि धौ धौ भएको अवस्थामा आफ्नो आवश्यकता पूर्ति गर्न थामीहरूले वर्तमानमा के कस्ता पेसामा आबद्ध छन् र आफ्ना पुर्खाहरूको पेसालाई कस्तो रूपमा लिएका छन् भन्ने जस्ता पक्षहरूलाई केलाउँदै तिनीहरूको उत्तर खोज्ने काम गरेको छ । थामी जातिको अध्ययन निकै नै कम भएको र त्यसमा पनि

पेसागत परिवर्तनको अध्ययन नभएको अवस्थामा यस अध्ययनले थामी जातिसँग सम्बन्धित निम्न पक्षलाई केलाउँदै तिनीहरूको उत्तर खोज्ने काम गरेको छ :

- वर्तमानमा थामीहरूको परम्परागत पेसाको अवस्था कस्तो छ ?
- थामी जातिहरू बढ्दो सामाजिक परिवर्तनसँगै के कस्ता पेसामा संलग्न छन् र परम्परागत पेसाप्रतिको सुधारात्मक धारणा कस्तो रहेको छ ?
- परम्परागत पेसाबाट उनीहरूको आवश्यकता पुरा भएको छ कि छैन ?
- परम्परागत पेसा र अन्य पेसा गर्ने थामीहरूको आर्थिक अवस्था कस्तो छ ?

## १.३ अध्ययनका उद्देश्यहरू

यस अध्ययनको साधारण उद्देश्यमा वर्तमान आधुनिक समाजमा थामीहरूको पेसागत परिवर्तनका बारेमा अध्ययन तथा अन्वेषण गर्ने रहेको छ । यसका अलावा यस अध्ययनका निम्न विशिष्ट उद्देश्य रहेका छन् :

- पुर्खाहरूको पेसा छाडी अन्य पेसामा जानुका कारणहरू के के रहेका छन् अन्वेषण गर्ने र
- पेसामा आएको परिवर्तनले थामी जातिको पारिवारिक तथा सामाजिक जीवन यापनमा पारेको प्रभाव बारे खोजी गर्ने ।

## १.४ अध्ययनको महत्त्व

थामी जातिहरूको आफ्नै पृथक संस्कृति रहेको छ । जीविकोपार्जनका लागि आफ्नै पृथक उपायहरू तथा कार्यहरू रहेका छन् तर वर्तमानमा यस्ता उपायहरू तथा कार्यहरूले थामीहरूको जीवन यापनका लागि पर्याप्त नहुने हुँदा आफ्नै पुर्खाहरूको पेसालाई परिमार्जित गर्दै तथा अन्य व्यवसाय, पेसामा संलग्न छन् । प्रविधि, मानिसको रोजाइमा परिवर्तन, फेसनको प्रतिस्पर्धाले गर्दा पेसागत जाति समूहमा उनीहरूको परम्परागत सिप, ज्ञान, क्षमतालाई पछाडि पछाडि राख्दै गइ राखेका छन् । पेसागत समूहले न त उच्चतम गुणस्तरीय वस्तुहरू उत्पादन गर्न सक्दछन् जसले आयात गरिएको वस्तुसँग प्रतिस्पर्धा गर्न सकोस् न त

कुनै उद्योगहरूसँग नै प्रतिस्पर्धा गर्न सक्दछन् । यसरी प्रतिस्पर्धा गर्न नसक्दा बिस्तारै उनीहरूको पेसा लोप हुँदै जान्छ (क्षत्री, गुरुङ, २०६३) ।

यसर्थ यस अध्ययनले थामी जातिहरूको परम्परागत सिप, क्षमतालाई दर्साउनको साथै यस अध्ययनले यस किसिमको साहित्य निर्माणमा सहयोगीको काम गरेको छ । यस अध्ययन थामी जातिहरूको पेसाप्रति चासो राख्ने र यिनीहरूको सामाजिक तथा पारिवारिक पक्षसँग चासो राख्ने व्यक्ति, सङ्घसंस्था निकाय, योजनाविद्हरू, सरकारी नीतिका लागि सहयोगी हुने छ ।

## १.५ अध्ययनको सीमा

कुनै पनि अध्ययन अनुसन्धानका आफ्नै सीमा परिधि रहेका हुन्छन् । यो अध्ययन विशुद्ध शैक्षिक प्रयोजनका लागि मानविकी तथा सामाजिक शास्त्र सङ्काय अन्तर्गत स्नातकोत्तर दोस्रो वर्षको समाजशास्त्र विषयको शोधपत्र लेखनको आवश्यकता परिपूर्तिका लागि तयार गरिएको एउटा प्राज्ञिक अध्ययन हो । यस अध्ययनमा सुन्द्रावतीमा रहेको १२७ थामी घरधुरीमा पेसागत परिवर्तनको विषयलाई मात्र समेटेको छ । त्यसै गरी यस अध्ययनले सीमित स्रोत, साधन र समयले गर्दा सम्पूर्ण थामीहरूको समग्रताको प्रतिनिधित्व गर्न सक्दैन । त्यसैले यस अध्ययनलाई सम्पूर्ण स्थानका थामी जातिका सन्दर्भमा सामान्यीकरण गर्न सकिने छैन ।

## १.६ अध्ययनको सङ्गठन

यस शोधपत्रलाई आठ अध्यायमा विभाजन गरिएको छ । पहिलो अध्यायमा परिचय मूल शीर्षक अन्तर्गत सामान्य पृष्ठभूमि, समस्या कथन, अध्ययनको उद्देश्य, अध्ययनको महत्त्व, अध्ययनको सीमा, अध्ययनको सङ्गठन शीर्षकलाई समावेश गरिएको छ । दोस्रो अध्यायमा पूर्व साहित्यको समीक्षा राखिएको छ, जस अन्तर्गत अध्ययनसँग सम्बन्धित साहित्यिक पुनरावलोकन, सैद्धान्तिक समीक्षा, पूर्व अध्ययनको समीक्षा अन्तर्गत अन्य उपशीर्षकहरूको चर्चा गरिएको छ र अन्त्यमा अवधारणात्मक खाका राखिएको छ । अध्याय तिनमा यस अध्ययनको अनुसन्धान पद्धतिलाई समेटिएको छ जस अन्तर्गत यस अध्ययनका क्रममा छनौट गरिएको स्थानको औचित्य अनुसन्धानको ढाँचा, सूचनाको प्रकृति र स्रोत, समग्रता तथा नमुना छनौट, तथ्याङ्क सङ्कलन विधि र सङ्कलित तथ्याङ्कहरूको प्रस्तुतीकरण र विश्लेषण शीर्षकहरू समावेश गरिएको छ ।

अध्याय चारमा अध्ययन क्षेत्रको सामाजिक, भौगोलिक र जनसाङ्ख्यिकीय विशेषताहरूलाई समेटिएको छ । अध्याय पाँचमा अध्ययन समूहको लिङ्ग, उमेर, धर्म, परिवारको प्रकार विवाहको स्थिति, खानेपानीको अवस्था, शैक्षिक स्थिति, थामी जाति र अन्य जाति बिचको सम्बन्ध, थामी जातिमा महिलाको अवस्था जस्ता सामाजिक पक्षलाई समेटिएको छ भने अध्याय छ अन्तर्गत थामीहरूको आर्थिक अवस्था मूल शीर्षक अन्तर्गत भूस्वामित्वको स्थिति, कृषि, पशु पालन, घरको प्रकार, वैदेशिक रोजगार शीर्षकलाई समावेश गरिएको छ । अध्याय सातमा थामी जातिहरूको परम्परागत सिप र चुनौतिहरू, पेसागत अवस्था, वर्तमानमा पेसाको स्थिति, मासिक आम्दानी, परम्परा पेसा छोड्नुको कारण र खानपान र भेषभुषालाई समावेश गरिएको छ र अन्तमा अध्याय आठमा समग्र अध्ययनको सारांश, निष्कर्ष र सुझावलाई समेटिएको छ ।

# अध्याय दुई

# पूर्व साहित्य एवम् सैद्धान्तिक समीक्षा

## २.१ साहित्यिक पुनरावलोकन

'थामी' शब्द 'सिमाना' बुझाउने तिब्बती शब्द हो । जुन 'म्था' र 'मी' शब्दबाट बनेको हो । 'म्था' को नेपाली अनुवाद 'मानिस' भन्ने बुझाउँछ भने 'मी' ले 'सिमानाको मानिस', 'असभ्य जङ्गली' भन्ने बुझाउँछ । थामीहरू खम्बु उपसमूहमा पर्न सक्दछन् किनभने यिनीहरू आफै पनि आफ्नो चिनारी किराँतीका रूपमा दिन चाहन्छन् । थामीहरूको रीतिरिवाज र सामाजिक मान्यता राईहरूसँग मिल्छ भन्ने धेरै लेखकहरूले आफ्ना लेखहरूमा लेखेका छन् (राई २०५९: ३७-४३) ।

पूर्वी नेपालको दोलखा जिल्लामा थामीहरूको बसोबास भएको पाइन्छ । अरू समुदायभन्दा थामी समुदायको सङ्ख्या थोरै देखिन्छ । पहिले थामीलाई विद्वानहरूले सुनुवारको उपसमूहमा राखेका थिए । कारण उनीहरू पनि सुनुवार बोली नै बोल्दछन् भन्ने विश्वास गरिन्थ्यो तर पछि जर्ज ग्रिबर्सन महोदयले थामीलाई सुनुवारबाट छुट्याएर राखे उनको भनाइ अनुसार थामीको बोली सुनुवारसित होइन अपितु, धिमाल र लिम्बुसित केही मात्रामा मिल्दछ । हुन त थामीको बोली केही मात्रामा तिब्बतीसित पनि नमिल्ने होइन तर विचार गरेर ल्याएका खण्डमा थामी पनि खम्बुकै उपसमूहमा पर्न सक्दछ । भनाइको तात्पर्य हो जसलाई हामीले व्यापक अर्थमा राई भनेका थियौँ त्यसैभित्र यो थामी समुदाय पनि आउँछ । कारण भाषाको भिन्नता स्थान विशेषको प्रभाव पनि हुन सक्दछ (शर्मा, २०३६: २६१-२६२) ।

सिमाङगढबाट आएका थामीका पुर्खा भक्तपुरको ठिमीमा आई बसेका थिए । उनीहरूका सन्तानहरू मध्ये केही भाइ पूर्वतर्फ लागे । उता बसोबास गर्ने स्थान राम्रो देखेपछि तिनैमध्येका कुनै सन्तान फर्केर आई त्यहाँ जग्गा जमिन राम्रो छ उहीँ जाऊँ भने । ठिमीमा बसेकाहरूले तिमीहरू, जाऊ हामी यहीँ थामिन्छौँ भने । यसरी त्यहाँ थामिनेहरू थामी भए र पूर्वतर्फ जानेहरू राईलिम्बुका पुर्खा भए । त्यसै गरी अर्को भनाइ अनुसार तिब्बती भाषामा थोन्मी भनेको सिमानामा बस्ने र सिमान्तवासी हुन्छ । थामीहरू पनि दोलखा वा सिन्धुपाल्चोक दुबै जिल्लामा चिनको सिमानातर्फ बढी बसोबास गर्ने भएको कारण थोन्मीबाट

थामी भएको हुन सक्छ । थामी जातिको सात थर तथा यस अन्तर्गत अरू उपथरहरू हुन्छन् (अधिकारी, २०६९: ४६-४८) ।

थामीहरूले बोल्ने भाषा थाङ्मी हो जुन भाषा भोटे बर्मेली परिवारमा पर्दछ । जसमा तिब्बती, बर्मेली भाषाको प्रभाव बढी देखिन्छ । थामीहरू आफ्नो थाङ्मी भाषामा आफूलाई थाङ्मी खामका रूपमा वा थाङ्मीका रूपमा चिनाउँदछन् । त्यसै गरी पश्चिम नेपालका गुरुङहरूले आफूलाई तमु भनेर चिनाउँदछन् र मगरहरू भने मगरका रूपमा चिनाउँदछन् । मगर जाति पुरै नेपालीकृत भएर मगरकै रूपमा चिनिन्छन् । थामी पनि नेपालीकृत शब्द हो । अरू जातहरूले थाङ्मीका रूपमा थामी भनेर प्रयोग गर्न थाले । थाङ्मी भनेको "सिमाना क्षेत्रमा बसोबास गर्ने मानिस" भनेर बुझिन्छ तर अहिले थाङ्मी मानिसहरू आफै नेपालीकृत भएका छन् जब कि आफ्नै समुदायसँग सम्बन्धित थर राख्न छाडि सकेका छन् । दोलखा र सिन्धुपाल्चोकमा बस्ने थाङ्मीहरू नेपाली र थाङ्मी भाषा दुबै बोल्ने गर्दछन् (सैडरम्यान एन्ड टुरिन, २००६: १३३-१३७)।

थामीहरू शारीरिक, आर्थिक, धार्मिक रूपमा आफ्नो भूमिप्रति सम्बन्धित हुन्छन् । थामीहरू आफ्नो खेतीपाती राम्रो होस्, दैवि प्रकोपले हानी नहोस् भनेर वैशाख पूर्णिमामा उभौली पर्व धुमधामसँग मनाउने गर्दछन् र अन्न, बाली भित्र्याउने समय मङ्सिर पूर्णिमामा उधौली पर्व मनाउने गर्दछन् । यिनीहरूले यस पूजालाई भुमेपूजा भन्ने गर्दछन् । आफ्नो खेतीपाती वा जमिनलाई हानी नहोस्, वर्सातले, जङ्गली जनावर, पहिरोद्वारा आफ्नो खेतीपाती हानि नहोस् भनेर भुमेको पूजा गर्दछन् । त्यसै गरी थामीहरू विवाहलाई एकदमै महत्त्वपूर्ण पर्वकै रूपमा लिने गर्दछन् । थामीहरूले विवाहलाई सन्तान उत्पादनका रूपमा मात्र नहेरी सामाजिक परिचय स्थापित गर्ने रूपमा हेर्ने गर्दछन् । थामी जातिमा अरू जनजाति जस्तै फूपुचेला, मामाचेली, मामाचेला फुपुचेली विवाह गर्ने परम्परा छैन् । पहिला थामीहरू विवाह १५ दिन सम्म गरेर उत्सवको रूपमा मनाउँथे, आजभोलि भने ३ दिन मात्र मनाउने गर्दछन् (गुरुङ, थामी, २०१४: १६-२४) ।

दोलखाको भौगोलिक स्थितिलाई हेर्दा कुनै समयमा किराँत परिवारका जातिको प्रशासन यस भेगमा चलेको थियो कि भनेर अनुमान गर्न नसकिने होइन । यहाँका पहिलेका मूल बासिन्दा त किराँत वर्गकै थिए भन्न सकिन्छ । त्यसै गरी 'किपट' जग्गाको उल्लेख पनि दोलखाको

जग्गा सम्बन्धी कागजपत्रमा पाइएको छ । अझै पनि दोलखा भीमसेन मन्दिरका लागि 'किपट' भूमि थामीहरूको नाममा रहेको उल्लेख छ (बज्राचार्य, श्रेष्ठ, २०३१: १७) ।

थामीहरूको परम्परा पेसा भनेको खोरिया खेती, सिकार, माछा मार्ने, हाते सामग्री तयार गर्ने र वनजङ्गलमा निर्भर रहेर आफ्नो जीविकोपार्जन गर्ने थियो । थामीहरू मेहनती र आफ्नो जमिनलाई सधैं थामी राख्ने हुँदा पनि यिनीहरूको जात थामी भएको भन्ने भनाइहरू पनि पाइन्छ । वन जङ्गलबाट प्राप्त काठ, बासहरूबाट विभिन्न प्रकारका घरेलु सामग्री तयार गरी बेचबिखन गर्नुका साथै घरेलु कामकाजको लागि प्रयोग गर्दथे । त्यस्तै विभिन्न ठाउँमा यस्तो कामको खोजीमा वा काम गर्न जाने गर्दथे, त्यसै गरी विशेष गरी महिलाहरू वनजङ्गल तथा भेडा, च्याङ्ग्राको रौँबाट कपडा बनाई लगाउनुको साथै खाद्य सामग्रीसँग साटफेर गर्ने गर्दथे । थामीहरू यति बेला पूर्णतया वन जङ्गल र आफ्नो किपट भूमिमा निर्भर थिए (लावती, २००७: १९-२१) ।

नेपालको मानिसको आर्थिक स्थिति मुख्यतया भूमि स्वामित्वमा परनिर्भर रहेको छ । नेपालीको महत्त्वपूर्ण जिविकाको मूख्य स्रोत भूमि सम्पत्ति हो । यहाँ उदाहरणका रूपमा थामी जातिको किपट भूमिलाई लिन सकिन्छ, तिनीहरूको पर्याप्त मात्रामा किपट भूमि थियो, पछि नेपाल आधुनिकीकरण वा एकीकरणको अवस्थामा यो प्रक्रिया समाप्त भएर गयो । एकीकरणको साथै अन्य जाति मुख्य रूपमा ब्राह्मण, क्षत्री यस ठाउँमा आएर बसे र थामीको किपट भूमि क्षेत्रको अतिक्रमण गरे आज पनि उनीहरूसँग केही भूमि बाँकी र धेरै जसो सिमान्त किसान बने भने कति त भूमिहीन भए (बुढाथोकी मगर, २००८: १७-२०) ।

थामी जातिहरू आफ्ना जमिन (भूमि) प्रति अगाध स्नेह राख्दछन् । यो जातिको मुख्य पेसा कृषि र पशु पालन सम्बन्धित नै छ । त्यसै गरी चोयाको डोको, नाम्लो बन्ने, बन माहुरीको मह झिकेर बजारमा लगेर बेच्ने गर्दथे, पछि आलम्फुमा ढुङ्गाको खानी पत्ता लगाएपछि धेरै जसो थामीहरू त्यही नै कार्य गर्न थाले । अहिले पढेलेखेका केही थामीहरू सरकारी पेसा र व्यापारमा पनि संलग्न हुँदै छन् । कति थामी युवाहरू कृषि पेसाबाट जीवन धान्न मुस्किल परेर भारतको असाम, सिक्किम जस्ता ठाउँहरूमा गएर काम गर्दै उतै बस्न पनि थालेका छन् (गौतम थापा मगर, भल्युम-II, १९९४: ३२२-३२४) ।

थामी जातिहरूमा पहिला जग्गा जमिन प्रशस्तै थियो । यिनीहरूको आफ्नो किपट भूमि थियो । जब क्षत्री, ब्राह्मणहरू थामी जातिका क्षेत्रहरूमा आएर बसे त्यसपछि यिनीहरूको जग्गा पनि हडपे त्यसपछि यिनीहरू सिमान्त किसान बन्न पुगे । थामी जातिहरूको मुख्य पेसाका रूपमा खेती किसानीका साथै माटोका भाँडाकुँडा बनाएर दोलखा, चरिकोटमा बेच्ने गर्दथे । त्यसै गरी ढुङ्गाको छानो छाउने काममा थामीहरू निकै सिपालु छन् । चरिकोट, दोलखाका सबै जसो घरहरूमा यिनीहरूले नै छाना छाउने काम  गरेका थिए, त्यसै गरी वन माहुरीको मह झिकेर बेच्ने पनि गर्दछन्, डोको, नाम्लो, बुनेर बजारमा लगेर बेच्ने पनि गर्दथे (सैडरम्यान एन्ड टुरिन, २००६: १३९-१४२)।

## २.२ सैद्धान्तिक पुनरावलोकन

### २.२.१ आधुनिकीकरण सिद्धान्त

आधुनिकीकरण विचारकहरूको अध्ययनको मुख्य क्षेत्र भनेको सम्भवतः परम्परागत समाजका सदस्यहरूले निर्वाह गर्ने भूमिकासँग सम्बन्धित रहेको हुन्छ । यिनीहरूको भूमिका बरु विशिष्ट भन्दा कार्यात्मक विस्तारित हुन सक्दछ (होस्टलिज, १९६४a: १७-२९) । जस्तो कि परम्परागत समाजका कामदारहरू चाहिँ धेरै प्रकारका पेसाहरू एकै साथमा पुरा गर्न सक्ने क्षमताका हुने गर्दछन् । जस्तै कृषक, मजदुरी, सिकारी, माछा मार्ने आदि र काम गर्न नसक्ने वृद्ध तथा बालबच्चालाई पनि संरक्षण गरि राखेका हुन्छन् । यसरी यिनीहरूले निर्वाह गर्ने भूमिका वा कार्यहरूमा विशिष्टताको अभावले आर्थिक विकासमा बाधा देखा पर्दछ, समाजको आर्थिक गतिविधि र त्यसको परम्परागत क्षमताको सम्बन्धले परम्परागत समाज दीर्घरोगी र अविकसित हुन पुग्दछ (स्मेलर १९६६: ११९-१३०) ।

आधुनिकीकरणले उत्पादन प्रणालीमा सरल ग्रामीणमुखीबाट आधुनिक प्रविधि युक्त बनाउँदै जान्छ । पेसाहरू पनि परम्परागत पेसाको ठाउँमा आधुनिक विशिष्टीकरण हुँदै जान्छन् । सामाजिक चालचलन रितिरिवाज, धार्मिक कुराहरूमा परिवर्तन हुँदै आधुनिकतातर्फ लम्कि रहन्छ । पुरातन परम्परागत ग्रामीण समाज आधुनिक प्रविधियुक्त सहरी समाजतर्फ लम्कन्छ । आधुनिक कुराहरूले परम्परागत पेसा, रीतिरिवाज संस्कारलाई विस्थापन  गर्दछ । आर्थिक, सामाजिक व्यवस्था, आधुनिकतातिर लम्किरहन्छ । पुरातन परम्परागत ग्रामीण समाज आधुनिक प्रविधियुक्त समाजतर्फ लम्कन्छ । यो आधुनिकीकरण प्रक्रिया समयको विकास

सँगसँगै  अगाडि बढ्छ । नयाँ नयाँ प्रविधिको विकास र प्रत्येक मानव उपयोगमा विकल्पको प्रयोगबाट आर्थिक, सामाजिक एवम् सांस्कृतिक परिवर्तन ल्याउने आधार खडा गर्दछ । आधुनिकीकरण कुनै पनि कुराहरूलाई नवीकरण गर्दै विकास एवम्, सामाजिक, आर्थिक विकाससँग सम्बन्धी हुन्छ (रिट्जर, १९९६) ।

नेपालीमा आधुनिकता भनेको पुराना र पम्परागत यावत कुराको विरोध गर्ने विद्रोही प्रवृत्ति पनि हो अनि नविनता, युगीनता, तार्किकता र वैज्ञानिकतातर्फ अग्रसर धारणा पनि हो (शर्मा, २०६६: ६) ।

वास्तवमा आधुनिकीकरण हुनु वा आधुनिक बन्नु भनेको केबल पश्चिमी संस्कृति, मूल्य मान्यता, लवाई खवाइ, चाल चलन प्रविधिको नक्कल गर्नु मात्र थिएन । यस प्रक्रियाले आज तेस्रो विश्वका मुलुकहरूमा परनिर्भरता मात्र बढाएन कि उत्पादन र प्रविधिका क्षेत्रमा नगण्य मात्र परिवर्तन भयो । त्यसैले आधुनिकीकरण भनेको परिवर्तन मात्र नभई समाजका विविध पक्षमा आउने सकारात्मक परिवर्तन हो (बर्नस्टेइन्ट, २००२) ।

देशको विकासको प्रक्रियामा आधुनिक अर्थतन्त्र हुन्छ, जसले आदिवासी जनजातिको आयस्रोतमा खलबली लिएर आउँछ । जुन स्वतन्त्र बजारले मुलुकको विकास गर्न मद्दत गर्दछ । त्यही बजार अथवा नयाँ स्वतन्त्र बजारले मुलुकको विकास गर्न मद्दत गर्दछ, त्यही बजार अथवा नयाँ विकासका कार्यक्रमले आदिवासी जनजातिको पारम्पारिक अर्थतन्त्रलाई महत्त्व दिँदैन । विकासको कार्यक्रमले उनीहरूको जग्गा, जमिन, सिमाना पनि सरकारले हडप्दै जाँदा आदिवासीहरूको एकतालाई हटाएर एक्लो बनाउँदछन् । पैसाको आवश्यकताले गर्दा आदिवासी जनजातिहरू आफै पनि पारम्पारिकबाट आधुनिक अर्थतन्त्रतिर लाग्दछन् । आदिवासी जनजातिहरू आफ्नो आवश्यकतालाई समयसँगै परिवर्तन गर्दै जाँदा यिनीहरू आफैले पनि बजारमा प्रतिनिधित्व गर्न खोज्दा यिनीहरूले बेच्ने सामान कम मूल्यमा बेच्दछन्, आदिवासी जनजातिमा बजारको त्यति ज्ञान भइ नसकेको अवस्थामा बढीभन्दा बढी उत्पादन गर्न खोज्दा रासायनिक पदार्थहरू प्राकृतिक स्रोतमा प्रयोग गर्दा प्राकृतिक स्रोत पनि दिन प्रतिदिन बिग्रदै गइ रहेको अवस्था पनि छ (लाजिम्बाङ, २००८: ४२-४३)

आधुनिकीकरणका कारणले सामाजिक परिवर्तन, संस्कृतिको विकास, प्रगति र प्रविधिलाई अगाडि बढाउँछ । आधुनिकीकरण सिद्धान्त पहिले सन् १९५० मा देखिएको थियो । यो

सिद्धान्तले समाजले कसरी प्रगति गर्‍यो भन्ने व्याख्या गर्दछ । यो सामाीजक क्रान्ति र परिवर्तनको प्रक्रिया हो, जसमा नयाँ प्रविधिको अनुकुलन, आर्थिक विकास, जीवन स्तरमा प्रगति र आधुनिकीकरण ढाँचागत विकास गर्दछ । नयाँ प्रविधिको प्रयोग गरेर अघि बढ्नु सामाजिक परिवर्तनको सूचक हो । नयाँ प्रविधिले गर्दा शैक्षिक, रोजगार, खाद्य उत्पादनमा परिवर्तन ल्याई विकास गराउनमा सहयोग गरेको छ । परम्परागत असजिलो साधन र स्रोतमा परिवर्तन ल्याई सामाजिक सांस्कृतिक विकासमा टेवा पुर्‍याएको छ (वाल्कर, २०१०) ।

आधुनिकीकरणले मानिसका सोचाइ र क्रियाकलापका समग्र पक्षको परिवर्तन गराउने बहु आयामिक प्रक्रिया हो । मनोवैज्ञानिक तहमा आधुनिकता वादले आधारभूत रूपमा मानिसका मूल्य, अभिवृद्धि र आकाङ्क्षाहरूमा परिवर्तन ल्याउँछ । सामाजिक तहमा आधुनिकतावादले समाजमा निश्चित भूमिका भएका आधारभूत समूहहरू अझ खास गरी सचेत रूपमा सङ्गठित भएका समूहहरूको पूरकका रूपमा काम गर्दछ । आर्थिक दृष्टिमा यसले विभिन्न क्रियाकलापमा भिन्नता ल्याउँछ, सामान्य पेसाका ठाउँमा जटिल पेसा स्थापना हुन्छ, पेसागत कौशलताले धेरै क्षेत्रमा विकास हुन्छ, श्रमका निम्ति लगाइने पूँजीमा वृद्धि हुन्छ, परिवारलाई धान्ने खालको कृषि क्षेत्रको महत्त्व, व्यापारिक, औद्योगिक तथा अन्य गैरकृषि क्रियाकलापका तुलनामा कम हुन्छ (हन्टिङ्कटन १९६८, २०-३१) ।

आधुनिकीकरणको अवधारणाले सङ्क्रमण र कठोर परिवर्तनको पूर्ण स्पेकट्रम समावेश गर्दछ । जसले गर्दा एउटा पारम्पारिक समाज आधुनिक बन्नका लागि गुजरिनु पर्दछ । आधुनिकीकरण अफ्रिकाका बारेमा हो, जसले युरोपको विकासको बाटोको अनुसरण गर्दछ । आधुनिकीकरणका अनुसार, नीतिहरू जुन गरिबहरूको रहनसहन बढाउनका निमित्त बनेका हुन्छन् । जसमा ज्ञान र जानकारीको प्रचारले गरिएको हुन्छ । उदाहरणका लागि परम्परागत कृषि पेसालाई आधुनिकीकरण प्रक्रियाबाट कृषकलाई नयाँ बाली, नयाँ उत्पादन तरिका र नयाँ बजारीकरण कुशलतामा उत्साहजनक हौसला प्रदान गर्न समाबेस हुन्छ । सामान्यतया आधुनिकीकरणले परम्परागत कृषि पेसालाई छुटाई उन्नत जातको बिउ, हरियो घर प्रविधिकरण, आनुवैशिक रूपमा संशोधित खाद्य, किटाणुहरू, ट्र्याक्टर र अन्य वैज्ञानिक ज्ञानको प्रयोगहरूको सुरुवात गर्न नेतृत्व गर्दछ (मटन्हु, २०११: ६५) ।

आधुनिकीकरण परिवर्तन प्रक्रियाको एउटा सङ्केत मात्र हो । यसले जीवन र मूल्यका लागि आधुनिक बाटो ग्रहण गर्दछ । आधुनिकीकरण सामाजिक मूल्य र अभ्यासका लागि परिवर्तन

हुँदै आर्थिक क्षेत्रमा प्रभाव पार्दछ । जसले समाजमा परिवर्तन ल्याउने कार्य गठर्दछ । परम्परागत कृषि प्रणलीबाट अहिले औद्योगिकीकरणमा प्रवेश गर्नु आधुनिकीकरणको प्रभाव हो । आर्थिक परिवर्तनको नतिजा हो । विश्वास र मूल्य मान्यताको परिवर्तन हो । समाज अहिले विभिन्न क्षेत्रलाई समेट्ने फराकिलो र ठुलो अर्थ बनेको छ (राओ, २००१: ३१६-३१७) ।

## २.२.२ विकासको सैद्धान्तिक अवधारणा

नेपालमा विकासको प्रशस्त चर्चा हुने गरेको छ  तर यसलाई आम रूपमा जनताका इच्छा, आवश्यकता र अधिकार सम्पन्नतासँग विक्षेत गरेर सीमित भौतिक सुविधाको विस्तारसँग जोड्ने कामको रूपमा व्याख्या गर्ने प्रचलन सर्वत्र देख्न सकिन्छ । वास्तवमा विकास जनता स्वयम्ले उनीहरूकै चाहना, छनौट र सहभागिताबाट प्राप्त गर्ने वृद्धिको प्रक्रिया हो । विकास, बुद्धि र परिवर्तनको योग पनि हो । यो सामाजिक तथा सांस्कृतिक र आर्थिक परिवर्तन हो । विकासको उद्देश्य भनेको नै गरिबीको अन्त्य गर्ने, उत्पादनशील रोजगारी उपलब्ध गराउने र सम्पूर्ण जनताका आधारभूत आवश्यकताहरू पुरा गर्ने विषयहरूमा आधारित हुन्छन् (डेसन र पन्त, २००४: ३६४) ।

मानिसको जीवन स्तरमा सुधार गर्दै आइ परेका हरेक चुनौतीहरू समाधान गर्ने क्षमताको वृद्धिलाई साँचो अर्थमा विकास भन्न सकिन्छ । वर्तमान समयमा सामाजिक विकासलाई नाप्ने सूचकहरू पनि रहेका छन् । जीवन यापनको स्तर, गरिबीको स्तर, शिक्षाको स्तर, समाजका पिछडिएका वा दबिएर बसेकाहरूको माथि उठ्ने अवसर, राज्यद्वारा सामाजिक कल्याणको सुविधा, आर्थिक समानताको स्तर, स्वास्थ्यको स्तर, आयु आदि हुन् र यस्ता सूचकहरूबाट विकासको स्तर नाप्न सकिन्छ । यसरी खानपान, कपडा, स्वास्थ्य, बास, सुरक्षा जस्ता क्षेत्रमा पुगेको पहुँच नै विकास हो (घिमिरे, २०५७: ३-५) ।

विकास भन्ने शब्द निकै लोकप्रिय बन्दै गएको देखिन्छ । विकास एउटा प्रक्रिया हो । जसद्वारा समाजका सदस्यहरूले स्रोत र साधनको परिचाल गरी व्यक्तिगत तथा संस्थागत क्षमतामा वृद्धि गर्दछन् । अनि दिगो र जीवनको गुणात्मक पक्षको विकास गर्न उत्प्रेरित हुन्छन् । “विकास एउटा बहु आयामिक प्रक्रिया हो । जसले संरचनात्मक, प्रवृत्तिगत र संस्थागत परिवर्तनका साथै आर्थिक वृद्धि गर्ने, असमानता कटौती गर्ने र निरपेक्ष गरिबीको निर्मूल गर्नु पर्ने कुरामा संलग्न रहेको हुन्छ” (टोडारो, १९९३) ।

विकास तलबाट माथि गरिनु पर्दछ । अर्थात् गाउँको विकासबाट नै विकास सुरु गरिनु पर्दछ तब मात्र विकास हुन सक्दछ । ग्रामीण विकास भनेको जनताको विशेष समूह गरीब ग्रामीण महिला, पुरुष र तिनीहरूको बच्चाको चाहना र आवश्यकता पुरा गर्नका लागि सबल तुल्याउने एउटा रणनीति हो । यसले ग्रामीण क्षेत्रमा जीवन यापन गर्न चाहने गरीबहरूलाई विकासको प्रतिफल समुचित रूपमा नियन्त्रण गरी सहयोग पुऱ्याउँछ । यस्तो समूहमा साना तहका किसान मोही र भूमिहीन मानिस समावेश भएका हुन्छन् (चेम्बर, १९८३: ४-७) ।

सामाजिक, आर्थिक, राजनैतिक, शैक्षिक, सांस्कृतिक सबै क्षेत्रमा सुधार एवम् उन्नतिका लागि विकासको आवश्यकता पर्दछ । विकास शब्द हरेक ठाउँमा हरेक व्यक्ति समूह, सङ्घसंस्थाहरूले सहज रूपमा प्रयोग गरेको देखिन्छ (पन्त, २०६१: १०-१२) ।

मानिसले आफ्नो सुख, सुविधा, सुधार र समुन्नतिको पर्याप्त सर्वदा र सर्वत्र गरि रहेको हुन्छ । त्यस्तो सुधारिएको स्थितिलाई सङ्क्षिप्त र सरल शब्दमा 'विकास' भन्ने गरिएको छ । विकासका प्रक्रिया, गति र प्रभाव विभिन्न स्थान र समयमा भिन्नाभिन्नै प्रकारको भएको पाइन्छ । जस्तै सहरी क्षेत्र र त्यहाँ बसोबास गर्ने मानिसको विकासको प्रक्रिया र ग्रामीण क्षेत्र र त्यहाँ बसोबास गर्ने मानिसको विकासको प्रक्रिया भिन्दाभिन्दै हुन्छ (ओझा, २०६०:१२-१३) ।

वास्तवमा कुनै पनि समाजको आफ्नै किसिमको आदर्श, मूल्य मान्यता, परम्परा, व्यवहार, संस्कृति र चाहना एवम् आकाङ्क्षा हुन्छन् र यिनले सदैव मुलुकको विकासलाई प्रभावित गर्दछ । समाजको उपर्युक्त परिवेशमा नै मुलुकभित्र सामाजिक एवम् आर्थिक सङ्गठन, धार्मिक, समुदाय राजनैतिक दल विभिन्न वर्गको सिर्जना हुन्छ र यी सबैको प्रभाव अवश्यम्भावी हुन्छ । कुनै पनि मुलुकमा रहेका उपर्युक्त सामाजिक संस्था, आर्थिक संस्था, राजनैतिक दल यी सबैको उद्देश्य आआफ्नो वर्गमा वा समुदायको हित र समुन्नति गर्नु पर्ने रहेको हुन्छ । यिनीहरूको प्रभाव सदैव पर्दछ । यो परिप्रेक्ष्यमा विकासले कुनै पनि मुलुकको सामाजिक, आर्थिक, सांस्कृतिक पर्यावरणको पूर्ण जानकारी राखी सोही अनुसार पनि कार्य गर्नु नितान्त जरुरी हुन्छ (लाल दास, २०५८: ५-८) ।

जातीयता, विकास-आयोजना, उत्पादनको वृद्धि, जीवन स्तरको अभिवृद्धि, सामाजिक तथा आर्थिक समानताकरण, विकसित संस्था तथा अभिवृद्धि, राष्ट्रिय एकता, राष्ट्रिय स्वाधीनता र

स्वतन्त्रता, तल्लो निकायमा प्रजातान्त्रिक वातावरण र सामाजिक न्याय नै विकास हो (मिर्डल, १९७०: ४२) ।

विकास नीतिका रूपमा आत्म निर्भरताको अवधारणा अगाडि आएको देखिन्छ । आधुनिकीकरण सँगसँगै परनिर्भरता देखिए पछि विकासका रूपमा आत्म निर्भरता आएको हो । यस अवधारणा आफ्नै शक्तिमा विश्वास गर्ने, आम जन समुदायको परिचालन गरी मानवीय आवश्यकताको पूर्तिका निम्ति साधन तथा स्रोतको प्रयोग गर्ने, आफ्नै घरेलु बजारमा केन्द्रित हुने र विभिन्न तहको राजनीति सम्बन्धी नीति निर्माणमा सिङ्गै राष्ट्र सहभागी गर्नेतर्फ आधारित छ (फर्दौसी, १९८६: ३७५) ।

विकासको भौतिक र मानवीय आवश्यकता पर्याप्त र स्थायी ढङ्गले आपूर्ति गर्दछ । यसले तिनको निरन्तर रूपमा विकास पनि गर्दछ । विकास कार्यक्रमले बढी भन्दा बढी आवश्यकता भएका समुदायका लागि प्राथमिकता दिएर पर्यावरणीय सन्तुलन र अरूको संस्कृतिको समन्वित विकासको साथ आधारभूत आवश्यकताको वस्तुहरूको उत्पादन गर्ने खालको समानतामुखी तथा आत्म निर्भर प्रकृतिका संस्थाको निर्माण गर्दछ (गाल्टुङ, १९८२: २०) ।

### २.२.३ आधारभूत आवश्यकता सम्बन्धी अवधारणा

आधारभूत आवश्यकताको अर्थ विपन्न वर्गको जनताको समग्र भावमा उन्नित गर्नु मात्र होइन, उनीहरूलाई प्रतिष्ठापूर्वक निश्चितता प्रदान गर्नु तथा खाद्यान्न, लत्ता कपडा, आवास, स्वास्थ्य-शिक्षा रोजगारी तथा आफूलाई असर पार्ने विषय बारेको नीति निमार्णमा सहभागी हुन पाउने अधिकारको प्राप्ति हो । कुनै पनि क्षेत्रको विकासको प्रयोगपछि यसमा सफलता भए नभएको हेर्न जनताका आधारभूत आवश्यकताको पूर्ति भए वा नभएको स्थितिमा भर पर्दछ (लालदास, २०५६: २६-२७ ) ।

आधारभूत आवश्यकता सम्बन्धी अवधारणाको मुख्य लक्ष्य आम सहभागिताको अपेक्षा, योजनाको नीति निर्माण तथा सञ्चालनमा विकेन्द्रीकरण र स्थानीय स्तरमा आत्म निर्भरताको सृजना हो । यस्तो उद्देश्य प्राप्तिका लागि तल्लो तहका सङ्घसंस्थाहरूको स्थापना र तिनको उन्नयन हुनु आवश्यक छ । यसबाट विकासका निम्ति स्थानीय स्रोत तथा साधनको प्रभावकारी ढङ्गमा उपयोग गर्न र तिनको सही ढङ्गमा परिचालन गर्न सकिन्छ । मानवीय

श्रममुखी उत्पादन प्रक्रियाको तथा यससँग सम्वृद्ध क्षेत्रको विकासले ग्रामीण तहको विकास तथा आयको वितरणमा विशेष जोड दिन्छ (बोन्गार्ज, २०५४:१४-१५) ।

प्राचीन समयमा श्रमको बाँडफाड थियो । पुरुषहरू सिकारी गर्दथे भने महिलाहरू घरका कार्यमा सीमित रहन्थे । सिकारी सङ्कलित समयमा मानिसहरू समाजमा मिलेर कार्य गर्दथे । जब समाज विकसित रूपमा अघि बढ्दै गयो, तब समाज जटिल र विविधिकरणमा बढ्दै जाँदा मान्छेका आवश्यकता र चाहना बढ्दै गयो । त्यस्तै गरी समाज यान्त्रिक र जैविक रूपमा अघि बढी रहेको छ (अधिकारी, २०६३: ) ।

## २.३ पूर्व अध्ययनको समीक्षा

### २.३.१ नेपालका थामी जाति तथा अन्य केही जाति तथा जनजातिहरूमा पेसागत परिवर्तन

क्यापलन (१९७०) ले पूर्वी नेपालका लिम्बु जाति र अरू हिन्दु जाति बिचको सम्बन्धको बारेमा उल्लेख गरेका छन् । यस अध्ययनमा क्यापलनले लिम्बु जातिमा रहेको किपट भूमिका बारेमा पनि उल्लेख गरेका छन् । सरकारी निति, नियमले गर्दा लिम्बुहरूको क्षेत्रमा जब ब्राह्मण, क्षत्रीहरूले आफ्नो बसोबास विस्तार गरे त्यसपछि लिम्बुहरूको आफ्नो किपट भूमि पनि यिनीहरूबाट खोसियो अथवा रैकर गरि सकेपछि कतिपय लिम्बुहरू भूमिहीन अवस्थाका बारेमा उल्लेख गरेका छन् ।

अधिकारी (१९९३) ले दोलखा जिल्लाको बाब्रे गाविसका थामी जातिको अध्ययनमा थामी जातिहरू आर्थिक, शैक्षिक, राजनैतिक, स्थायी रोजगारीका रूपमा पछाडि परेको जनजाति भएको उल्लेख गरेका छन् । थामी जातिहरू आर्थिक रूपमा कमजोर भए तापनि सांस्कृतिक रूपमा धनी थामी जातिहरूको आफ्नै विशिष्ट संस्कृति, पेसा, चाडपर्व, संस्कार रहेको उल्लेख गरेका छन् । त्यस्तै (अर्याल र रिजाल (२०५८) ले थामी जातिहरूको शैक्षिक सहभागिता अध्ययनमा दोलखा जिल्लाको सबै थामीहरूको शिक्षाको अवस्था उल्लेख गरेका छन् । विशेषतः गरिबीको कारण, यातायात, विद्यालय टाढा भएको कारण, घरमा भाइ बहिनी हेर्नु पर्ने र भाषागत समस्या आदि कारणले थामी जातिहरूमा शिक्षाको पहुँच नपुगेको अवस्था उल्लेख गरेका छन् तर समयको परिवर्तनसँगसँगै शिक्षाको गुणस्तरमा वृद्धि, सरकारी नीतिले थामी जातिहरूमा भावी दिनहरूमा शिक्षाको पहुँच राम्रो हुने उल्लेख गरेका छन् ।

सेढाइ (२००३) का अनुसार थामी जातिको सामाजिक, आर्थिक अध्ययनमा उनीहरूको आर्थिक अवस्था कमजोर रहेको, जनजीवन साधारण, त्यहाँको मुख्य पेसा कृषि र हातले बनाउने माटाका भाडाकुडा रहेको अध्ययनले जनाएको छ । आधुनिक किसिमको प्रविधिभन्दा परम्परागत प्रविधिमा बढी निर्भर रहेको देखाएको छ । बच्चाहरू कम मात्रामा स्कुल गएको जसमा ४९ प्रतिशत मात्र लगातार स्कुल जाने गरेको अध्ययनले पुष्टि गरेको छ ।

परम्परागत पेसा परिवर्तनका सम्बन्धमा नेपालको एक प्रमुख जाति मगरको पनि अध्ययन पाइन्छ जसमा थापा (२००६) ले मगर जातिको परम्परागत पेसा भनेको कृषि, पशु पालन, घरेलु मदिरा उत्पादन गर्ने, हाते सामग्री तयार गर्ने जस्ता पेसाहरू उल्लेख गरेका छन् । थापाको अध्ययनमा मगरहरू पछिल्लो समयमा आधुनिकीकरण, सहरीकरण, शिक्षा आदिको प्रभावले उनीहरू आफ्नो पेसालाई परिवर्तन गरी आर्मी पेसामा संलग्न हुने, सरकारी सेवा, प्राविधिक र अप्राविधिक काममा संलग्न हुन पुगेको साथै शैक्षिक योग्यता हासिल गर्न विदेश जाने र उतै पलायन हुने अवस्था रहेको उल्लेख गरेका छन् । जुन उनले स्याङ्जा नगर पालिका वडा १० का मगरहरूको अध्ययनद्वारा प्रस्तुत गरेका थिए ।

लावती (२००७) ले थामी जाति आर्थिक रूपमा पछाडि परेको उल्लेख गरेका छन् । कृषिमा आधारित रहेर आफ्नो जीवन गुजारा गरेका सबैजसो थामी घरधुरीहरूसँग थोरै मात्रामा उब्जाउ भूमि रहेको उल्लेख गरेका छन् । थामीहरूले खाद्यान्न अभावको समस्या भोगि रहेका छन् । जब यिनीहरूको अधीनमा रहेको किपट भूमि थामीहरूबाट खोसियो त्यसपछि थामीहरूमा खाद्यान्नको अभाव सिर्जना भएको हो । त्यसै गरी थामीहरूको क्षेत्रमा अरू जातिहरूको प्रवेश भएपछि यिनीहरूले पनि आफ्नो संस्कृतिभन्दा ब्राह्मण, क्षत्री लगायतका जातिहरूको सस्कृति ग्रहण गर्न थालेका छन् । थामीहरू बढी संस्कृतीकरण भएको उल्लेख गरेका छन् ।

थामीहरूसँग भएको प्रशस्त किपट भूमिबाट प्राप्त खाद्यान्नले आफ्नो जीविकोपार्जन गर्दथे । थामीहरू आफ्नो परम्परागत पेसामा संलग्न थिए । थामीहरूले आफ्नो क्षमता र दक्षताले विभिन्न उपायद्वारा आफ्नो जीविकोपार्जन गरेको पाइन्छ । दोलखा जिल्लाको आलम्फु गाविस अझै पनि थोरै थामी सदस्यले लुगा बनाउने पेसा अपनाएका छन् । त्यस्तै बाँस, काठबाट विभिन्न घरेलु सामाग्रीहरू बनाएर निर्भर भएका थामी पुर्खाहरू आज आएर प्रविधिको विकास,

आधुनिकीकरण सँगसँगै थामीहरूको पुर्खाहरूको पेसा लोप हुने अवस्थामा छ (बुढाथोकी मगर, २००८) ।

एकजुट भई गरे के हुन्न भन्ने तथ्यलाई बाबरेका थामी समुदायले प्रयोगात्मक रूपमा माना पाथी पैसा र श्रमदानबाट स्थानीय स्तरमा नै उच्च मा.वि. सञ्चालन गरेर प्रमाणित गरेका कारण आज थामी जातिको मुहारमा चेतनाको मुस्कान देख्न पाइन्छ । आफ्नो रीतिरिवाज, खानपान र आफ्नै संस्कृति बोकेको थामी समुदायले आज शिक्षा क्षेत्रमा ठुलो उपलब्धी हासिल गरेको छ, आफ्नै गाउँमा उच्च मा.वि. सञ्चालन गरेर, सधैं झै गाउँ बेसी मेलापात गरि रहने थामी समुदायका सम्पूर्ण थामी जाति परम्परागत संस्कार र विश्वासलाई तोड्दै जन्मदेखि फरिया चोली अनि दौरा सुरुवालमा सजिने थामी जातिका छोराछोरी आज क्याम्पस पोशाकमा आफ्नै घरको सिस्नु ढिँडो खाएर निःशुल्क उच्च शिक्षा हासिल गर्न पाएका छन् । छोरीले पढ्नु हुन्न भन्ने अन्ध विश्वासलाई तोडी थामी समुदायका अभिभावकले छोरा र छोरी बराबरी हुन् भन्ने बुझेर उनीहरूलाई क्याम्पस पढ्न पठाएका छन् । छोरी पनि छोरा जस्तै काम गर्न सक्छन् तर अवसर भने दिनु पर्ने अभिभावकहरू बताउँदछन् । थामी जातिको उच्च श्रमलाई प्रोत्साहन गर्दै दोलखा जिविस र अरू गैरसरकारी संस्थाहरूले निकोभुमे उच्च माविलाई आर्थिक सहयोग उपलब्ध गराएका छन् । निकोभुमे उच्च माविलाई अझ राम्रो र व्यवस्थित बनाउन विगत झैं सबैको सहयोग पाएमा स्नातक तहसम्मको स्तरोन्नति गरिने र विज्ञान लगायतका महत्त्वपूर्ण सङ्काय पनि अध्यापन गराउन पहल गर्ने विद्यालय व्यवस्थापन समितिका अध्यक्ष चित्र बहादुर थामीले बताए (मेचीकाली डट कम:२०१०-५-९) ।

पान्डे (२०५१) ले थामी जातिहरू धेरै इमानदार, मेहेनती र सहयोगी भावनाका हुन्छन् भन्ने उल्लेख गरेका छन् । तिनीहरू विकासको प्रक्रियामा अन्य जातिहरूको तुलनामा पछि रहेको पनि यो अध्ययनले देखाएको छ ।

भरत प्रसाद पराजुली (२०५८) को अध्ययन अनुसार थामी जातिको आफ्नै विशिष्ट प्रकारको सांस्कृतिक परम्पराहरू रहेको र आफ्नै भाषा भए तापनि आधुनिकीकरण र पश्चिमीकरणको प्रभावले विस्तारै लोप हुँदै गएको र संस्कृति पनि प्रभावित बन्दै गएको कुरा उल्लेख गरिएको छ । यो जाति आर्थिक, राजनैतिक र शैक्षिक क्षेत्रमा निकै पछाडि परेको र परम्परागत प्रविधिमा रहेको कुरा पनि उल्लेख गरेको छ । आधुनिक भौतिक विकासले थामी समुदायको जीवनमा सुधारको सट्टा आर्थिक स्थितिमा नकारात्मक असर पुर्‍याएको, खर्चिलो

संस्कृतीकरणको प्रभावले गर्दा आर्थिक स्थितिमा गिरावट आएको कुरा पनि उल्लेख गरिएको छ ।

नेपाल खुल्ला अर्थतन्त्रमा प्रवेश गरे पश्चात् नेपाली बजारमा बहु राष्ट्रिय कम्पनीका उत्पादनहरूले प्रभुत्व जमाएका छन् । मौलिक र हस्तकलाको परम्परागत उत्पादनहरू विस्थापित भएकाले आदिवासी तथा दलितहरूले आफ्नो परम्परागत पेसा परित्याग गरी अन्य विकल्पको सामान्य गुजारा चलाउने पेसातर्फ मोडिन पुग्नुले उनीहरूको आर्थिक अवस्था थप जटिल र कष्टकर भइ रहेका छ (पौडेल, २०६५) ।

शर्मा (२०६८) ले बाग्लुङ जिल्लाको विनामारे गा.वि.स मा सार्की जातिको परम्परागत पेसाको परिवर्तनले सामाजिक, आर्थिक अवस्थामा पारेको प्रभावको अध्ययनमा परम्परागत पेसामा संलग्न अथवा हली पेसामा आबद्ध सार्की जातिहरू आफ्नो पेसा छाडी प्रायः सबै अरबी मुलुकमा काम गर्न गएको र पेसामा आएको परिवर्तनले सामाजिक, सांस्कृतिक अवस्थामा प्रभाव आइ रहेको छ भन्ने उल्लेख गरेका छन् साथै परम्परागत पेसामा आएको परिवर्तनले सार्की जातिको आर्थिक पक्षमा सबल भएको र सामाजिक पद्धतिमा अझै पनि सुधार आउन नसकेको उल्लेख गरेका छन् । त्यस्तै लामिछाने (२०६९) ले लेखनाथका गन्धर्व जातिको परम्परागत पेसामा परिवर्तनको अध्ययनमा के उल्लेख गरेका छन् भने गीत गाएर, सारङ्गी बजाएर र बिक्री वितरण गरेर आफ्नो जीवन गुजारा गरेका गन्धर्वहरूले वर्तमानमा यस्तो पेसाबाट जीवन चल्न कठिनाइ भएको र सामाजिक मर्यादामा पनि कमी भएकाले यी पेसा छाडेर स्वदेशी सेवा तथा निजी क्षेत्रमा रोजगारी व्यापार र वैदेशिक रोजगारी जस्ता आधुनिक पेसा उनीहरूको रोजाइको पेसा हुन पुगेको उल्लेख गरेका छन् । यसै गरी आधुनिक आम सञ्चारको प्रविधिले समेत परम्परागत लोक संस्कृतिलाई विस्तापन गर्न खोजेको छ जसलाई समय र विकासको फल मान्न सकिन्छ । आधुनिक पेसा अँगाल्ने गन्धर्व जातिको सामाजिक, आर्थिक, शैक्षिक तथा चेतनाको विकास भएको उल्लेख गरेका छन् ।


क्षत्री (२००८) ले हेम्जा गा.वि.स. को विश्वकर्मा जातिमा गरेको अध्ययनमा विश्वकर्माको परम्परागत पेसाका बारेमा उल्लेख गरेका छन् । विश्वकर्माको परम्परागत पेसा भनेको कृषिमा आवश्यक औजारहरू बनाएर बिक्री वितरण गर्नु, हली, बाउसेको काम गर्नु रहेको पाइन्छ । यसरी आफ्नो परम्परागत पेसाबाट आफ्ना आवश्यकताहरू पुरा नभएका कारणले विश्वकर्मा जातिले अरु नयाँ पेसाहरू विभिन्न सङ्घसंस्थाको सहयोगले संलग्न भएको उल्लेख

गरेका छन् । नयाँ पेसा अपनाउने विश्वकर्माको सामाजिक, आर्थिक स्थिति परम्परागत पेसामा संलग्न विश्वकर्माको भन्दा राम्रो रहेको उल्लेख गरेका छन् । यिनीहरू पनि वैदेशिक रोजगारमा संलग्न हुन प्रयासरत छन् । ९० प्रतिशत विश्वकर्माहरू बाहिर जान चाहन्छन् भन्ने उल्लेख गरेका छन् ।

बराल (२०७०) ले लेखनाथ नगर पालिकाको गन्धर्व जातिमा गरेको अध्ययनमा आफ्ना परम्परागत जीविकाका स्रोतहरू गायन, सारङ्गी निर्माण तथा बिक्री, माग्ने पेसा तथा माछा मार्ने कार्यबाट क्रमशः गन्धर्वहरू ज्याला मजदुरी तथा वैदेशिक रोजगारतर्फ आकर्षित हुँदै गएको पाइन्छ । शिक्षा, चेतनाको विकास, आधुनिक गीत सङ्गीतको प्रभाव, औद्योगिकीकरण, रोजगारीका अवसरहरू बढ्नुले परम्परागत पेसा सङ्कटमा आएको उल्लेख गरेका छन् । यसरी परिवर्तित हुने वृद्धहरू भन्दा युवाहरू बढी रहेको उल्लेख गरेका छन् ।

यसरी नेपालका केही जाति तथा जनजातिहरूको आर्थिक तथा परम्परागत पेसामा आएको परिवर्तनको पक्षलाई केन्द्रित गर्दै केही अध्ययनहरू भएको पाइन्छ, यद्यपि थामी जातिसँग माथि उल्लिखित भिन्न भिन्न अध्ययनहरूमा थामी जातिको शैक्षिक, सामाजिक, सांस्कृतिक, आर्थिक कुरा त थाहा हुन्छ तर परम्परागत पेसा र त्यसमा आएको परिवर्तन र यसका कारणहरूका बारेमा अध्ययन नभएको अवस्थामा यस अध्ययनले थामीहरूको पुर्खाहरूको पेसा, वर्तमानमा थामीहरू यस्तो पेसामा संलग्न छन् छैनन् र के कस्ता पेसामा आवद्ध छन् भन्ने जस्ता पक्षहरूको जवाफ पाउन मद्दत गर्नुको साथै थामी जाति र उल्लिखित पक्षलाई केलाउँदै तिनीहरूको उत्तर खोज्ने काम गरेको छ ।

## २.४ अवधारणात्मक खाका




चित्र नं. २.१: अवधारणात्मक खाका

चित्र २.१ का अनुसार थामीहरूको परम्परागत पेसालाई आधुनिकीकरण, सरकारी नीति, विकास, सञ्चारका साधनहरू शिक्षा आदि पक्षले निरन्तर प्रभाव पारिरहेको देख्न सकिन्छ । यी पक्षहरूको निरन्तर प्रभावका कारण थामी समुदायका सदस्यहरू आफ्ना पुर्खाहरूको पेसा छाडी अन्य पेसामा संलग्न भएको देख्न सकिन्छ । यसरी परिवर्तनसँगसँगै अवसर र चुनौतीहरू दुबै पाएको देख्न सकिन्छ । जसमा अवसरका रूपमा थामी समुदायका सदस्यहरूले रोजगारीका नयाँ अवसरहरू भेटेका देख्न सकिन्छ । त्यसै गरी शिक्षा, स्वास्थ्यमा पहुँच, आधुनिक जीवन शैली, आम्दानी तथा बचतमा वृद्धि, परम्परागत पेसाको रूपान्तरण गर्ने अवसर लगायत पहिलेको तुलनामा सामाजिक प्रतिष्ठा सुदृढ बन्दै गएको अवस्था भेट्न सकिन्छ । यसरी पेसागत परिवर्तनले थामी समुदायका सदस्यहरूको पारिवारिक तथा सामाजिक स्थिति राम्रो बन्दै गएको देख्न सकिन्छ । त्यस्तै चुनौतीका रूपमा थामीहरूको परम्परागत पेसाप्रति उदासिनता देखिनु परम्परागत सिप लोप हुँदै जानु, परम्परागत पेसालाई आवश्यक पर्ने कच्चा पदार्थको पहुँचमा कमी, न्युन आम्दानीले गर्दा परम्परागत पेसामा चुनौतीहरू देख्न सकिन्छ ।

# अध्याय तीन
# अनुसन्धान पद्धति

## ३.१ अध्ययन क्षेत्र छनौटको औचित्य

यस अध्ययनमा दोलखा जिल्लाको सुन्द्रावती गाउँ विकास समितिमा बसोबास गर्ने थामी जातिको बसोबास स्थललाई अध्ययन क्षेत्रका रूपमा लिइएको छ । उक्त क्षेत्र भीमसेन नगर पालिका अथवा सदर मुकामसँग जोडिएको गा.वि.स. तर पहाडी ग्रामीण परिवेशमा अवस्थित रहेको कारण यो क्षेत्रलाई अध्ययन क्षेत्रको रूपमा छनौट गरिएको छ । साथै सुन्द्रावती गा.वि.स.का थामीहरूको बस्तीलाई छानिनुका पछाडि अध्ययनकर्ताको रूचि र विगतका अनुसन्धानहरूमा यस क्षेत्रका थामी जाति र तिनिहरूको पेसागत परिवर्तनका बारेमा अध्ययनहरू नपाइएको अवस्थामा यस क्षेत्रलाई अध्ययन क्षेत्रका रूपमा छनौट गरिएको छ । त्यस्तै थामीहरू पिछडिएका जनजातिहरूको रूपमा चिनिन्छ, यिनीहरूको जीवनका सामाजिक, सांस्कृतिक पक्षहरूको अध्ययनहरू थोरै मात्रामा भएको पाइए तापनि यसभन्दा अगाडि थामी जातिहरूको पेसागत परिवर्तनसँग सम्बन्धित अध्ययनहरू नपाइएको अवस्थामा यस अध्ययनको उद्देश्य प्राप्त गर्न थामी जातिको छनौट गरिएको हो ।

खोरिया खेतीमा जीवन धानि राखेका थामी जातिका पुर्खाहरूको मुख्य पेसा कृषिसँग नै सम्बन्धित छ । यहाँका वनजङ्गल, जलस्रोत र जमिनबाट आफ्नो जीवन गुजारा गरि राखेका थामी जातिहरू बिस्तारै परिवर्तित र परिमार्जन हुँदै गएको अवस्थामा थामीहरूको पेसागत अभ्यास र यिनीहरूको जीवन यापनमा पेसाले पारेको प्रभावलाई उजागर गर्न यस अध्ययनमा थामी जातिको छनौट गरिएको हो ।

## ३.२ अनुसन्धान ढाँचा

यस अध्ययनमा थामी जातिको पेसागत परिवर्तन हेर्ने प्रयत्न गरिएको छ । यसरी थामी जातिको पेसागत परिवर्तनले तिनीहरूको पारिवारिक जीवनमा पारेको आर्थिक, सामाजिक परिवर्तनका पक्षमा अध्ययन गर्ने हुँदा वर्णनात्मक तथा विश्लेषणात्मक अनुसन्धान पद्धति यस अध्ययनका लागि उपयुक्त अनुसन्धान ढाँचा हो र यसैमा रहेर अनुसन्धान गरिएको छ ।

## ३.३ तथ्याङ्कको प्रकृति र स्रोत

यस अध्ययनको तथ्याङ्क सङ्कलनका क्रममा गुणात्मक र परिमाणात्मक दुबै प्रकृतिका तथ्याङ्क सङ्कलन गर्ने कार्य गरिएको छ । थामीहरूको पेसागत परिवर्तन, पुर्खाहरूले अपनाएको पेसा, वर्तमानमा अपनाएका पेसा, युवाहरूको वैदेशिक पेसाप्रति आकर्षण जस्ता पक्षको अध्ययनका लागि गुणात्मक प्रकृतिको तथ्याङ्क सङ्कलन सूचना, विभिन्न पेसामा संलग्नता जस्ता पक्षको अध्ययनका लागि परिमाणात्मक प्रकृतिको सूचना सङ्कलन गरिएको छ ।

**प्राथमिक सूचनाः** यस अध्ययनमा अनुसन्धानको उद्देश्य अनुसार प्राथमिक सूचना सङ्कलनका लागि घरधुरी सर्वेक्षण गरिएको छ । थामीहरूको पेसागत परिवर्तन र त्यसले पारेको प्रभावका पक्षहरूलाई बुझ्न हरेक घरधुरीको प्रमुख अथवा ऊ नभएको अवस्थामा प्रतिनिधि स्वरूप दोस्रो प्रमुखबाट सूचना सङ्कलन गरिएको छ । जसका लागि अन्तर्वार्ता अनुसूचि, अवलोकन विधिको प्रयोग गरिएको छ, साथै थामीहरूको इतिहास, बसाईसराई, पेसा, शिक्षा आदिको बारेमा थाहा पाउन मुख्य सूचनादातासँगको अन्तर्वार्ता विधिलाई पनि अवलम्बन गरिएको छ । जसबाट गुणात्मक तथा सङ्ख्यात्मक वा परिमाणात्मक दुबै तथ्याङ्क सङ्कलन गरिएको छ ।

**द्धितीयक सूचनाः** द्धितीयक प्रकृतिको सूचनाको क्रममा विभिन्न पुस्तक, लेख, रचना, पत्र पत्रिका, जन गणनाको तथ्याङ्क, प्रकाशित तथा अप्रकाशित सूचनाका साथै शोधपत्र, सङ्घसंस्था, गाविस आदिको सहयोग लिइएको छ ।

## ३.४ अध्ययनको समग्रता र नमुना छनौट

दोलखा जिल्लामा करिब ३५०० थामी घरधुरीमा १६७१५ जना थामीहरूको बसोबास रहेको छ । जसमध्ये सबैभन्दा बढी थामी घरधुरी सुस्पाक्षमावती गाविसमा रहेको छ जसमा ५३० थामी घरधुरी रहेको छ । सुस्पाक्षमावतीलाई थामीहरूको उद्गम स्थलका रूपमा लिइन्छ । सुन्द्रावतीमा थामी घरधुरी २७७ रहेको छ (जिविस २०६८) । (यद्यपि स्थलगत अध्ययनका क्रममा सुन्द्रावती गाविसमा थामी घरधुरी २५३ रहेको देखिन्छ) । थामीहरूको पेसागत परिवर्तनका बारेमा अध्ययनहरू नपाइएको र सुन्द्रावतीका थामीहरूको अध्ययन नभएको अवस्थामा यस अध्ययनको उद्देश्य प्राप्त गर्न थामी जातिको छनौट गरिएको हो । यस

अध्ययनको उद्देश्य प्राप्त गर्न सम्पूर्ण सुन्द्रावती गाविसका २५३ थामी घरधुरीहरूलाई दैवी नमुना छनौट विधिबाट ५० प्रतिशत अथवा १२७ थामी घरधुरीका घरमूली थामी सदस्यहरूलाई उत्तरदाताका रूपमा लिइएको छ ।

## ३.५ तथ्याङ्क सङ्कलन विधि

अध्ययन अनुसन्धान गर्दा तथ्याङ्कको बढी आवश्यकता पर्दछ । तसर्थ अध्ययनको उत्कृष्ट परिणामका लागि त्यस अध्ययनमा अपनाइएको तथ्याङ्क सङ्कलन विधिमा निर्भर गर्दछ । त्यसैले अनुसन्धानलाई सत्य तथ्य बनाउन, मर्यादित, वैज्ञानिक र विश्वसनीय बनाउनका लागि अनुसन्धानको आचार संहिताको पालना गर्दै यस अनुसन्धानलाई तार्किक निष्कर्षमा पुऱ्याउन निम्न विधिको प्रयोग गरिएको छ :

### ३.५.१ अन्तर्वार्ता अनुसूची

"अन्तर्वार्ता अनुसूची संरचित अन्तर्वार्ताका क्रममा अन्तर्वार्ताका लागि बनाइएको निर्देशिका सूची हो, जसमा अन्तर्वार्ताका क्रममा के प्रश्न सोध्ने, कसरी सोध्ने भन्ने जस्ता कुराहरूको समावेश गरी प्रश्नहरूलाई विषय वस्तुका आधारमा क्रमबद्ध र स्पष्ट मिलाएर राखिएको हुन्छ" (फलोएड र फ्लोलर, २००४) । यस अध्ययनमा पनि अध्ययनको उद्देश्य पूर्तिका लागि  अध्ययन क्षेत्रमा रहेका थामी जाति र सम्बन्धित जानकार व्यक्तिहरूलाई अन्तर्वार्तामा सहभागी गराइएको छ । अन्तर्वार्ताका क्रममा उत्तरदातासँग संरचित खुल्ला र बन्द दुबै किसिमका प्रश्नहरू सोध्ने कार्य भएको थियो, जसबाट अनुसन्धानको उद्देश्य अनुरूप गुणात्मक र परिमाणात्मक दुबै सूचनाको सङ्कलन गरिएको छ :

### ३.५.२ अवलोकन विधि

यस अध्ययनको उद्देश्य अनुरूप थामीहरूको पेसागत अवस्था बुझ्न अनुसन्धानकर्ता स्वयम् अध्ययन स्थलमा उपस्थित भई उनीहरूसँगै बसेर प्रश्नहरू सोध्ने र सँगसँगै प्रश्नहरूबाट, छलफलद्वारा थाहा नभएको कुराहरू सहभागी अवलोकन विधिबाट उनीहरूको घरको अवस्था, लवाईखुवाई, दैनिक दिनचर्या आदि जस्ता पक्षहरूका बारेमा बुझ्नका लागि अध्ययन क्षेत्रको प्रत्यक्ष अवलोकन गर्ने कार्य भएको थियो ।

### ३.५.३ मुख्य सूचनादातासँगको अन्तर्वार्ता

मुख्य सूचनादाताहरू ती हुन्, जुन व्यक्तिका सामाजिक स्थिति अध्ययनका क्रममा सम्बन्धित विषय वस्तुका लागि विशेष ज्ञान भएको र त्यस विषय वस्तुको लागि विशेष महत्त्व हुने खालको हुन्छ र उक्त व्यक्तिलाई अध्ययनको विषय वस्तुका लागि आवश्यक सूचना दिन सक्ने मुख्य स्रोतका रूपमा लिइन्छ । यस अध्ययनका क्रममा पनि अनुसन्धानको उद्देश्यलाई ध्यानमा राख्दै थामीहरूको सामाजिक, आर्थिक, सांस्कृतिक तथा जनसाङ्ख्यिकीय तथा पेसागत, सिप जस्ता पक्षका बारेमा थाहा पाउन महिला स्वयम्सेविका, थामी समूहका जेष्ठ व्यक्ति गरी जम्मा २ जनालाई उद्देश्यमूलक नमुना छनौटका आधारमा मुख्य सूचनादाताको रूपमा लिँदै अध्ययनको उद्देश्य अनुरूप उनीहरूको अन्तर्वार्ता लिइएको छ ।

## ३.६ तथ्याङ्कको प्रस्तुतीकरण र विश्लेषण

अध्ययनका क्रममा अनुसन्धानको उद्देश्य अनुसार गुणात्मक तथा सङ्ख्यात्मक दुबै तथ्याङ्कहरूको विश्लेषण गरिएको छ । तथ्यहरूको प्रकृति हेरेर गुणात्मक तथ्याङ्कहरूलाई आवश्यक मात्रामा विश्लेषण र वर्णन गरिएको छ भने अध्ययनका क्रममा प्राप्त विभिन्न परिणात्मक तथ्याङ्कलाई आवश्यक अनुसार तालिका तथा चित्रमा प्रस्तुत गर्दै तिनीहरूको आवश्यकता अनुसार वर्णनात्मक र विवरणात्मक रूपमा विश्लेषण गरिएको छ ।


# cWofo rf/

# cWoog If]qsf ;fdflhs, ef}uf]lns / hg;fª\lVos ljz]iftfx¿

## ४.१ सुन्द्रावती गाउँ विकास समितिको परिचय र नामकरण

सुन्द्रावती गाउँ विकास समिति नेपालको मध्यमाञ्चल विकास क्षेत्र अन्तर्गत जनकपुर अञ्चल दोलखा जिल्लाका ५१ गाउँ विकास समितिमध्ये सदर मुकाम भीमेश्वर नगर पालिकासँग सिमाना जोडिएको गा.वि.स. हो । २०१९ सालदेखि २०३८ सालको गाउँ पञ्चायत विभाजनमा सुस्पाक्षमावती गाउँ पञ्चायतको केही भाग र सुनखानी गा.वि.स.को एउटा वडा मिलाई सुन्द्रावती गाउँ पञ्चायत गठन गरियो र नयाँ पञ्चायतका रूपमा सुन्द्रावती गाउँ पञ्चायत कायम गरियो । २०४६ पछिको राजनीतिक परिवर्तन पछि सोही गाउँ पञ्चायत गाउँ विकास समितिका रूपमा परिवर्तन भई हालसम्म पनि सुन्द्रावती नामबाटै परिचित छ । सदर मुकाम चरिकोटबाट करिब १७ किलो मिटर उत्तरतर्फ अवस्थित सुन्द्रावती गा.वि.स. जिल्लाको राजनैतिक विभाजनमा निर्वाचन क्षेत्र नम्बर दुई तथा इलाका नम्बर ९ मा पर्छ । गा.वि.स. नौ वटा वडामा विभाजित छ (सुन्द्रावती गाउँ विकास समिति २०६८) ।

यो गा.वि.स.को नामकरण यही गा.वि.स.को वडा नं. ८ मा अवस्थित प्रसिद्ध शक्ति भगवती सुन्द्रावती नाम गरेकी देवीका नामबाट राखिएको पाइन्छ । सुन्द्रावती भनेर नामकरण हुनु अगाडि यस क्षेत्रलाई डुमकोट भनेर चिनिन्थ्यो । डुमकोट नाम रहनाको तथ्य भने ऐतिहासिक छ । राणाकालीन समयमा डिकु तलेजु मन्दिरमा नगरा बजाए बापत दमाईहरूलाई तत्कालीन राणा शासकहरूले विर्ता स्वरूप जमिन दिएकामा उक्त विर्ता सञ्चालन गर्नका लागि एक कार्यालयको आवश्यक परी कोटको स्थापना गरिएको थियो । दमाई जातिहरूलाई डुम भनेर सम्बोधन गरिने उसबेलाको चलन अनुसार उक्त डुम जातीको जग्गाको कार्यालय अर्थात् कोटबाट ठाउँको नाम नै डुमकोट रहन गएको देखिन्छ । अहिलेसम्म हालको वडा ७ मा पर्ने सेराबैँसी भन्ने ठाउँ डिकु तलेजु गुठी चलाउने गरी दमाईहरूको जग्गाको रूपमा कायम छ । मुख्यतः थामी ब्राह्मण तथा क्षत्री जातिहरूको बसोबास रहेको यस गा.वि.स.का बासिन्दाको मुख्य पेसा कृषि नै रहेको छ (स्थानीय गोपीलाल थामी, २०७०) ।




चित्र ४.१: दोलखा जिल्लाको नक्सा

## ४.२ भौगोलिक स्थिति र सिमाना

२७° ४२' उत्तरदेखि करिब २७° ४४' उत्तरी अक्षाङ्श र ८६° २' पूर्वदेखि ८६° ५' पूर्वी देशान्तरमा रहेको यो गा.वि.स. समुन्द्री सतहको करिब १२०० मिटरदेखि झन्डै ३५०० मिटरसम्मको उचाइमा रहेको छ । नापी विभागको अभिलेख अनुसार गा.वि.स.को कुल क्षेत्रफल करिब १२ वर्ग कि.मी. छ भने जिल्ला नापी कार्यालयले नापी गरेको कूल जमिन भने १०५५ हेक्टर छ । जिल्ला वन कार्यालयको अभिलेख अनुसार यस गा.वि.स.को कूल वनक्षेत्र मध्ये करीब २४० हेक्टर वन क्षेत्र समूह गठन गरी हस्तान्तरण गरिएको छ । गा.वि.स.को पूर्वतर्फ सुनखानी गा.वि.स. पश्चिमतर्फ सुस्पाक्षमावती गा.वि.स, उत्तरतर्फ लापिलङ गाविस र दक्षिणतर्फ भीमेश्वर नगर पालिका पर्दछ (सुन्द्रावती गा.वि.स. २०६८) ।

## ४.३ अध्ययन क्षेत्रको जाति तथा जातीय आधारमा जनसङ्ख्या

नेपाली समाज बहु भाषिक, बहु सांस्कृतिक, बहु धार्मिक, जातजाति, जनजाति एवम् आदिवासीहरूको सङ्गम स्थल हो । नेपाललाई चार वर्ण छत्तिस जातको फुलबारीका रूपमा पनि चिनाइएको छ । यहाँ १२५ जाति, जनजातिको बसोबास रहेको पाइन्छ । नेपालमा आफ्नै सामाजिक, सांस्कृतिक तथा धार्मिक पृष्ठभूमि भएका जातीय, जनजातीय तथा आदिवासी समूहहरू छन् । नेपाल आकारमा सानै भए पनि विश्व मानव समुदायमा विविध सामाजिक तथा सांस्कृतिक परिदृश्यहरू भएको देश हो । नेपाल जस्तै सुन्द्रावती गाविसमा पनि विविध जातजाति, जनजाति बसोबास गर्दछन् । यस गा.वि.स.मा क्षत्री, ब्राह्मण, कामी, दमाई, थामी आदि जातजाति एवम् जनजातिहरू बसोबास गर्दछन् जसलाई निम्न तालिकामा प्रस्तुत गरिएको छ :

**तालिका ४.१: सुन्द्रावती गा.वि.स. को जातीय आधारमा जनसङ्ख्या विवरण**

| जातजाति | जनसङ्ख्या | प्रतिशत |
|---|---|---|
| क्षत्री | २९१ | १०.५ |
| ब्राह्मण पहाडी | ९८९ | ३५.८ |
| कामी | ३५ | १.३ |
| दमाई | २१ | ०.८ |
| ठकुरी | ६१ | २.२ |
| सार्कि | २३ | ०.८ |
| ब्राह्मण तराई | १७ | ०.६ |
| थामी | १३२१ | ४७.८ |
| अन्य | ८ | ०.३ |
| जम्मा | २७६६ | १००.०० |

स्रोतः गाउँ विकास समितिको कार्यालय, सुन्द्रावती (२०६८)

यस गाउँ विकास समिति अन्तर्गत सबैभन्दा बढी जातीय सङ्ख्या थामी जातिको रहेको छ, जुन १३२१ अर्थात् ४७.८ प्रतिशतको सङ्ख्यामा रहेको छ । दोस्रो ठुलो सङ्ख्यामा ब्राह्मण पहाडीको स्थान रहेको छ, जुन ९८९ अर्थात् ३५.८ प्रतिशत को सङ्ख्यामा रहेको छ । सबैभन्दा कम सङ्ख्यामा रहेको जाति ब्राह्मण तराई हो र यिनीहरूको कुल सङ्ख्या १७ अर्थात् ०.६ प्रतिशत रहेको देखिन्छ । त्यसै गरी क्षत्रीको जनसङ्ख्या २९१ अर्थात् १०.५ प्रतिशत रहेको छ, त्यसै गरी कामी, दमाई, ठकुरी, सार्कीको जनसङ्ख्या क्रमशः ३५ अर्थात् १.३ प्रतिशत, २१ अर्थात् ०.८ प्रतिशत, ६१ अर्थात् २.२ प्रतिशत, २३ अर्थात् ०.८ प्रतिशत रहेको छ र अन्यमा ८ जना अर्थात् ०.३ प्रतिशत जनसङ्ख्या रहेको छ । यसरी यस गाविसमा विभिन्न जातजाति, जनजातिहरू मिलेर बसेको देखिन्छ । यति सानो गाविसमा जातीय विविधता देखिन्छ र विविधता भइकन पनि एक आपसमा सहयोगको भावना देखिन्छ साथै एकतामा आबद्ध भएको कुरा अध्ययनका क्रममा देखिन्छ ।

## ४.४ सुन्द्रावती गाविसको वडा अनुसार जम्मा घरधुरी तथा जनसङ्ख्या

यस शोधपत्र तयार गर्ने प्रयोजनका लागि गाउँ विकास समितिको प्रोफाइलको आधारमा वडा स्तरीय घरधुरी तथा जनसङ्ख्या निम्न बमोजिम छ ।

**तालिका ४.२: सुन्द्रावती गाविसको वडा अनुसार जम्मा घरधुरी तथा जनसङ्ख्या**

| वडा | घरधुरी | प्रतिशत | पुरुष | प्रतिशत | महिला | प्रतिशत | जम्मा जनसङ्ख्या | जम्मा जनसङ्ख्या प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|
| १ | ७५ | ११.१ | १३२ | १० | १४४ | १० | २७६ | १० |
| २ | ७७ | ११.४ | १४१ | १०.७ | १५५ | १०.७ | २९६ | १०.७ |
| ३ | ४९ | ७.२ | ९३ | ७.० | ८५ | ५.९ | १७८ | ६.४ |
| ४ | ५३ | ७.८ | ९० | ६.८ | १०८ | ७.५ | १९८ | ७.२ |
| ५ | ६९ | १०.२ | १०२ | ७.७ | १३९ | ९.६ | २४१ | ८.७ |
| ६ | ८५ | १२.६ | २०४ | १५.४ | २२५ | १५.६ | ४२९ | १५.६ |
| ७ | ७० | १०.३ | १४१ | १०.७ | १४८ | १०.२ | २८९ | १०.४ |
| ८ | ७९ | ११.७ | १६० | १२.१ | १७५ | १२.१ | ३३५ | १२.१ |
| ९ | १२० | १७.७ | २५९ | १९.६ | २६५ | १८.४ | ५२४ | १८.९ |
| जम्मा | ६७७ | १०० | १३२२ | १०० | १४४४ | १०० | २७६६ | १०० |

स्रोतः गाउँ विकास समितिको कार्यालय, सुन्द्रावती २०६८

यस गाउँ विकास समितिको घरधुरी सङ्ख्या ६७७ रहेको छ । जसलाई वडागत रूपमा अध्ययन गर्दा सबैभन्दा बढी घरधुरी वडा ९ रहेको छ । जसमा १२० घरहरू अर्थात् १७.७ प्रतिशत घरधुरीहरू छन् भने सबैभन्दा कम घरसङ्ख्या वडा नं. ३ मा ४९ घरहरू अर्थात् ७.२ प्रतिशत घरधुरीहरू रहेको छ । त्यसै गरी यस गाउँ विकास समितिको ९ वटा वडाहरूमध्ये सबैभन्दा बढी जनसङ्ख्या भएको वडा नं. ९ रहेको छ, जसमा ५२४ जनसङ्ख्याले बसोबास गर्दछन् र पुरुष २५९ अर्थात् १९.६% छन् भने महिला २६५ अर्थात् १८.४ प्रतिशत रहेको पाइन्छ । ९ वटा वडाहरू मध्ये सबैभन्दा कम जनसङ्ख्या भएको वडा ३ रहेको छ, जसको कुल जनसङ्ख्या १७८ रहेको छ र पुरुष ९३ जना अर्थात् ७.० प्रतिशत

छन् भने महिला ८५ जना अर्थात् ५.९ प्रतिशत रहेको पाइन्छ सुन्द्रावतीको सबै वडाहरू मध्ये वडा ३ मा मात्र महिलाको भन्दा पुरुषको जनसङ्ख्या बढी देखिन्छ ।

## ४.५ सुन्द्रावती गाविसको शैक्षिक स्थिति

कुनै पनि स्थानको शैक्षिक स्थितिले उक्त ठाउँको हरेक स्थितिलाई निर्धारण गर्दछ । देश विकासको लागि चाहिने मानवशक्ति शैक्षिक क्रियाकलापमा भर पर्दछ । साक्षर ती मानिसहरू हुन् जो ६ वर्षभन्दा माथिका छन्, जो आफ्नो जुनसुकै भाषामा लेख्न र पढ्न सक्दछन् ( नेपाल, २०१२) । शिक्षाले नै मानिसलाई विवेकी र बौद्धिक समृद्धि प्रदान गर्दछ । नेपालको सन्दर्भमा शिक्षालाई हेर्ने हो भने शहरको शैक्षिक स्थिति भन्दा ग्रामीण क्षेत्रका शैक्षिक स्थिति निकै खस्कदो छ । शिक्षाकै लागि कतिपय मानिसहरू सहरीतर बसाइसराई गर्दछन् । ग्रामीण क्षेत्रका विद्यालयहरूमा भौतिक पक्ष कमजोर, शैक्षिक तथा प्रशासनिक पक्षहरू कमजोर, सामाजिक, साँस्कृतिक, भौगोलिक तथा भाषिक कारणले शिक्षाको स्तरमा प्रभाव पारि रहेको हुन्छ । जस्तै सांस्कृतिक तथा भाषिकको कुरा गर्दा आदिवासी जनजातिको भाषा र सँस्कृति फरक छ, मूलधारका विद्यार्थी भन्दा आफ्नो भाषा र संस्कृति भिन्न भएकै कारण आदिवासी समुदायका विद्यार्थीहरू परीक्षामा असफल हुने, एउटै कक्षा दोहोऱ्याएर पढ्नु पर्ने, तह पार गर्न बढी समय लाग्ने र अन्ततः पढाइ नै छाड्ने सम्मको समस्या पैदा हुन्छ । त्यसै गरी ग्रामीण क्षेत्रमा विद्यालय पढ्न जान टाढा भएको कारण पनि कतिपय बालबालिका शिक्षाबाट वञ्चित भएको देखिन्छ । समयको गतिसँगै सरकारले विभिन्न तरिकाबाट शिक्षालाई माथि उठाउने प्रयासमा लागि रहेको छ । यसले गर्दा पनि शिक्षामा राम्रो प्रगति भएको देखिन्छ । प्रौढ शिक्षालाई जोड दिएको छ यसै कारणले पनि साक्षरता दर बढेको देखिन्छ । सुन्द्रावती गाविसमा पनि पहिलेको भन्दा शिक्षामा राम्रो प्रगति भएको देखिन्छ तर सहरको तुलनामा भने निकै नै पछाडि छ । यस गाविसको शैक्षिक स्थितिको विवरण निम्नानुसार रहेको छः

**तालिका ४.३ : सुन्द्रावती गाविसको शैक्षिक स्थिति**

| **जनसङ्ख्या** | **पढ्न लेख्न जान्ने** | **पढ्न जान्ने** | **केही नजान्ने** | **जम्मा जनसङ्ख्या** | **साक्षरता %** |
|---|---|---|---|---|---|
| जम्मा जनसङ्ख्या | १७४३ | ५६ | ७५१ | २५५८ | ६८.१४ |
| पुरुष | ९३४ | २० | २५७ | १२१३ | ७७.०० |
| महिला | ८०९ | ३६ | ४९४ | १३४५ | ६०.१५ |

स्रोतः गाउँ विकासको समितिको कार्यालय, २०६८

तालिका ४.३ का अनुसार सुन्द्रावती गाविसमा पढ्न लेख्न जान्ने १७४३ भएको पाइन्छ जसमा पुरुष ९३४ र महिला ८०९ पाइन्छ । नेपालको कुल शैक्षिक स्थिति जस्तै सुन्द्रावतीमा पनि महिला भन्दा पुरुष लेख्न पढ्न जान्ने भएको देखिन्छ । त्यसै गरी पढ्न मात्र जान्ने जनसङ्ख्या ५६ छ, जसमा पुरुष २० र महिला ३६ रहेको पाइन्छ र केही पनि नजान्ने जनसङ्ख्या ७५१ रहेको पाइन्छ, जसमा पुरुष २५७ छन् भने महिला ४९४ रहेको पाइन्छ । सुन्द्रावती गाविसको साक्षरता दर हेर्ने हो भने कुल जनसङ्ख्या मध्ये ६८.१४ प्रतिशत जनसङ्ख्या साक्षर रहेको पाइन्छ । जसमा पुरुष ७७.०० प्रतिशत छन् भने महिला ६०.१५ प्रतिशत रहेको पाइन्छ । महिलाभन्दा पुरुष साक्षरता दर बढी रहेको पाइन्छ ।

# cWofo kf”r


# yfdL ;d'bfosf] ;fdflhs cj:yf

हिन्दु वर्णाश्रम व्यवस्थाले थामी जातिलाई पानी चल्ने तर तल्लो जातको मानेको पाइन्छ । पहिला ब्याधा, कसाही, धोबी, कामी, दमाई, सार्की, मुसलमान, इसाई जस्तै थामीलाई पनि अस्पृश्य मानिन्थ्यो (शर्मा २०४९) । सन् १८५३ मा जात विशेषको दण्ड सजाय तोकिएको मुलुकी ऐन बने पश्चात् विविध रूपमा जनजातिहरूलाई हिन्दु वर्ण व्यवस्था अनुसार ब्राह्मण, क्षत्री र वैश्यभन्दा तल तर पानी नचल्ने (अछुत) जातभन्दा माथि मानिने मतवाली वर्गमा राखियो । यसै अनुसार अहिले पनि थामी जातिलाई पानी चल्ने मतवाली मानिन्छ । यिनीहरू अन्य जातका मानिसहरूको घरमा बस्न पाउँदछन् तर बाहुन, क्षत्रीहरू यिनीहरूले पकाएको खाना खाँदैनन् (तामाङ, २०५६) । तर वर्तमान अवस्थामा थामीहरूको सामाजिक अवस्था राम्रो देखिन्छ, शिक्षा सञ्चारका साधनको पहुँचले थामी जाति र अन्य जातिमा चेतनाको वृद्धि हुँदा आपसी भेदभाव र  ठुलो र सानो जात भन्ने अवस्था देखिँदैन । त्यसै गरी ब्राह्मण, क्षत्रीको बसोबास थामीहरूको क्षेत्रमा हुँदा थामीहरू विस्तारै आफ्नो धर्म प्रकृतिपुजन (बोन्बो), धामी झाँक्रीलाई पछाडि पार्दै हिन्दु धर्म र संस्कृतिको अनुसरण गरेको देखिन्छ ।

## ५.१ जेन्डर/लिङ्गको वितरण

लिङ्गले स्त्री र पुरुषको प्राकृतिक संरचनालाई बुझाउँछ । जैविक विशेषतालाई झल्काउँछ । यो स्थिर प्राकृत र नैसर्गिक हुन्छ । त्यसै गरी जेन्डर भन्नाले त्यस्तो अवधारणा हो जुन सामाजिक, सांस्कृतिक रूपले निर्माण भएको हुन्छ । हरेक समाजमा महिला र पुरुषले निर्वाह गर्नु पर्ने भूमिका अलगअलग हुने गर्दछ भने लिङ्गका आधारमा महिला र पुरुष दुबैबाट समाजले केहि अपेक्षा गरेको हुन्छ वास्तवमा त्यही अपेक्षाकृत भूमिका नै जेन्डर हो । सामान्य अवस्थामा यी दुबै शब्दलाई एकै अर्थमा प्रयोग गरेको पाइन्छ । तर लिङ्ग प्राकृतिक जन्मजात निर्धारण भएर आउँछ भने जेन्डर/लिङ्गका आधारमा व्यक्तिसँग जोडिएर आउने सांस्कृतिक, सामाजिक, मूल्य, मान्यता भूमिका तथा विशेषताहरूको समष्टिगत रूप हो (चौलागाई, प्रोखेल, सापकोटा २०६०) । थामी जातिमा महिलाले पनि पुरुष सरह नै काम गरी आफ्नो घर व्यवहार चलाउन मद्दत गरेको अध्ययनका क्रममा देखिन्छ । यस क्षेत्रमा लैङ्गिक

असमानता भन्दा समानता बढी देखिन्छ, महिलाले पनि पुरुष सरह घरमुलीका रूपमा आफूलाई स्थापित गरेको अध्ययनका क्रममा देखिन्छ । यस अध्ययनमा लिङ्गका आधारमा उत्तरदाताहरू निम्न अनुसार रहेका छन्:




**चित्र ५.१: लिङ्गका आधारमा उत्तरदाताको विवरण**

यस अध्ययनमा जम्मा १२७ घरधुरीमा, घरधुरी प्रमुख अथवा उसको प्रतिनिधिका रूपमा प्रति घरधुरी १/१ जनाको दरले जम्मा १२७ जना थामीहरूलाई उत्तरदाताका रूपमा छनौट गरिएको छ । १२७ जना थामीहरू मध्ये पुरुष ८९.०० प्रतिशत अर्थात् ११३ जना रहेका छन् र महिला उत्तरदाता कुल उत्तरदाताको ११.०० प्रतिशत अर्थात् १४ जना रहेको छन् । नेपाली संरचना अनुसार घरमुलीका रूपमा पुरुष नै बढी रहेको पाइन्छ त्यसै गरी जनजातिमा महिला र पुरुष समान मानिए तापनि पुरुषकै नाममा बढी संगठित र संरचित भएको पाइन्छ । उपरोक्त घरधुरीहरूमा पनि पुरुषकै बढी बाहुल्य रहेको पाइन्छ । यसरी घरधुरी प्रमुख वा उसको अनुपस्थितिमा उसको प्रतिनिधि स्वरूप उक्त घरधुरीको दोस्रो प्रमुख व्यक्तिसँग अन्तर्वार्ता लिएर यस अनुसन्धानलाई अगाडि बढाइएको छ ।

## ५.२ थामी समुदायमा उमेर समूहको स्थिति

सामान्यतया जन गणना वा सर्वेक्षणमा व्यक्तिको अन्तिम जन्मदिनलाई उसको उमेर मानिन्छ । उमेर समूहका आधारमा जनसङ्ख्याको वितरणको स्थितिले कुन उमेर समूहका मानिस कति छन् पत्ता लगाउन मद्दत गर्नुका साथै कार्यशील जनसङ्ख्या, आर्थिक दृष्टिले

सक्रिय वा निस्कृय जनसङ्ख्या, पेसा, श्रमशक्ति जस्ता विविध पक्षका बारेमा चर्चा गर्न मद्दत गर्दछ । सामान्यतया कुनै पनि पेसामा आबद्ध हुने उमेर अथवा आर्थिक उत्पादनका हिसाबले १६-६५ सम्मका मानिसहरूलाई कार्यशील जनशक्ति मानिन्छ भने ०-१५ र ६५ वर्ष भन्दा माथिका उमेर समूहका मानिसलाई उत्पादनका हिसाबले आश्रित मानिए पनि यस्ता उमेर समूहका मानिसहरूको भूमिका पनि निकै महत्त्वपूर्ण हुन्छ । थामी जातिमा पनि आश्रित मानिसले आफूले सक्दो काम गरेर घर परिवार चलाउन मद्दत गरेको देखिन्छ । यसैलाई आधार मानि स्थलगत अध्ययनका क्रममा १६ वर्षभन्दा माथिका थामीहरूलाई उत्तरदाताका रूपमा लिइएको छ ।

**तालिका ५.१: उमेर समूहको आधारमा उत्तरदाताहरूको वितरण**

| उमेर समूह | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| १६-२५ | २ | १.६ |
| २६-३५ | ४० | ३१.५ |
| ३६-४५ | ४० | ३१.५ |
| ४६-५५ | १७ | १३.४ |
| ५६-६५ | १६ | १२.६ |
| ६५ भन्दा माथि | १२ | ९.४ |
| जम्मा | १२७ | ०.८ |

स्रोतः स्थलगत अध्ययन २०७०

माथिको तालिका अनुसार उमेर समूह, घर प्रमुख थामीहरूको उमेर समूह अथवा उत्पादनका हिसाबले सक्रिय थामी उमेर समूह हो । सक्रिय मानिने उमेर समूह १६-२५ वर्ष, २६-३५ वर्ष, ३६-४५ वर्ष, ४६-५५ वर्ष र ५६-६५ वर्षका थामीहरू क्रमशः १.६ प्रतिशत, ३१.५ प्रतिशत, ३१.५ प्रतिशत, १३.४ प्रतिशत र १२.६ प्रतिशत थामीहरू देखिन्छ, १६-६५ उमेर समूहका थामीहरू ९०.६% रहेको देखिन्छ । जनसङ्ख्याका हिसाबले ९०.६ प्रतिशत थामीहरू आर्थिक रूपमा सक्रिय उमेर समूह अर्न्तगत रहेको देखिन्छ तर पनि थामी समुदायमा ६५ वर्षभन्दा माथिका मानिसहरू पनि व्यापार, डोको नाम्लो तथा अरू घरेलु सामग्री  तयार गरी बेचबिखन गर्ने काममा संलग्न रहेको देखिन्छ । सुन्द्रावती ६ का जेष्ठ थामी वर्ष ७८ का गोपीलाल थामी उदाहरण हुन् ।

## ५.३ धर्मको अवस्था

धर्म एउटा विश्वासको प्रणाली हो । जहाँ कुनै न कुनै धर्ममा केही न केही वस्तुहरूलाई प्रतीकात्मक अर्थ दिई यसप्रति विश्वास बढाइन्छ । मेलिनोवस्कीका अनुसार धर्म भनेको विश्वासको  व्यवस्थाका साथै समाजशास्त्रीय घटना क्रम हो (मेकाइबर एन्ड पेज १९७४) । धार्मिक व्यवहार, विश्वास र क्रियाकलाप भने विभिन्न धार्मिक समूह तथा उपसमूहमा फरक फरक हुन्छ ।

थामी जातिको पनि आफ्नो छुट्टै धार्मिक विश्वास छ । थामी पुर्खा जुन समयदेखि एकत्रित भई बसोबास गर्दथे । त्यति बेलादेखि नै यिनीहरू प्रकृत धर्म मान्दै आएको पाइन्छ जसलाई बोन्बो धर्म पनि भनिन्छ तर अहिले आएर यिनीहरू बिस्तारै संस्कृतीकरण हुँदै छन् । यिनीहरूको आफ्नो कुनै धार्मिक ग्रन्थ नहुँदा कुनै पनि कर्मकाण्ड, संस्कार गर्दा कसैले ब्राह्मण, पण्डित बोलाएर गर्दछन् भने कसैले बौद्धलामाबाट आफ्नो संस्कार चलाएका छन् ( थामी, २०६१) । थामी युवा पिडीमा पनि आफ्ना पुर्खाहरूको धर्ममा भन्दा अरू धर्मप्रति झुकाव राख्नाले थामीहरूको धर्ममा विविधता आएको देखिन्छ ।

**तालिका ५.२: धर्मका आधारमा उत्तरदाताहरूको वितरण**

| धर्म | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| हिन्दु+प्रकृत | ७२ | ५६.७ |
| हिन्दु | ४९ | ३८.६ |
| बौद्ध | ४ | ३.१ |
| क्रिस्चियन | २ | १.६ |
| जम्मा | १२७ | १००.०० |

स्रोतः स्थलगत अध्ययन, २०७०

उपर्युक्त तालिकामा उल्लेख भए अनुसार हिन्दु+प्रकृत धर्म अपनाउने ७२ जना अथवा ५६.७ रहेको देखिन्छ । यिनीहरू उभौली, उद्यौली+दशै, तिहार पनि मनाउने गर्दछन्, त्यसैले यिनीहरू आफूलाई दुबै धर्म अपनाउने भन्न रूचाउँछन् । त्यसै गरी हिन्दु मात्र अपनाउने ४७ जना अथवा ३८.६ प्रतिशत छन् । यहाँका थामीहरूमा क्षत्री र ब्राह्मणहरूको संस्कृतिको प्रभाव

बढी देखिन्छ । बौद्ध ४ जना अथवा ३.१ प्रतिशत छन् र क्रिस्चियन २ जना अथवा १.६ प्रतिशत देखिन्छ, यसरी क्रिस्चियन धर्मको पनि प्रभाव देखिन्छ ।

## ५.४ थामी समुदायमा परिवारको प्रकार

इम्बर एन्ड इम्बर (१९९५) का अनुसार, परिवार एक आर्थिक र सामाजिक एकाई मानिएको छ । जसमा कम्तीमा एक वा बढी अभिभावकहरू र तिनका बालबच्चा रहेका हुन्छन् । परिवारका सदस्यहरू बिच खास गरी आर्थिक पक्ष बिच सधैँ निश्चित अधिकार र कर्तव्यहरू रहेका हुन्छन् । परिवारका सदस्यहरू एउटै घरमा बसेका हुन्छन् तर एउटै बासस्थान हुनु पर्दछ भन्ने परिवारको विशेषता छैन ।

परिवार विवाहबाट स्थापित निकै पुरानो र आधारभुत सामाजिक संस्था हो, जसमा कम्तीमा लोग्ने, स्वास्नी र तिनका बालबच्चाहरू हुन्छन् र प्रत्येक सदस्यहरूको आआफ्नै भूमिका रहन्छ । परिवारलाई विभिन्न प्रकारबाट विभाजन गरिएको छ, जसमध्ये परिवार सङ्ख्याका आधारमा एकल, संयुक्त र बृहत गरी ३ भागमा विभाजित गरिएको छ । एकल परिवार सङ्ख्याका आधारमा सानो जसमा बाबुआमा र उनका अविवाहित छोराछोरीहरू हुन्छन् भने संयुक्त परिवारमा बाबुआमा र उनका विवाहित छोराबुहारीहरू र उनीहरूका सन्तानहरू हुन्छन्, त्यसै गरी वृहत परिवारमा संयुक्त र एकल परिवारको मिश्रण नै वृहत परिवार हो । थामी समुदायका उत्तरदाताहरूमा वृहत परिवार नदेखिएको हुँदा एकल र संयुक्त परिवार मात्र समावेश गरिएको छ । यसैलाई आधार मानी यस अध्ययनका क्रममा प्राप्त अध्ययन क्षेत्रका थामी घरधुरीहरूमा रहेका परिवारको प्रकारको विवरण निम्न अनुसार रहेको छः

**तालिका ५.३ः परिवारको किसिमका आधारमा उत्तरदाताहरूको वितरण**

| परिवार किसिम | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| एकल | ७५ | ५९.१ |
| संयुक्त | ५२ | ४०.९ |
| जम्मा | १२७ | १००.०० |


स्रोतः स्थलगत अध्ययन, २०७०

प्रस्तुत तथ्याङ्कका आधारमा थामी समुदायमा परिवारको सङ्ख्यात्मक ढाँचा अनुसार एकल परिवार ७५ अर्थात् ५९.१ प्रतिशत घरधुरी देखिन्छ भने संयुक्त घर परिवार हुने घरधुरी ५२ अर्थात् ४०.९ प्रतिशत घरधुरी देखिन्छ । यस अध्ययनका क्रममा प्रायः एकल परिवार हुने घरधुरी प्रमुख वा घरका सदस्यहरू विशेष गरी व्यापार, व्यवसाय, सेवा, वैदेशिक रोजगार तर्फ संलग्न भएको र संयुक्त परिवार हुने घरधुरीहरूका सदस्य विशेष गरेर कृषि, ज्याला, मजदुरीतर्फ बढी संलग्न भएको देखिन्छ ।

## ५.५ थामी समुदायमा विवाहको स्थिति

"विवाह एक स्वास्नी मानिस र लोग्ने मानिस बिच दाम्पत्य जीवनको सङ्गम तथा सुरूवातको एक सामाजिक प्रक्रिया भएकाले यो इच्छापूर्वकको जीवन यापन गर्ने संयोग हो । हिन्दु धर्म अनुसार दाम्पत्य जीवनको सुरूवातसँग यौनिक सम्पर्कको सुरूवात हुन्छ" (सुवेदी, २०५६) । विवाहलाई सांस्कृतिक स्वीकृत संस्थाका रूपमा विश्लेषण गर्दै लोग्ने स्वास्नी बिचको यौन सम्बन्ध र सन्तान जन्माउन सामाजिक स्वीकृत अवस्था हो । यसका साथै प्रत्येक समाज र संस्कृतिमा विवाह विभिन्न प्रकारका हुन्छन् थामी समुदायमा पनि विवाह ३ तरिकाबाट हुन्छ । मागी विवाह, प्रेम विवाह, छोराछोरी जन्मेपछिको विवाह । थामी जातिले आफ्नो विवाह पहिले रीति नपुऱ्याई गऱ्यो भने उसले पछि गएर छोराछोरीको बिहे गर्नुभन्दा अगाडि आफ्नो विवाह गर्ने चलन छ । यदि श्रीमान श्रीमतीमध्ये कुनैको मृत्यु भएमा केराको थम्बालाई प्रतीक मानी विवाह गर्ने चलन देखिन्छ ।

थामी जातिमा पहिला विवाहलाई पर्वकै रूपमा मनाउने गरिन्थ्यो, विवाह १५ दिनको हुने गर्दथ्यो तर पछि आएर ३ दिनमै विवाह सम्पन्न हुन थालेको कुरा वर्ष ८५ का बिरे थामीबाट अध्ययनका क्रममा जानकारी प्राप्त भएको छ । थामी जातिमा विवाहलाई महत्त्वपूर्ण रूपमा लिइन्छ । यसरी पर्वकै रूपमा लिइने थामी जातिमा वैवाहिक स्थितिको वितरण निम्न अनुसार रहेको छ :




**चित्र ५.२: विवाहको प्रकारको आधारमा उत्तरदाताहरूको वितरण**

चित्र ५.२ मा अध्ययन क्षेत्रका थामीहरू १२७ घरधुरीका सबै घर प्रमुख विवाहित भएको प्रतिशतमा देखाइएको छ । अध्ययनका क्रममा सुन्द्रावती गा.वि.स. का विवाहित थामी जोडीहरूमध्ये मागी विवाह गर्ने ७७ जोडी अर्थात् ६०.६ प्रतिशत, प्रेम विवाह गर्ने ४० जोडी अर्थात् ३१.५ प्रतिशत र छोराछोरी जन्मेपछि गर्ने विवाह १० अर्थात् ७.९ प्रतिशत रहेको देखिन्छ। अध्ययनका क्रममा थामी समुदायमा मागी विवाहको प्रचलन बढी देखिन्छ तर युवा पिँढीमा भने प्रेम विवाह बढी देखिन्छ।

## ५.६ खानेपानीको अवस्था

नेपालका ९० प्रतिशत नेपालीहरू गाउँमा बसोबास गर्दछन् र ३४ प्रतिशतले मात्र धाराको पानीको अथवा शुद्ध खानेपानीको उपयोग गर्दछन् र ३ प्रतिशत गाउँ बासीहरूलाई मात्र ढल निकासको सुविधा छ (NG/UNDP, 1991) । अब आउने केही वर्षमा नै सरकारले शुद्ध र सफा खानेपानी सबै नेपालीहरूलाई पुऱ्याउने लक्ष्य राखेको छ । नवौं योजनाको अन्त्यसम्म सरकारले सबै नेपालीलाई शुद्ध खानेपानी वितरण गर्ने योजना राखेको छ (नवौं योजना २००२) । तर आजसम्म पनि पिउनको लागि कुनै पनि व्यवस्थित रूपमा खानेपानी योजनाहरू सञ्चालन नभएकाले यस गा.वि.स.का जनताहरूले परम्परागत कुवा, ढुङ्गेधारा एवम् मुलको पानी उपयोग गरिएको पाइन्छ । थामी जातिमा पनि अलि सम्पन्न परिवारमा

पाइप प्रणालीको धाराको सुविधा पुगेको देखिन्छ भने अलि गरीब परिवारमा ससाना कुवा, खोल्सा, मूलबाट खानेपानीको उपयोग गरेको देखिन्छ ।

**तालिका ५.४: घरमा खानेपानीको व्यवस्थाका आधारमा उत्तरदाताहरूको वितरण**

| पानीको व्यवस्था | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| मूलको पानी | ३९ | ३०.७ |
| पाइप प्रणाली | ७७ | ६०.६ |
| खोला, खोल्सा | ११ | ८.७ |
| जम्मा | १२७ | १०० |

स्रोतः स्थलगत अध्ययन, २०७०

तालिका ५.४ का अनुसार थामी परिवारमा मूलको पानी पिउने घरधुरी ३९ अर्थात् ३०.७ प्रतिशत घरधुरी छन्, त्यसै गरी पाइप प्रणाली धारा हुने ७७ अर्थात् ६०.६ प्रतिशत घरधुरी छन् र खोला, खोल्सा आदिको पानी प्रयोग गर्ने घरधुरी ११ अर्थात् ८.७ प्रतिशत घरधुरी रहेका छन् । पाइप प्रणालीबाट खाने पानी व्यवस्था भएका थामी घरधुरी अलि सम्पन्न र आधुनिक पेसामा लागेका घरधुरी बढी देखिन्छ ।

## ५.७ उत्तरदाताको शैक्षिक स्थिति

शिक्षा लिनु भनेको जानकारी प्राप्त गर्नु हो । शिक्षा आजीवन चलि रहने प्रक्रिया हो । एक व्यक्तिले आफ्नो जीवन कालमा जे जति सिकाइ र अनुभव गर्दछ ती सबै शिक्षा अन्तर्गत पर्दछन् । पेस्तालात्सीका अनुसार “शिक्षा” मानवको जन्मजात शक्तिहरूको स्वाभाविक, सामान्जस्यपूर्ण र प्रगतिशील विकास हो । त्यसै गरी नन (T.P Nunn) का अनुसार “शिक्षा व्यक्तिको पूर्ण विकास हो, जसबाट उसले आफ्नो सर्वोत्तम क्षमता अनुसार मानवजीवनमा भौतिक योगदान दिन सकोस्” (शर्मा, २०४३) । शिक्षाले मानिसलाई नयाँ नयाँ अवसर प्रदान गर्दछ । शिक्षाकै कारण थामीहरू आफ्ना पुर्खाहरूले गर्दै आएको पेसालाई नयाँ ढङ्गबाट बढी उपार्जन हुने तरिकाबाट अगाडि बढाउँदै छन् । त्यसका अलावा अन्य रोजगारीका अवसरहरू पनि प्राप्त गरेको देखिन्छ । अध्ययनका क्रममा प्राप्त भएका उत्तरदाताहरूको शैक्षिक अवस्था निम्न अनुसार छ :

**तालिका ५.५: शैक्षिक योग्यताका आधारमा उत्तरदाताहरूको वितरण**

| शैक्षिक योग्यता | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| निरक्षर | १९ | १५.० |
| साधारण लेखपढ | ५७ | ४४.९ |
| ५ देखि १० | ३७ | २९.१ |
| १० भन्दा बढी | १४ | ११.० |
| जम्मा | १२७ | १००.० |


स्रोतः स्थलगत अध्ययन २०७०

माथिको तालिकामा निरक्षर १९ जना अथवा १५.० प्रतिशत छ । यसरी हेर्दा थामीहरूमा निरक्षर दर बढी नै देखियो, यस्ता निरक्षर उत्तरदाताहरू वृद्ध, वृद्धा बढी देखिन्छन् । कुल साक्षर सङ्ख्यामध्ये ४४.९ प्रतिशत अथवा ५७ जना साधारण लेखपढ गरेको देखिन्छ, त्यसै गरी २९.१ प्रतिशत अथवा ३७ जना कक्षा १० सम्मको शिक्षा प्राप्त गरी विभिन्न कारणवश विद्यालय छोडेर घरायसी काममा संलग्न भएको अध्ययनका क्रममा देखिन्छ भने १० भन्दा बढी शिक्षा हासिल गरेको जनशक्ति ११.० प्रतिशत अर्थात् १४ जना देखिएको छ । १० भन्दा पढ्नेहरूको सङ्ख्या पनि यहाँ कम देखिन्छ । यस क्षेत्रमा अथवा उत्तरदाताहरूमा १२ भन्दा बढी पढेका वा उच्च शिक्षा हासिल गरेको कोही पनि नभेटिँदा यसलाई तालिकामा समावेश गरिएको छैन तर अरू गा.वि.स. भन्दा यो सुन्द्रावती गा.वि.स. सदर मुकाम नजिक भएको हुँदा पनि यहाँ साक्षरता दर बढी देखिन्छ तर उच्च शिक्षाको कमीले गर्दा, सरकारी नोकरी, प्रशासनको माथिल्लो तहमा थामी जातिको उपस्थिति नरहेको अध्ययनका क्रममा देखिन्छ ।

## ५.८ घरधुरीका सन्तानहरूको शैक्षिक स्थिति

समाज विकासका लागि समाजका हरेका वर्गहरू शिक्षित हुनु जरूरी छ । शैक्षिक विस्तार एवम् यसको समुचित विकासविना समाजका विपन्न एवम् पिछडिएका वर्गको उत्थान सम्भव छैन । राष्ट्रले देखाएको प्रतिवद्धता अनुरूप "सबैका लागि शिक्षा" भन्ने नारा चरितार्थ हुन गई नवौं योजनामा पनि मानव स्रोत र साधनको उचित विकासद्वारा राष्ट्रिय विकास हासिल गर्न शिक्षालाई मूल माध्यमको रूपमा विकास गर्ने, साथै पिछडिएको जाति एवम् विभिन्न वर्गलाई शिक्षाको अवसर प्रदान गरी राष्ट्रिय मूल प्रवाहमा ल्याउन प्रोत्साहित गर्ने नीतिले

गर्दा पनि थामी जातिमा शिक्षाको विकास उत्साहपूर्वक भएको अध्ययनका क्रममा देखिन्छ । थामी जातिमा आफ्ना छोराछोरी दुबैलाईं विद्यालयमा अध्ययन गर्न पठाएको देखिन्छ । आदिवासी जनजातिमा लैङ्गिक विभेद त्यति नभएको र त्यसमा पनि थामी समुदायमा लैङ्गिक समानता बढी रहेको हुँदा आफ्ना छोराछोरी दूवैलाई विद्यालय जाने अवसर आफ्ना आमा बुबाले दिएको देखिन्छ । त्यसै गरी पहिला विभिन्न कारणवश विद्यालय नगएका आफ्ना छोरी बुहारीहरूलाई प्रौढ शिक्षाद्वारा पनि साक्षरता बनाउन अघि सरेको देखिन्छ । यसैका आधारमा विद्यालय जाने घरधुरीका सन्तानहरूको सङ्ख्या तल उल्लेख गरिएको छ ।




**चित्र ५.३: घरधुरीका सन्तानहरू विद्यालय जाने आधारमा उत्तरदाताको वितरण**

माथिको चित्र अनुसार १२७ घरधुरीमध्ये १०५ अथवा ८२.७ प्रतिशत घरधुरीका बालबच्चाहरू विद्यालय पठाइएको अध्ययनका क्रममा देखिन्छ भने २१ घरधुरीका छोराछोरीहरू सानो उमेर भएर, फेल भएर, गरिबी र चेतनाको कमीले गर्दा विद्यालय नगएको देखिन्छ । त्यसै गरी अनुत्तरित १ जना अथवा ०.८ प्रतिशत छ, जसको आफ्नो बालबच्चा नभएको अध्ययनका क्रममा देखिन्छ ।

## ५.९ भिन्न भिन्न शिक्षण संस्थामा पहुँच प्राप्त छात्रछात्राहरू

नेपालका सरकारी शिक्षण संस्था र निजी शिक्षण संस्था प्रमुख शिक्षण संस्थाको रूपमा लिइन्छ । नेपालमा सरकारी शिक्षण संस्थामा अध्ययन अध्यापन कमजोर रहने विश्वास गरिन्छ भने निजी शिक्षण संस्थामा अध्ययन अध्यापन राम्रो हुने, बालबच्चाहरू पढ्नमा लगन शील

रहने र खर्चका दृष्टिले पनि महँगो हुने देखिन्छ । त्यसै गरी आफ्नो खर्च बिना नै आफ्ना बाल बच्चा विदेशी अथवा कुनै धार्मिक संस्थाले पढाइ दिने हुँदा यस्ता विद्यालयहरूमा पनि थामीहरूले आफ्ना बालबच्चा पठाएको अध्ययनका क्रममा देखिन्छ । यसैका आधारमा थामी समुदायको छात्रछात्राको उल्लिखित शिक्षण संस्थाहरूमा के-कस्तो पहुँच रहेको छ तल उल्लेख गरिएको छ ।

**तालिका ५.६: छोराछोरीको विद्यालयको प्रकारको आधारमा उत्तरदाताहरूको विवरण**

| विद्यालय | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| सरकारी शिक्षण संस्था | ६९ | ६५.७ |
| निजी शिक्षण संस्था | ३४ | ३२.४ |
| धार्मिक | २ | १.९ |
| जम्मा | १०५ | १००.०० |

स्रोतः स्थलगत अध्ययन, २०७०

माथिको तालिका ५.६ अनुसार विभिन्न शिक्षण संस्थामा विभिन्न तहमा अध्ययनरत अध्ययन क्षेत्रका जम्मा १०५ घरधुरीका छात्रछात्रालाई उनीहरूको शिक्षण संस्थाका आधारमा रहेको पहुँचलाई देखाइएको छ । अध्ययनका क्रममा ६९ परिवारका छात्रछात्रा सरकारी शिक्षण संस्थामा आबद्ध रहेको देखिन्छ भने निजी शिक्षण संस्थामा आबद्ध ३४ घर परिवारका छात्रछात्रा रहेको देखिन्छ । त्यस्तै २ जना भने धार्मिक शिक्षण संस्थामा अध्ययन गरेको देखिन्छ । यस्तो धार्मिक विद्यालयमा भने आफ्नो बालबच्चा पछि गएर विदेश जान पाउने आशामा अध्ययन गराइरहेको देखिन्छ । थामी जातिमा आफ्ना छोराछोरी दुबैलाई एकै प्रकारको विद्यालयमा पठन पाठन गराएको देखिन्छ, त्यसै भएर यहाँ छात्राछात्रका आधारमा विद्यालयका प्रकार छुट्याइएको छैन । निजी क्षेत्रमा अध्ययनरत छात्रछात्राको परिवारका सदरस्यहरू सबै जसो व्यवसायी, वैदेशिक रोजगार र सेवामा आबद्ध घर परिवारको छात्रछात्राहरू छन् । कतिपय घरधुरीका सदस्यहरूले इच्छा भएर पनि नजिकै निजी शिक्षण संस्था नहुँदा सरकारी विद्यालयमा आफ्ना छोराछोरीहरू पढाउन पठाएको अध्ययनका क्रममा देखिन्छ ।

## ५.१० स्वास्थ्य अवस्था

Who का अनुसार स्वास्थ्य भन्नाले स्वास्थ्य पुरा शारीरिक, मानसिक र सामाजिक भलाईको अवस्था हो, न कि केबल रोग र शरीरको कमजोरीको अभाव मात्र हो (WHO, 2013) । यसरी शारीरिक, मानसिक र सामाजिक रूपमा स्वस्थ हुनु नै स्वास्थ्य हो । यस सुन्द्रावती गा.वि.स. मा पहिलेको स्वास्थ्य अवस्था र अहिलेको स्वास्थ्य अवस्थामा निकै सुधार आएको बुढा पाकाहरू बताउँदछन् । पहिला पहिला हुने खानेको घरमा मात्र पक्की शौचालय हुने गर्दथ्यो तर अहिले सम्पूर्ण गा.वि.स. मा पक्कि शौचालयको निर्माण भइसकेको र हुँदै गरेको अध्ययनको क्रममा देखिन्छ । एक परिवार एक शौचालयको नारासँगै विभिन्न संस्थाको सहयोग स्वरूप निःशुल्क पक्की शौचालयको निर्माण भइ रहेका देखिन्छ । अब केही दिनमा नै खुल्ला दिसामुक्त गा.वि.स. को रूपमा घोषणा हुँदै छ । यसरी एउटा शौचालयको निर्माणले पनि परिवारमा रोगको निकै नै कमी भएको देखिन्छ ।

सुन्द्रावती गा.वि.स. सदर मुकामसँग जोडिएको गा.वि.स. हुनाले पनि यहाँ विमार पर्दा थामीहरू प्रायले नजिकैको स्वास्थ्य चौकी वा अस्पताल लाने गरेको पाइन्छ । बाटो घाटोको सुविधा, शिक्षाको विकास, स्वास्थ्य स्वयम्सेविकाको परामर्शले गर्दा पनि यस क्षेत्रमा स्वास्थ्य जन चेतना राम्रो भएको देखिन्छ तर केहि थामी घरधुरीहरू भने झारफुख मै विश्वास गर्ने गरेको पाइन्छ र अन्तिममा केही सिप नलागेपछि मात्र अस्पताल लगेको पाइन्छ । यस्ता थामीहरूमा आधुनिक औषधि प्रयोग गर्दा देउता रिसाउँछन् भन्ने धारणा समेत पाइन्छ र आधुनिक अस्पताल र औषधि महँगो समेत भएकाले गरिब थामीहरू अझै पनि झारफुख र घरेलु उपचारमा नै सीमित भएको पाइन्छ ।

## ५.११ थामीथामी जाति र अन्य जाति बिचको सम्बन्ध

अध्ययन क्षेत्र सुन्द्रावतीका थामी घरधुरीहरू अध्ययनका क्रममा एक आपसमा नजिक नजिक रहेको देखिन्छ । जुनसुकै वडामा थामीहरूको गाउँ कुन हो भनी सोध्दा सजिलै फेला पर्ने किसिमको रहेका छन् । एक आपसमा झुन्ड झुन्ड भएको घरधुरीहरू देखिन्छ तर वडा १ र २ मा थामी घरधुरी त्यति नभए पनि आपसी सहयोग र मेलापात, आलोपालाको हिसाबले निकट रहेको अन्तर्वार्ताका क्रममा उत्तरदाताहरूले बताएका छन् । समग्रमा अध्ययन स्थलका थामीहरू प्राय आपसी सहयोग र ऐंचो-पैंचो, आर्थिक, लेनदेन तथा आफ्नो संस्कार, चाडपर्व

जस्ता महत्त्वपूर्ण कार्यहरूमा सबै संलग्न भएर एक आपसमा मिलेर मनाउने गरेको बताउँछन् । यसले थामीहरूको जातिगत एकता र भ्रातृत्वको सम्बन्ध मजबुत रहेको उल्लेख गर्न सकिन्छ । सुन्द्रावतीका थामीहरू मात्र निकटतम नमानी सम्पूर्ण दोलखाका थामीहरू आफ्नो हक र अधिकारका लागि एक आपसमा मिलेर आन्दोलन गरेको विभिन्न समाचार पक्षहरूबाट पनि थाहा पाउन सकिन्छ । यसरी अध्ययनका क्रममा थामी जाति बिचको आपसी सम्बन्ध राम्रो रहेको भन्न सकिन्छ ।

अध्ययन क्षेत्रका थामीहरूको अध्ययनका क्रममा उक्त स्थानका थामीहरू बसोबास गरेको स्थानमा थामीहरूका अलवा क्षत्री, ब्राह्मण, कामी र ठकुरी जातिको बसोबास रहेको पाइन्छ । क्षत्री ब्राह्मणकै नजिक रहेको हुँदा पनि यहाँका थामीहरू हिन्दु धर्मालम्बी हुन गएको र देव देवताको मन्दिरमा गएर पूजा गरेको पाइन्छ । १०, १२ वर्ष अगाडि सम्म मात्र क्षत्री, ब्राह्मणले थामी जातिलाई आफ्ना भान्छाकोठामा पस्न नदिएको पाइए तापनि पछिल्लो समयमा सरकारले ल्याएको जातिगत समानताको कानुन र शिक्षाको प्रभावले यस्तो चलन चल्तिमा कमी हुँदै गएको स्थलगत अध्ययनका क्रममा थामीहरूले बताएको पाइन्छ । थामीहरू अन्य जातिको घरमा मेलापात, आर्थिक कारोबार सरसहयोग गर्ने गरेको पाइन्छ र अन्य जाति पनि थामीहरूलाई सरसहयोग गर्ने गरेको पाइन्छ । थामीहरू एकदमै मिलनसार र सोझा भएको कारण पनि यिनीहरू सबै जातिसँग मिलेर बसेको अध्ययनको क्रममा पाइन्छ । विगतमा थामी गुठी जग्गालाई हडपेर ब्राह्मण, क्षत्रीले यस ठाउँमा आफ्नो बर्चस्व जमाए पनि अहिलेका दिनहरूमा भने आपसी मदभेदलाई हटाएर एक आपसमा मिलीजुली रहेको अध्ययनका क्रममा पाइन्छ ।

## ५.१२ थामी जातिमा महिलाको अवस्था

हरेक समुदायभित्र आआफ्नै प्रकारका पृथक्ताहरू हुन्छन् । थामी समुदायमा महिलाहरूको आफ्नै थर हुने गर्दछ । जुन अरू समुदायमा पुरुषको मात्र थर हुन्छन । महिलाहरूले त्यही पुरुषको थरबाट नै आफ्नो परिचय दिनु पर्ने हुन्छ तर थामी समुदायमा महिलाले कहिल्यै पनि पुरुषको थरबाट परिचित हुनु पर्दैन । उनीहरू आफ्नै थरबाट समाजमा आफ्नो परिचय दिन सक्छन् । यसरी थामी समुदायमा महिला र पुरुष दुबैको थर हुन्छ । जुन थर पुरुषको छोरामा सर्दछ र महिलाको छोरीमा सर्दछ अर्थात् पुरुषले पिताको थर राख्न पाउँछ र महिलाले

आमाको थर राख्न पाउँछ (थामी २०५६) । थामीहरूमा सात थर र यस अन्तर्गत अरु उपथरहरू हुन्छन् । यी सात थरहरूमा रिस्मी, आक्याङ्मी, खुर्पे, थाङथोङमी टाम्पे, बुढापेर तथा जैधने हुन् । यी सातथर अन्तर्गत विभिन्न उपथरहरू हुन्छन् यी उपथरहरूमा दुङसुपुले, आधाचिले, नुक्मी, श्यार्मी, रुमी, पाङगुरी, नइकाला, पोचो, गुभुडा, क्याङपोले, उच्यानाइके, जेखा नाइके, गोर्ख्या, पहर्नी आदि हुन् । यी थामीका पुरुष थरहरू हुन् भने थामी समुदायमा महिलाहरूको थरहरूमा योमनसिरी, दोमनसिरी, जिमीजिरी, सिवासिरी, यान्तेसिरी, आल्तासिरी, आपन्सिरी, चाल्दासिरी र खाट्टीसिरी हुन् । यस अन्तर्गतका उपथरहरू भने ग्याल्भा, ग्याल्दी, दुथु, रमन, राणोङ, चालथली, दमन, टङ्कित आदि हुन् । यसरी थामी समुदायमा महिलाको स्थान उच्च रहेको अध्ययनका क्रममा देखिन्छ । थामी समुदायमा अरू आदिवासी समुदायमा जस्तै महिलाको भूमिका पारिवारिक, आर्थिक, सामाजिक, सांस्कृतिक अवस्थामा उच्च रहेको देखिन्छ । महिला र पुरुषमा समानता बढी देखिन्छ । महिलाहरू पनि पुरुष सरह हातमा हात मिलाएर अगाडि बढ्न तत्पर रहेको अध्ययनका क्रममा देखिन्छ ।

# cWofo 5

# yfdL ;d'bfosf] cfly{s cj:yf

गाँस, बास र कपास जस्ता अनिवार्य र प्राथमिक समस्याले मानिसको जीवनमा प्रभाव परि रहेको हुन्छ । यी आधारभूत र आवश्यकीय वस्तु पुरा गर्ने साधन “आर्थिक” हो, जसको अभावमा जीवनमा सामान्य कुराहरूदेखि लिएर आवश्यकीय हरेक कुरामा आर्थिक नै आवश्यकता पर्दछ । जस्तै खान, लगाउन, बस्न, शिक्षा आर्जन गर्न, औषधी उपचार गर्न, भैपरी आउने अनेकौं समस्या समाधान गर्न आर्थिक नै चाहिन्छ । आर्थिक क्रियाकलापले नै सामाजिक, सांस्कृतिक, शैक्षिक, औद्योगिक र वैज्ञानिक जस्ता विभिन्न क्षेत्रमा प्रभाव पारेको हुन्छ । त्यस्तै हरेक समुदाय वा जातिको आर्थिक अवस्थालाई हावापानी, भौगोलिक बनावट, भूभौतिक वातावरण, सामाजिक, सांस्कृतिक तथा राजनैतिक एवम् सरकारी नीति आदिले प्रभाव पार्दछ (खत्री, २०५५) ।

हाम्रो देशको प्रमुख पेसा कृषि जस्तै सुन्द्रावती गाविसको अधिकांश मानिसको पेसा पनि कृषि नै रहेको देखिन्छ । केही मानिसहरू सरकारी, सेवा, वैदेशिक रोजगार व्यापार जस्ता पेसामा पनि संलग्न छन् । यिनीहरूको कृषि पेसा मुख्य पेसा नभए पनि सहायक पेसाका रूपमा रहेको अध्ययनका क्रममा देखिन्छ ।

## ६.१ भूस्वामित्वको स्थिति

भूमि उत्पादनका दृष्टिले महत्त्वपूर्ण मानिन्छ । लिच्छवी कालमा जग्गालाई तिन किसिममा बाँडिएको थियो । खेत, पाखो र जङ्गलका रूपमा विभाजित गरिएको थियो । यी मध्ये पहिलो वर्गको जग्गा कृषिका लागि, दास्रो र तेस्रो वर्गको जग्गा काठदाउरा आवश्यकता परिपूर्तिका लागि प्रयोग हुन्थे (चालिसे २०४८) । नेपाल कृषि प्रधान देश हो । कृषिको विकास विना नेपालको विकास हुन सक्दैन । कुनै पनि देशको वा कुनै पनि स्थानको हावापानी माटो, धरातलीय स्वरूप सुहाउँदो किसिमको वस्तु उत्पादनमा जोड दिनु पर्ने हुन्छ । कृषिमा व्यावसायिकता, कृषि सहकारी, कृषि सडक, सिंचाईको उचित प्रबन्ध र कृषिजन्य उद्योगको विकास गर्न अपरिहार्य छ (बराल, २०५५) । अध्ययन क्षेत्र सुन्द्रावतीमा पनि पहिले धानखेती त्यति हुँदैनथ्यो, कृषिको विकाससँगै हिमाली धानको प्रयोग आएपछि यस क्षेत्रमा पनि धान

खेतीको उत्पादन राम्रो हुन थालेको अध्ययनको क्रममा देखिन्छ । यस अध्ययनका क्रममा प्राप्त सुन्द्रावती गा.वि.स.का थामी घरधुरीको स्वामित्वमा रहेको भूमिको मात्राको विवरण निम्न अनुसार रहेको छ :

**तालिका ६.१ : जग्गाको स्वामित्वको आधारमा उत्तरदाताहरूको विवरण**

| स्वामित्वको जग्गा रोपनीमा | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| ०-५ रोपनीसम्म | ५२ | ४०.९ |
| ६-१० रोपनीसम्म | ६६ | ५२.० |
| १०८ रोपनीमाथि हुने | ९ | ७.१ |
| जम्मा | १२७ | १००.० |

स्रोतः स्थलगत अध्ययन २०७० ।

माथिको तालिका ६.१ मा जग्गाको स्वामित्वलाई जग्गाको मात्राका आधारमा देखाइएको छ । अध्ययन क्षेत्रमा सबैभन्दा धेरै ६-१० रोपनी जग्गा हुने जम्मा ६६ घरधुरी अर्थात् ५२.० प्रतिशत घरधुरी रहेको देखिन्छ । ५ भन्दा कम रोपनी हुने घरधुरी ५२ अर्थात् ४०.९ प्रतिशत रहेको देख्न सकिन्छ, त्यसै गरी १० रोपनी भन्दा माथि जग्गा हुने र घरधुरी अर्थात् ७.१ प्रतिशत रहेको देखिन्छ । यिनीहरूको स्वामित्वमा रहेको जग्गा जमीन अनुर्वर किसिमको एवम् भिरपाखा पनि रहेको देखिन्छ । सीमित परिवारमा अत्यन्त न्यून रूपमा मात्र उर्वर भूमि रहेको देखिन्छ । यस कारणले गर्दा आफ्नो जमिनबाट मात्र जीवन निर्वाह हुन नसकेर अधिकांश घर परिवारले अरूको जमिन अधियामा कमाएको पाइन्छ । विशेषतः थामीहरूले धान, गहुँ, मकै कोदो र तरकारी खेती पनि लगाएको अध्ययनका क्रममा देखिन्छ । तरकारी घरेलु प्रयोजनका साथसाथै व्यवसायिक रूपमा पनि लगाउने गरेको देखिन्छ ।

## ६.२ कृषि उत्पादनबाट जीवन निर्वाह हुने स्थिति

कृषि अधिकांश नेपालीहरूको मुख्य पेसा रहँदै आएको छ । अज्ञानता, अशिक्षा र आधुनिक मल, बिउ, औजारको अभावमा हाम्रो कृषि मूलतः जीवन निर्वाहमुखी छ । अधिकांश नेपालीहरूले वर्ष दिनभरी आफ्नो खान लगाउनको लागि मात्र कृषि पेसामा संलग्न हुने गर्दछन् । अधिकांश किसानहरू सीमान्त किसानहरू भएकाले उनीहरूको कृषि उत्पादन अति नै कम छ । यहाँ ज्यादै कम किसानहरूसँग मात्र बजारमा बिक्रीका लागि कृषि उत्पादन र

बचत हुन्छ । नेपालमा बजारमुखी कृषिको विकास अति नै सुस्त गतिमा छ (पौडेल, पौडेल, २०६४) । थामी जातिमा पनि कृषिबाट जीवन निर्वाह गर्न गाह्रो वा अपुग भएर वैकल्पिक कार्यहरू गरेको देखिन्छ । यिनीहरूको परम्परागत पेसा नै कृषिको वरिपरि रहेको छ । कृषि उत्पादनले १२ महिना पुग्ने थामी परिवार निकै नै कम देखिन्छ तर पनि कृषिले जीवन धान्न सघाउ पुऱ्याएको निम्न तालिकामा प्रस्तुत गरिएको छ :

**तालिका ६.२ : कृषि उत्पादनको पर्याप्तताका आधारमा उत्तरदाताहरूको वितरण**

| पर्याप्तता वार्षिक | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| १-३ महिनासम्म | ५ | ३.९ |
| ३ देखि ६ महिना | ६२ | ४८.८ |
| ६ देखि ९ महिना | ३९ | ३०.७ |
| १२ महिना पुग्ने | २१ | १६.५ |
| जम्मा | १२७ | १२७ |

स्रोतः स्थलगत सर्वेक्षण, २०७०

तालिका ६.२ ले अध्ययन क्षेत्रका थामी परिवारमा कृषि उत्पादन पर्याप्तताका आधारमा थामी घरधुरी स्पष्ट देखाएको छ । १ महिना देखि ३ महिनासम्म खेतिबारीको उत्पादनबाट खान पुग्ने घरधुरी ५ अथवा ३.९ प्रतिशत घरधुरी रहेको देखिन्छ । त्यसै गरी ३ देखि ६ महिना र ६ देखि ९ महिनासम्म पुग्ने घरधुरीहरू क्रमशः ६२ घरधुरी अर्थात् ४८.८ प्रतिशत र ३९ घरधुरी अर्थात् ३०.७ प्रतिशत घरधुरी रहेको देखिन्छ । यसै गरी १२ महिना पुग्ने घरधुरी २१ घरधुरी अर्थात् १६.५ प्रतिशत घरधुरी रहेको देखिन्छ । कृषिबाट खाद्यान्न आवश्यकता आपूर्ति हुने र आपूर्ति हुन नसक्ने थामी घरधुरीले अरू आवश्यकता र खाद्यान्नको आवश्यकता परिपूर्ति गर्न आफ्नो पुर्खाहरूको पेसालाई सघाउ पेसाका रूपमा लिएर आधुनिक पेसा जस्तै सेवा, व्यापार, वैदेशिक रोजगारलाई प्रमुख पेसाका रूपमा लिएका छन् । खोरिया खेती कृषि प्रणालीबाट व्यावसायिक कृषि प्रणाली तर्फ जोड दिएका छन् ।

## ६.३ कृषिमा प्रयोग गर्ने औजारहरूको अवस्था

नेपाली किसानहरू अधिकांश अशिक्षित भएकाले अन्ध विश्वासमा जेलिएका हुन्छन् । उनीहरूले वर्षा नभए देवता रिसाए भन्छन् । आफ्ना बाबुबाजेले अदुवा लगाएको गह्रामा सधैँ


त्यही बाली लगाउनु पर्छ नत्र बाली फेरेमा अफाप सिद्ध हुन्छ भन्ने जस्ता सयौं अन्धविश्वासी धारणाले ग्रस्त छन् । अतः बाली विविधिकरण, कृषिमा औद्योगिकीकरण र नयाँ नयाँ प्रविधि सम्बन्धी ज्ञान दिने अनेक आवश्यक कार्यक्रमहरू सञ्चालन गर्नु पर्छ । नयाँ नयाँ ज्ञान र प्रविधिद्धारा उनीहरूलाई प्रशिक्षित तुल्याई कृषिमा औद्योगिकीकरणको भावना विकास गर्नु पर्छ (पोखरेल, २०६३) । आधुनिक मल, बिउँ, वैज्ञानिक औजारको अभावमा हाम्रो कृषि मूलत जीवन धान्नका निमित्त मात्र छ । नेपाल गरिब राष्ट्र हो र दिन प्रतिदिन झन् झन् गरिब हुँदै गइ रहेको छ । आधा जति जनता गरिबीको रेखामुनि छन् । विभिन्न कृषिमा समस्याहरू, औजार, सिंचाई, यातायात, प्राविधिक ज्ञानको कमी र अन्य कारणहरूले कृषिको विकास हुन सकेको छैन नेपालको कृषि पद्धतिले बढ्दो जनसङ्ख्याको बढ्दो आवश्यकतालाई परिपूर्ति गर्ने किसिमले सफलता पाउन सकेको छैन ।

सुन्द्रावतीका थामीहरूमा पनि यातायात, भूजमिनको धरातलीय अवस्था, कृषि ज्ञानको कमीले अधिकांश थामी घरधुरीले परम्परागत कृषि औजारहरू नै प्रयोग गरेको अध्ययनका क्रममा देख्न सकिन्छ । ९ वटा वडाका १२७ थामी घरधुरीहरूमध्ये अध्ययनका क्रममा सम्पूर्ण १२७ घरधुरी नै अर्थात् १०० प्रतिशत घरधुरीले परम्परागत औजारहरू नै प्रयोग गर्दै आएको पाइन्छ । जमिनको बनावट, पहाडी स्थलहरू, अशिक्षा बढी भएको कारण सुन्द्रावती क्षेत्रमा वैज्ञानिक औजारहरू पुग्न नसकेको अध्ययनका क्रममा देखिन्छ ।

## ६.४ पशुपंक्षी पाल्ने घरधुरीहरूको स्थिति

धेरै जसो ग्रामीण, गरीब किसानहरू आफ्नो मुख्य वा सहायक आम्दानीका रूपमा पशु पालन कार्यलाई अपनाउने गर्दछन्, आजभोलि लगानी धेरै गरेर पशु पालनलाई व्यवसायिक रूपमा अगाडि लगेको पनि पाइन्छ । नव पाषण युगबाट सिकारी-सङ्कलित समाज हुँदै पशु पालन तथा कृषि समाजबाट फर्को मार्दै आजको औद्योगिक समाजमा विकास भएको पाइन्छ । सिकारी-सङ्कलित समाज क्रमैसँग कृषि प्रणालीमा सुरू भएपछि व्यक्तिगत सम्पत्तिको रूपमा पाल्तु जनावर र निश्चित भूमि देखिन थाल्यो र यही समयबाट बढी भन्दा बढी पशु पालन गर्ने र जमिन ओगट्ने प्रतिस्पर्धा हुँदै गयो र विनिमय प्रथाको विकास भयो (बुकरित, १९७७) ।

पशु पालनलाई ग्रामीण क्षेत्रमा आम्दानीको मुख्य स्रोतका रूपमा लिइन्छ । लिच्छवी कालमा पशु पालनको मुख्य उद्देश्य दही, दुध, घिउ, मासु, फुल र कृषिको लागि आवश्यक पर्ने मलखाद अनि छालाको प्राप्ति नै थियो । सरकारी पशु पालनका लागि पशुशालाहरू निर्माण गरिएका हुन्थे । पशु पालन व्यवसायबाट राज्य र जनता दुबै लाभान्वित थिए । राज्यले पनि पशु पालन व्यवसाय माथि कर लगाएको थियो । जसलाई भोग कर भनिन्थ्यो (चालिसे, २०४८) । नेपालमा कुखुरा र बाखा पालन विशेष गरी मासुका लागि पालिन्छ भने गाई र भैसी दुध र मलको लागि पालिने गरिन्छ । थामी जतिले पनि पशु पालनलाई जीविकापार्जनको लागि सहयोगी व्यवसायको रूपमा लिएका छन् । यस अध्ययनको स्थलगत सर्वेक्षणका क्रममा प्राप्त तथ्याङ्कका आधारमा अध्ययन क्षेत्रका घरधुरीमा पालिएका पशुपंक्षीको विवरण निम्न अनुसार रहेको छ :




**चित्र ६.१: पशुपंक्षी पाल्ने घरधुरीहरूको विवरण**

माथि चित्र ६.१ मा उल्लेख गरिए अनुसार अध्ययन स्थलमा घरपालुवा पशुपन्छीहरू अर्थ उपार्जनका साथै चाडवाडमा मासु खानका लागि पाल्ने घरधुरीहरूको सङ्ख्यालाई स्पष्ट देख्न सकिन्छ । तालिकामा थामी समुदायमा अधिकांश गोरु, बाखा, कुखुरा पाल्ने घरधुरीहरू बढी देखिन्छन् । जुन क्रमशः २९, ९९, ११० रहेको देखिन्छ । त्यसै गरी भैंसी किन्न बढी लगानी लाग्ने हुनाले भैंसी पाल्ने घरधुरी कम देखिन्छ । गाई भैसीलाई कृषि उब्जाउको लागि मल प्राप्त गर्न र दुग्ध पदार्थ बेचबिखन गर्ने स्रोतको रूपमा पाल्ने गरेको देखिन्छ, त्यसै गरी गोरु खेत बारीमा काम गर्ने एवम् हलहली सहित श्रम पर्म गर्न जाने र कृषि मजदुरीलाई सघाउ

पुऱ्याउनका लागि पालेको देखिन्छ । बाख्रा, कुखुरा मासु खान र नगद उपार्जन गर्नका लागि पाल्ने गरेको देखिन्छ । थामीहरू बंगुरलाई अशुद्धताको प्रतीक मान्दछन् । बङ्गुर पाल्नाले र तिनीहरूको मासु खानाले भुमे देवता रिसाउने धारणा थामीहरूमा छ ।

## ६.५ पशु पालनबाट हुने आर्थिक उपार्जन

पशु पालन व्यवसाय कृषिसँग अभिन्न रूपले सम्बन्धित छ । पशु पालनलाई व्यवसायिक रूपमा अगाडि बढाउन नेपाल सरकारले पनि बिना ब्याज वा थोरै ब्याजमा ऋण उपलब्ध गराएको  छ । यसबाट कृषकहरूमा पनि पशु पालन गर्ने उत्साह बढेको छ । थामी समुदायमा भने व्यावसायिक पशु पालन ३ वटा घरधुरीले मात्र गरेको अध्ययनको क्रममा देखिन्छ, थामीहरू प्रायः सबैले पशु पालनलाई सहायक अर्थ उपार्जनको रूपमा लिएका छन् । यसरी थामी समुदायमा पशु पालनबाट प्राप्त हुने वार्षिक आम्दानी निम्न अनुसार छ ।

**तालिका ६.३ः पशु पालनबाट हुने आम्दानीको आधारमा उत्तरदाताहरूो वितरण**


| वार्षिक आम्दानी | घरधुरी सङ्ख्या | प्रतिशत |
|---|---|---|
| ५ हजारभन्दा कम | २७ | २१.२ |
| ५ हजारदेखि १५ हजार | ७५ | ५९.१ |
| १५ हजारभन्दा माथि | १५ | ११.८ |
| अनुत्तरित | १० | ७.९ |
| जम्मा | १२७ | १००.०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७०

अध्ययन क्षेत्रमा थामीहरूले विशेष गरी आर्थिक उपार्जन र कृषिका लागि केही न केही पाल्ने गरेको देखिन्छ । यहाँ व्यावसायिक रूपमा १ थामी घरधुरीले पशु पालन गरेको र २ थामी घरधुरीले कुखुरा पालन गरेको अध्ययनका क्रममा देखिन्छ । विशेष गरी बाख्रा र कुखुरा अर्थ उपार्जनको प्रमुख पशुपंक्षीका रूपमा लिएको देखिन्छ । अनुत्तरितमा १० घरधुरी अर्थात् ७.९ प्रतिशत देखिन्छ जसले कुनै पनि पशुपंक्षी नपालेको अध्ययनका क्रममा देखिन्छ, यस्ता पशुपन्छी नपाल्ने घरधुरीहरू विशेष गरी होटल व्यवसाय, साथै वैदेशिक रोजगारमा संलग्न घरधुरीहरू देखिन्छन् ।

## ६.६ वैदेशिक रोजगारमा संलग्न

नेपाल एक गरिब राष्ट्र हो, गरिब राष्ट्र भएकै कारण हामी र हाम्रो देश वैदेशिक रेमिटेयान्सको भरमा बस्नु परेको छ । अर्थतन्त्रमा देखिएको शिथिलतालाई गतिशील बनाउने एउटा प्रमुख कार्यक्रमका रूपमा सरकारले वैदेशिक रोजगारलाई राष्ट्रिय प्राथमिकता प्राप्त कार्यक्रमको सूचीमा समावेश गरेको छ । ग्रामीण जनताहरू, र नेपालकै मुख्य आर्थिक स्रोत भनेको वैदेशिक रोजगारीबाट प्राप्त हुने रेमिट्यान्स नै बनेको देखिन्छ । आई.एम.ओ. २०११ का अनुसार "रेमिट्यान्स गैरराष्ट्रियहरूले आर्जित गरेको वा कमाएको पैसा हो, जुन उनीहरूको आफ्नो वास्तविक राष्ट्र वा आफ्नो उत्पत्तिको राष्ट्रतर्फ पठाउनु हो ।" २०१२-२०१४ सम्म नेपालमा ४०० मिलियन अमेरिकी डलर भित्रिएको छ जसले नेपालको २५ प्रतिशत जी.डी.पी. धानेको छ । नेपाल विश्वकै तेस्रो यस्तो देश हो जसको कुल आर्थिक विकासको २५ प्रतिशत रेमिट्यान्सले धानेको छ । थामी समुदाय नेपालको एक आर्थिक तथा सामाजिक रूपले पिछडिएको जातिको रूपमा रहेको छ । नेपालमा रोजगारी र अवसरका अभावमा कयौ जनता विदेशिए जस्तै थामीहरू पनि आफ्नो र परिवारको जीविकाको निर्वाहका लागि विदेशिएको पाइन्छ । त्यस्तै अध्ययन क्षेत्रका थामी घरधुरीहरूमध्ये जीविकाको लागि वैदेशिक रोजगारमा संलग्न घरधुरीहरूको विवरण निम्न अनुसार रहेको छ :




**चित्र ६.२: वैदेशिक रोजगारमा परिवारको सदस्यको संलग्नताको आधारमा उत्तरदाताहरूको वितरण**

चित्र ६.२ मा वैदेशिक रोजगारमा जाने महिला र पुरुषको संयुक्त सङ्ख्यालाई स्पष्ट देखाइएको छ । जसमध्ये ३२ घरधुरी अर्थात् २५.२ प्रतिशत घरधुरीका परिवारका कोही न कोही सदस्य वैदेशिक रोजगारमा संलग्न भएको र ९५ घरधुरी अर्थात् ७४.८ प्रतिशत घरधुरीको थामीहरू वैदेशिक रोजगारमा संलग्न नभएको अध्ययनका क्रममा देखिन्छ । विगत १० वर्ष अघि मात्र थामीहरू भारत बाहेक अरू कुनै पनि देशमा रोजगारका लागि संलग्न नभएको तर अहिले भने थामीहरू विशेष गरी खाडी मुलुकहरूमा रोजगारीको लागि संलग्न भएको देखिन्छ । युवा वर्गमा वैदेशिक रोजगारीको आकर्षण थामी जातिमा बढी नै देखिन्छ, आफूसँग पर्याप्त मात्रामा जाने खर्च नभएर पनि ऋण खोजेर भए पनि जान इच्छुक भएको देखिन्छ । विदेश गएर कमाई गर्न खोज्ने विशेष गरी परम्परागत पेसामा संलग्न थामीहरू भएको र यहाँ जति मरिमेटेर काम गर्दा पनि २ छाक खान पनि धौ धौ पर्ने कारणले विदेश गए आफ्नो र परिवारको खर्च जुटाउन सजिलो हुन्छ भन्ने थामीहरूको सोच देखिन्छ ।

## ६.७ घरको निर्माणका आधारमा घरधुरीहरूको अवस्था

थामी जातीको पेसागत परिवर्तनमा उनीहरूको घरको निर्माणको ढाँचाको विश्लेषणले थामी समुदायमा बसोबासको प्रकृति बुझ्न सकिन्छ । आवासले मानिसलाई प्राकृतिक समस्या घाँम, वर्सात्, चिसो तथा अन्य कुराबाट सुरक्षा प्रदान गर्दछ । अध्ययनका क्रममा सुन्द्रावती गा.वि.स. का विभिन्न स्थानमा रहेको थामी घरधुरीहरूको ढाँचा र बसोबासको विवरण निम्नानुसार रहेको देखिन्छ :

**तालिका ६.४ : घरको निर्माणका आधारमा घरधुरीहरू**

| घरको ढाँचा | घरधुरी सङ्ख्या | प्रतिशत |
|---|---|---|
| पक्की ढलन | ५ | ३.५ |
| टिनले छाएको, ढुङ्गाको पर्खाल भएका | ७९ | ६२.२ |
| खरको टिनले छाएको माटाको घर | ४१ | ३२.३ |
| अन्य | २ | १.६ |
| जनसङ्ख्या | १२७ | १०० |

स्रोतः स्थलगत अध्ययन, २०७० ।

तालिका ६.४ मा अध्ययन क्षेत्रका समग्र थामी घरधुरीहरूको निर्माण ढाँचाको प्रकारलाई देखाइएको छ । अध्ययन क्षेत्र सुन्द्रावतीमा रहेका ५ थामीको घर अर्थात् ३.९ प्रतिशतको घर पक्की ढलान, ७९ जना थामी अर्थात् ६२.२ प्रतिशत थामीको घर टिनले छाएको र ढुङ्गाको पर्खाल भएको त्यसै गरी ४१ जना थामीको घर अर्थात् ३२.३ प्रतिशत थामीको घर खर वा टिनको छानो भएको र पर्खाल माटोको रहेको छ र २ जना अर्थात् १.६ प्रतिशत थामीको घर स्याउला, पातीले बारेको अध्ययनका क्रममा देखिन्छ । यस अध्ययनका क्रममा ढलान र ढुङ्गाको गारो भएका सबैजसो घरहरूमा भान्छा कोठा र सुत्ने कोठा अलग अलग रहेको र प्रत्येक परिवारका सदस्यहरूको लागि भिन्न भिन्न सुत्ने कोठा रहेको देखिन्छ र यस्ता घरधुरीहरूको आर्थिक आय पनि राम्रै देखिन्छ तर माटाको गारो र स्याउलाले बारेको घरको स्थिति जोखिमपूर्ण छ । जसमा विशेष गरी घर सानो हुने र परिवार सङ्ख्या ठुलो भएका कारण सीमित कोठामा थुप्रै सदस्यसँगै सुत्ने गर्नु, भान्छाकोठा र सुत्नेकोठा पनि अलग नहुनु, कतिपय घरहरू पुरानो र जीर्ण अवस्थामा रहनु जस्ता चुनौतीपूर्ण समस्याहरू रहेका छन् । यिनीहरूको आर्थिक अवस्था पनि ज्यादै नै न्यून देखिन्छ ।

# cWofo ;ft

# yfdL hfltsf k/Dk/fut l;k / r'gf}tLx¿

थामी जातिका मानिसहरू अत्यन्त मेहनती एवम् लगनशील स्वभावका हुन्छन् । कृषिमा आधारित पेसाबाट जीविकोपार्जन गर्दै आएको हुनाले जीवन धान्नका निम्ति नपुग थप सहयोग पनि कृषिजन्य व्यवसायबाट नै पूर्ति गरेको पाईन्छ । विशेष गरी जङ्गलमा पाइने बाँस र निगालो प्रशोधन गरी डोका, डाला, थुन्चे, भकारी, नाङ्लो आदि जस्ता घरेलु उपयोगका सामग्रीहरू तयार गरेर विभिन्न गाउँमा नगदमा बेचबिखन गर्ने एवम् धान, मकै कोदो आदि जस्ता खाद्यवस्तुसँग सटही गर्ने गर्दछन् । बाँस र निगालोले नै जीवन निर्वाहमा ठुलो सहयोग पुऱ्याउने हुनाले वन जङ्गलमा उपलब्ध नभएको अवस्थामा पनि काम गर्न सजिलो होस् भनी आफ्नै स्वामित्वभित्रको जमिनमा बास र निगालो रोप्ने प्रचलन देखिन्छ (पराजुली २०५८) । बास र निगालो उपलब्ध गराउने नजिकका अन्य जातिका घर परिवारका लागि यिनीहरूले अधियामा घरेलु उपयोगका सामग्रीहरू तयार गरि दिने र आफ्नो भागमा आएको उपर्युक्त सामानहरू नजिकका अन्य गाउँहरूमा लगेर नगद एवम् अन्य खाद्यवस्तुसँग सटही गर्ने गर्दछन् । बाँस र निगालोका घरेलु उपयोगका सामानहरू बुन्ने कामको खोजीमा यिनीहरू जिल्लाका अन्य विभिन्न गाउँहरूमा जाने गर्दछन् । हरेक वर्ष मङ्सिरदेखि चैत्रसम्म यसै काम गर्न यिनीहरूको ठुलो सङ्ख्या गाउँबाट बाहिरिने गर्दछ । यस पेसाबाट यिनीहरूको दैनिक आवश्यकताका वस्तुहरू नुन, तेल, मसला, लत्ता कपडा आदि पूर्ति गर्ने गर्दछन् ।

आफ्नो उत्पादनबाट नपुग हुने अन्नको ठुलो परिमाण समेत यसै व्यवसायबाट पूर्ति गर्ने गरेको पाइन्छ । त्यसै गरी थामी पुर्खाहरू आफूले लगाउने कपडा आफै बनाउने गर्दथे र बढी भएको विक्री वितरण तथा साटफेर गर्ने गर्दथे । वन जङ्गलमा पाउने ओल्लोको बोटबाट घरेलु उपायद्वारा भाङ्ग्रा, चोलो, फरिया बनाउने गर्दथे । त्यसै गरी भेडा, च्याङ्ग्राको रौंबाट पनि विभिन्न प्रकारका कपडा बनाएर लगाउनुको साथै बाकी भएको विभिन्न खाद्य सामग्रीसँग साटफेर गर्ने गर्दथे । सिकार गर्नु, माछा मार्नुका साथै नजिकैको जलस्रोतको वरिपरि तरकारी लगाएर खाने गर्दथे । आधुनिकीकरणको प्रक्रिया, विभिन्न विकासका योजना र तत्कालीन श्री

५ को सरकारले सामुदायिक वनको अवधारणाको विकास गरी वन जङ्गल विभिन्न उपभोक्ता समूहको अधिनमा जिम्मा लगाएको कारणले वन जङ्गलबाट स्वतन्त्र रूपमा यिनीहरूको व्यवसायका लागि चाहिने कच्चा पदार्थ प्राप्त गर्न कठिनाई भइ रहेका कारणले यिनीहरूको यो पेसा दिनानुदिन सङ्कटमा पर्दै गएको देखिन्छ ।

**व्यक्तिगत अध्ययन १**

**मान बहादुर थामी परम्परागत पेसा अनुभवी**

मान बहादुर थामी वर्ष ७६ घर सुन्द्रावती गा.वि.स. ७ हो । मान बहादुर थामी निरक्षर हुन् । उनी आफ्नो परिवारसँग बस्दछन् । यिनका ३ जना छोराहरू छन् र तिनीहरू १ जना ड्राइभर र २ जना विदेशी रोजगारमा संलग्न छन् । मान बहादुर सानो उमेरबाट नै आफू र आफ्ना बुबा पनि यस्तै डोको, नाम्लो, भकारी डालो बुन्ने पेसामा लागेको बताउँछन् र आमाले पनि यस्तो काममा सघाउने गरेको बताउँदछन्, त्यसै गरी आमा तथा दिदी बहिनीहरू मिलेर लुगा बुन्ने र यिनीहरूद्वारा बनेको लुगा आफूले लगाउने गरेको बताउँदछन् । छिप्पोको कपडामा आफैले बुट्टा भरेर आफ्नो आमा दिदी बहिनीहरूले लगाउने गरेको बताउदछन् । यसरी आफैले तयार गरेका सामग्रीहरू पैसा वा खाद्य सामग्री जस्तै धानसँग साटफेर गरेर आफ्ना आवश्यकताहरू पुरा गर्ने गरेको बताउँदछन् । त्यसै गरी विभिन्न स्थानमा गएर  घर छाउने काम पनि गरेको बताउँछन् । यस समयमा थामीहरू आफैमा निर्भर भएको कुरा थाहा हुन्छ । घरमा जग्गा जमिन कम भएको कारण गाँस, बासको समस्या पर्दथ्यो र यस्ता पेसाबाट केही राहत पाउने गरेको बताउँदछन् र वर्तमानमा भने आफ्नो घरको लागि मात्रै यस्ता घरेलु सामग्री बनाउने गरेको बताउँदछन् । ओल्लोको, भेडा, च्याङ्ग्राको रौँबाट कपडा बनाउने काम भने लोप भैसकेको बताउँछन् र आफू पनि राजनैतिक क्रियाकलाप वा राजनीतिक क्षेत्रमा प्रवेश गरेको बताउँदछन् । समयको माग सँगसँगै आफूले पनि पुर्खाहरूको पेसालाई निरन्तरता दिन नसकेको बनाउँदछन् । त्यसै गरी कच्चा पदार्थको अभावले पनि यो पेसा सङ्कटमा आएको बताउँदछन् ।

**व्यक्तिगत अध्ययन २**

**सन्तमाया थामी परम्परागत पेसाको तालिम प्राप्त**


वर्ष ४५ की घर सुन्द्रावती-६, दोलखा हो । लापिलाङ-३ मा जन्म भई, विवाह गरी यस ठाउँमा आएको बताउँदछिन् । यिनले प्राथमिक तहसम्मको शिक्षा हासिल गरेकी छिन् । यिनको एक छोरी र दुई छोरा छन् एक छोरीको विवाह भैसकेको र छोराहरू पढ्दै गरेका छन् । सन्तमाया स्वास्थ्य स्वयम् सेविका पनि हुन् र आफ्नै घरमा सानो पसल पनि गरेर बसेकी छन् । यिनी थामी महिलामा अग्रसर महिलाका रूपमा आफ्नो पहिचान दिएकी छिन् । सन्तमायाले आफ्नो बुबा, हजुरबाबाहरूले यस्तो डोको, डालो, नाम्लो, नाङ्लो आदि सामग्री बनाएको देखेकी थिइन् र बाँस निगालो काट्न ओसार पोसार गर्न आफू पनि सहभागी भएको बताउछिन्, यस्तो पेसाले घर चलाउन सजिलो र राम्रै आम्दानी हुने गर्दथ्यो त्यसै गरी विभिन्न घरेलु तरिकाले भाङ्ग्रा, चोलो फरिया जस्ता लुगाहरू बनाइ लगाउने गरेको बताउँछिन् । विस्तारै छिप्पोको कपडामा बुट्टा भरेर फरिया तथा चोलो लगाउन थाले तर आज भोलि बजारबाट प्राप्त लुगाहरू लगाउने गरेको बताउँदछिन् । कपडा बनाउने काम त लोप भैसकेको र बाँसबाट घरेलु सामग्री बनाउने पेसा भने लोप हुने अवस्थामा रहेको बताउँदछिन् । यसरी आफ्नो पुर्खौली पेसालाई जर्गेना गर्न थामी महिला र जागरूक व्यक्तिहरू मिलेर आफ्नै गा.वि.स. भवनमा अनुभवी व्यक्तिद्वारा यस्तो तालिम दिने र इच्छुक थामी महिलाले बिनापैसा यस्तो तालिम लिन सक्ने व्यवस्था गराएपछि सन्तमाया आफै पनि यस तालिम लिदै गरेको बताउँदछिन् । २, वटा नाङ्लो र डालो बनाइ सकेको र अरू सामग्री पनि बनाउन सिक्दै गरेको बताउँछिन् । बाँस, निगालोको लागि आफ्नै पाखो बारीमा रोप्न थालेको बताउँदछिन् । यस तालिमले महिलालाई आर्थिक रूपमा सक्षम बनाउन र पुर्खौली पेसालाई संरक्षण गर्न मद्दत पुगेको बताउँदछिन् ।

## ७.१ परम्परागत पेसाको अवस्था

धेरै जसो आदिवासी मानिसहरू आफ्नो वरिपरिको वातावरणका आधारमा जीवन यापनका लागि विशिष्ट पेसाहरूको विकास गर्दछन्, जुन स्थानीय वातावरण, हावापानी, उपलब्ध साधन र स्रोतहरूमा आधारित हुन्छन् । जसमा विशेष गरी सिकार गर्ने, माछा मार्ने, कृषि, अन्न तथा अन्य उत्पादनको सङ्ग्रह गर्ने हाते सामग्री तथा सिलाइबुनाई आदिका कामहरू पर्दछन् । त्यसैले कतिपय अवस्थामा आदिवासी मानिसहरू उनीहरूको परम्परागत पेसाका आधारमा चिनिने गर्दछन् (लाजिम्वाङ २००८) । थामी समुदायको पुर्खाहरूले अपनाउँदै आएको मुख्य पेसा भनेको जीवनगुजारा कृषिकै वरिपरि सीमित छ, डोको, नाम्लो, मान्द्रा, भकारी जस्ता

हाते सामाग्री बुनेर अन्नसँग साटफेर गर्दथे । त्यसै गरी घरेलु उपायद्वारा आफैले विभिन्न कच्चा पदार्थद्वारा कपडाहरू बनाउने गर्दथे । यिनीहरू पूर्णतया वन सम्पदामा निर्भर रहन्थे । त्यसै गरी भरिया पेसा पनि यिनीहरूको निकै पुरानो पेसा मानिन्छ ।

भरिया पेसा साह्रै दुःखी पेसा हो । यसमा थोरै ज्यालाका लागि धेरै काम गर्नुपर्छ, यसले उमेरमै बुढो बनाइ दिन्छ । यो मानव शरीरको एउटा जटिल आदिम प्रयोग हो जसमा धेरै टाढा टाढासम्म केवल पिठ्युँकै भरमा भारी पुऱ्याइन्छ । नेपालका भरियाहरू ग्रामीण गरिबीका दलदलमा फसेका सिमान्त किसाहरू हुन् । महामारी जस्तै अल्प रोजगारी फैलिएको मुलुकमा पहाडका किसानहरूलाई उकाली ओरालीमा डोको बोकेर हिँड्नु बाहेक नगद आर्जन गर्ने, अन्य उपायहरू थोरै छन् । केभिन बुब्रिस्कीले भनेको छन कि "तपाईंको जीवन जति सरल छ र तपाई जति गरीब हुनु हुन्छ तपाई त्यति नै ठुलो भारी बोक्नु हुन्छ (हिमाल, २०४७) । तर पछिल्लो समयमा शिक्षा, रोजगारको अवसर, आधुनिकीकरणको प्रभाव, यातायातको सुविधा, विकास योजनाले गर्दा थामीहरूको पेसामा पनि परिवर्तन देखिएको छ । बिस्तारै पुर्खाहरूले अपनाउँदै आएको पेसालाई परिमार्जन गर्दै नयाँ ढङ्गले आफ्नो पेसालाई स्थापित गर्ने सङ्ख्या क्रमश बढ्दै छ । यसरी अध्ययनका क्रममा प्राप्त परम्परागत पेसा अपनाउने र नअपनाउने घरधुरी सङ्ख्याको विवरण यस प्रकार रहेको छ :




**चित्र ७.१: परम्परागत पेसा अपनाएको आधारमा उत्तरदाताको विवरण**

माथिको चित्र ७.१ मा उल्लेख गरिए अनुसार अध्ययन स्थलमा जीवनगुजारा कृषि, भरिया, धामि झाँक्री, वन फडानी जस्ता परम्परागत अथवा आफ्ना पुर्खाहरूको पेसा अवलम्बन गर्ने ५३ जना अथवा ४१.७ प्रतिशत देखिन्छ । त्यसै गरी अरू व्यावसायिक कृषिमा लागेका, सेवा, वैदेशिक रोजगार, व्यावसायिक काममा संलग्न ७४ जना अर्थात् ५८.३ रहेका छन् ।

## ७.२ थामी जातिको परम्परागत पेसा र आधुनिक पेसा

पेसा समाजको आर्थिक पक्ष निर्धारण गर्ने एक महत्त्वपूर्ण पक्ष हो, जसमा व्यक्तिहरू आफ्ना आवश्यकता पूर्ति गर्ने माध्यमका रूपमा आबद्ध हुन्छन् । (डिक्सनेरी अफ सोसियोलोजी १९९९) का अनुसार पेसा भनेको समाज भित्रको श्रम विभाजनद्वारा कटिबद्ध एक सामाजिक भूमिका हो, एक व्यक्तिको विशेषताको रूप हो, जसले त्यस समाजका व्यक्तिहरूको महत्त्वपूर्ण प्रतिष्ठा, वर्गस्थिति र जीवन शैली देखाउँछ । विद्या भूषण (१९९९) का अनुसार पेसा एक समुदायमा एक व्यक्तिको सामाजिक प्रतिष्ठा तह निर्धारण गर्ने माध्यमको रूप हो । कुनै पनि समाजमा मानिसको व्यवहार बुझ्नका लागि पेसा एक महत्त्वपूर्ण कारक तत्व हो । सहरी र औद्योगिक समाजमा, जहाँ श्रमको एक पर्याप्त मतभेद छ, पेसालाई आर्थिक आय निर्धारण गर्ने महत्त्वपूर्ण पक्षका रूपमा लिइन्छ ।

ग्रामीण घरधुरीहरूमा आम्दानीको स्रोतका रूपमा एक व्यक्तिको पेसा वा कार्य मात्र पर्याप्त हुँदैन, धेरै जसो एउटै घरधुरीभित्रका सदस्यहरू पनि भिन्न भिन्न कार्यमा संलग्न रहन्छन् । एलिस (१९९८) का अनुसार ग्रामीण घरधुरीहरूमा प्रायः जीवन निर्वाहको आवश्यकता पुरा गर्न थुप्रै जीविकाका क्रियाकलापहरूको संयुक्त प्रयोगलाई अँगाल्ने गर्दछन् जसमा विशेषत कृषिजन्य उत्पादन, ज्याला मजदुरी र वन्य उपजहरूको सङ्कलन कार्य गर्दछन् ।

सुन्द्रावती क्षेत्र पनि एक ग्रामिण क्षेत्र हो त्यसमा पनि थामी जाति एक पिछडिएको आदिबासी जनजानि हुन् । थामी पुर्खाहरू जीवनगुजारा कृषि, डोको, नाम्लो, भकारी र अन्य घरेलु सामग्री बन्ने गर्दथे, त्यस्तै भरिया पेसा, वनफँडानी, ढुङ्गा छाउने जस्ता पेसामा आबद्ध थिए । कतिपय थामीहरू अहिले पनि पुर्खाहरूको पेसा अपनाउँदै छन् भने कतिले विभिन्न कारणबस यि पेसा छाडेर अन्य पेसामा आबद्ध भएको देखिन्छ । थामी जातिका मानिसहरू अत्यन्त मेहनती एवम् लगनशील स्वभावका हुन्छन् । विशेष गरी जङ्गलबाट प्राप्त कच्चा पदार्थबाट विभिन्न घरेलु सामाग्री बनाई आफूलाई आवश्यक सामग्रीसँग सटही गर्दथे तर यी पेसाहरू

लोप हुने अवस्थामा छन् त्यसैलाई ध्यानमा राखेर विभिन्न NGO/INGO जस्ता सामाजिक संस्थाले यस्तो कामका लागि तालिमको व्यवस्था गरेको अध्ययनका क्रममा देखिन्छ ।

समयको परिवर्तन, शिक्षा आधुनिकीकरणको प्रभावसँगै थामी जातिका मानिसहरू विभिन्न आधुनिक पेसामा संलग्न हुँदै गएका छन् । कृषि पेसा पनि व्यवसायिक तरिकाले अपनाउन अग्रसर छन् । गाउँमै जे.टी.ए. द्वारा कृषि तालिम प्राप्त गरेर गोलभेडा खेती, तरकारी खेती गरेर बजारमा लगेर बिक्री गरी अर्थ उपार्जन गरेका छन् । थामी युवाहरू वैदेशिक रोजगार, सेवा र चरिकोट, स्थानीय बजार कटुवाचौर, काठमाडौं जस्ता सहरमा होटल व्यवसाय साथै ड्राइभर पेसा गर्ने थामी युवाहरूको सङ्ख्या पनि बढ्दो छ । यिनीहरू बिस्तारै पुर्खाहरूको पेसा छोड्दै नयाँ पेसा अपनाउँदै गइ रहेका छन् । पहिला वन फडानीमा संलग्न थामी पुर्खाहरू अहिले उनकै सन्ततिहरू आज काठ, दराज, ढोका जस्ता फर्निचर सामाग्री जुन मिसिनद्वारा बनाइन्छन्, यस्ता काममा संलग्न छन् । अध्ययनका क्रममा १ घरधुरीका मानिसहरू पनि भिन्न-भिन्न पेसा अपनाएको देखिन्छ त्यसै गरी १ जनाले नै २/३ पेसा अपनाएको अध्ययनका क्रममा देखिन्छ ।

**तालिका ७.१: पेसाका आधारमा उत्तरदाताको विवरण**

| पेसा | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| जीवनगुजारा कृषि | ५१ | २८.०२ |
| ज्याला मजदुरी भरिया | ३० | १६.४८ |
| धामी झाँक्री | ५ | २.७५ |
| डोको नाम्लो हाते सामग्री बनाउने | ५ | २.७५ |
| व्यवसायिक कृषि | १७ | ९.३४ |
| व्यापार व्यावसाय | २० | १०.९८ |
| सेवा | १३ | ७.१३ |
| वैदेशिक रोजगार | ६ | ३.३० |
| फर्निचर मिलमा संलग्न | २७ | १४.८४ |
| ड्राइभर | ८ | ४.४० |
| जम्मा | १८२ | १००.०० |

स्रोत: स्थलगत अध्ययन, २०७०

माथिको तालिका ७.२ मा सबैभन्दा धेरै कृषि पेसामा संलग्न भएको देखिन्छ । कृषिमा पनि जीवन गुजारा कृषिमा संलग्न ५१ जना अथवा २८.०२ प्रतिशत छन् । धामी झाँक्रीमा संलग्न ५ जना, त्यसै गरी ज्याला मजदुरी भरिया पेसा र हाते सामग्री बनाउने पेसामा क्रमशः ३० जना अर्थात् १६.४८ प्रतिशत र ५ जना अर्थात् २.७५ प्रतिशत देखिएको छ । आधुनिक पेसा तर्फ व्यावसायिक कृषिमा संलग्न १७ जना अथवा ९.३४ प्रतिशत छन् । कृषिमा नै पशु पालन देखि खेतीपाती सबैलाई राखिएको छ । त्यसै गरी व्यापार व्यवसायमा संलग्न थामी २० जना अथवा १०.९८ प्रतिशत छन् । यस्तो व्यवसायमा संलग्न थामीहरू मुख्य गरेर चरिकोट, काठमाडौँ र नजिकैको कटुवाचौर बजारमा आफ्नो व्यवसाय गर्दछन् । सेवा तर्फ १३ जना अर्थात ७.१३ जना संलग्न रहेका छन् । वैदेशिक रोजगारमा ६ जना अथवा ३.३० प्रतिशत छन्, यहाँका थामीहरू पनि वैदेशिक रोजगारप्रति आकर्षित हुँदै छन् तर इजरायल गएका सुन्द्रावती ९ का २ थामी दाजुभाई भने फर्केर आफ्नै ठाउँमा व्यवसायिक तरकारी खेती गरेर आफ्नो जीवन यापन चलाइरहेका छन् । त्यस्तै सिकर्मी, डकर्मी, मिल भएका २७ जना अथवा १४.८४ प्रतिशत जना र ड्राइभर पेसामा संलग्न ८ जना अर्थात् ४.४० प्रतिशत देखिन्छन्, थामीहरू यसरी परम्परागत पेसाबाट जीवन गुजारा गर्न गाह्रो भएर विभिन्न आधुनिक पेसा अपनाउँदै गरेको देखिन्छ ।

## ७.३ औसत मासिक आम्दानीको आधारमा उत्तरदाताको वितरण

एक परिवारका सबै सदस्यहरूको संयुक्त कुल आम्दानीमा १५ वर्षभन्दा माथि र ६५ वर्ष नपुगेका परिवारका सदस्यहरू सहभागी हुन्छन्, एउटै परिवारको सदस्य मानिनका लागि व्यक्तिगत तबरबाट त्यस कुल आम्दानीमा बराबरी रूपले सहभागी हुनै पर्छ भन्ने हुँदैन । कुनै पनि घरधुरीको कुल आम्दानीमा परिवारको सबै सदस्यको संयुक्त लगानी हुनुको साथै प्रत्येक सदस्यको महत्त्वपूर्ण भूमिका हुन्छ (www.investopedia.com) । ग्रामीण घरधुरीहरू भित्र जीविकाको लागि कुनै एक व्यक्तिको कार्य मात्र पर्याप्त नहुन सक्दछ तसर्थ धेरैजसो घरधुरी भित्रका सदस्यहरू भिन्न भिन्न कार्यमा संलग्न रहन्छन् । र यिनै भिन्न भिन्न कार्यबाट आएको आम्दानीले परिवार चल्ने गर्दछ । यसरी अध्ययन क्षेत्रमा यी विविध कार्यबाट प्राप्त मासिक आम्दानी के कति हुन्छ भनी सोधिएको प्रश्नको उत्तर जुन तल तालिकामा प्रस्तुत गरिएको छ । यस तालिकाबाट उनीहरूको आर्थिक अवस्थाको जानकारी प्राप्त भएको छ । सुन्द्रावतीका

१२७ थामी घरमुलीसँग तपाइको घरको मासिक आम्दानी कति छ भनी सोधिएको प्रश्नको उत्तर तल तालिकामा स्पष्ट देखाइएको छ :

**तालिका ७.२: औसत मासिक आम्दानीको आधारमा उत्तरदाताको वितरण**


| औसत मासिक | परम्परागत | | आधुनिक | | जम्मा | |
|---|---|---|---|---|---|---|
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| रु. ५००० सम्म | ४० | ३१.५ | | | ४० | ३१.५ |
| रु. ५०००-१०००० | १३ | १०.२ | ४५ | ३५.५ | ५८ | ४५.७ |
| रु. १०००० भन्दा माथि | | | २७ | २१.३ | २७ | २१.३ |
| अनुत्तरित | | | | | २ | १.६ |
| जम्मा | | | | | १२७ | १०० |

स्रोतः स्थलगत अध्ययन २०७०

यस तालिकाबाट मासिक रु. ५००० भन्दा कम आय आर्जन हुने घर परिवार ४० घरधुरी अथवा ३१.५ प्रतिशत देखिन्छ, जसको मुख्य पेसा जीवन गुजारा कृषि नै हो । यिनीहरूलाई आफ्नो आम्दानीले खानपानको पनि राम्रो व्यवस्था हुन सकि राखेको छैन । परिवार सङ्ख्या बढी र कम आम्दानीले गर्दा  गाँस, बास कपासमा समस्या आएको अध्ययनका क्रममा देखिन्छ । रु. ५०००-१०००० मासिक आम्दानी हुने घरधुरी सबै भन्दा बढी घरधुरी ५८ घरधुरी अर्थात् ४५.७ प्रतिशत देखिन्छ । जसमा परम्परागत पेसा अपनाउने १३ घरधुरी अर्थात १०.२ प्रतिशत देखिन्छ भने आधुनिक पेसा अपनाउने ४५ घरधुरी अर्थात ३५.५ प्रतिशत देखिन्छ । यिनीहरूको मुख्य पेसा कृषि, भरिया, सिकर्मी, डकर्मी, सरकारी जागिर भएका थामीहरू पर्दछन् । सरकारी जागिरमा थामीहरू माथिल्लो तहमा भने देखिदैन । रु. १०००० भन्दा माथि कमाई हुने घरधुरी २७ अथवा २१.३ प्रतिशत घरधुरी देखिन्छ । यिनीहरूको आर्थिक स्थिति राम्रो भएको कारण यिनीहरूको सन्तानहरू सहरका बोडिङ विद्यालयहरूमा गएर अध्ययन गरेको देखिन्छ । यी घरधुरीका थामीहरूको मुख्य पेसा भेनेको वैदेशिक रोजगारका साथै व्यापार व्यवसाय पर्दछन् । अनुत्तरितमा २ जना अथवा १.६ प्रतिशत छ, जसले आफ्नो कमाई के कति छ भन्ने हिसाब नराखेको बताउँदछन् ।

## ७.४ वर्तमानमा आम्दानीबाट आफ्ना आवश्यकता पूर्ति भएका र नभएका घरधुरीहरू

तालिका ७.२ मा परम्परागत पेसा र आधुनिक पेसामा संलग्न थामी घरधुरीका सदस्यहरूको आयस्रोतले आफ्नो र परिवारको आवश्यकता पूर्ति भएको छ कि छैन ? भन्ने प्रश्नमा उनीहरूको उत्तरबाट प्राप्त गरेको विवरण यस प्रकार रहेको छ :




**चित्र ७.२: मासिक आयले आवश्यकता पूर्ति हुने र नहुने घरधुरीहरू**

चित्र ७.२ मा वर्तमानका समग्र आम्दानीका कार्यहरूबाट हुने आम्दानीले थामी जातिका आवश्यकता पूर्ति भएका छन् वा छैनन् भन्ने प्रतिशतमा देखाइएको छ । वर्तमानको आम्दानीले आवश्यकता पूर्ति भएको छ भन्ने घरधुरी जम्मा ५८.३ प्रतिशत अर्थात् ७४ घरधुरी रहेको छ । यी थामी घरधुरीका सदस्यहरू आधुनिक पेसामा संलग्न रहेको अध्ययनका क्रममा देखिन्छ । यिनीहरूको मुख्य पेसा व्यवसायी कृषि, व्यापार, वैदेशिक रोजगार, सेवा रहेको पाइन्छ र आवश्यकता पूर्ति नभएका घरधुरी ४१.७ प्रतिशत अर्थात् ५३ घरधुरी रहेको छ । यी थामी घरधुरीका सदस्यहरू परम्परागत पेसामा संलग्न रहेको पाइन्छ जसले आफ्ना आवश्यकता र आफ्ना परिवारका दैनिक आवश्यकता पूर्ति गर्न छिमेकी थामी अथवा अरू जातिका मानिसहरूसँग सरसापट लिएर खाँचो टार्ने गरेको देखिन्छ । जसको पूर्ति पैसा नै दिएर अथवा उसको घरमा खेताला, मेलापाता गएर तिर्ने गरेको स्थानीय थामीहरू बताउँछन् । यस्ता थामी घरधुरीहरूको मुख्य पेसा जीवन गुजारा कृषि, मजदुरी, भरिया पेसा

नै हो । जसको मासिक आम्दानी ७ हजार भन्दा कम छ र कमाई थोरै, परिवार सङ्ख्या धेरै हुँदा २ छाक टार्न मुस्किल भएको अध्ययनका क्रममा देखिन्छ ।

## ७.५ परम्परागत पेसा छोड्नुका कारण

आदिवासीको परम्परागत पेसा जस्तै कृषि पशु पालन, हाते सामाग्री, माछा पालन जस्ता पेसा सरकारले महत्त्व नदिएका कारण वा नचिनेको कारण यस्तो पेसालाई विकासको प्रक्रियामा सहभागी हुन सक्दैन भन्ने सोचाइ राख्दछ । जसका कारण उनीहरूमा भेदभाव आउछ । जसले गर्दा आदिवासि जनजातिले आफ्नो पारम्पारिक पेसा गुमाइ राखेका छन्  (ILOLEX 2010)। थामी जातिहरूमा रहेको किपट भूमि र वन जङ्गलबाट प्राप्त वस्तुहरूबाट आफ्नो जीवन निर्वाह गर्ने गर्दथे । जब भूमि सुधार ऐन लागु भयो र वन जङ्गल पनि समुदायलाई हस्तान्तरण गरियो । त्यसपछि थामी जातिमा पेसागत समस्या देखिन थाल्यो । तर अहिले आएर विकासको नयाँ प्रक्रियामा नेपाल सरकारले अथवा NGO, INGO जस्ता संस्थाहरूले यस्ता पेसालाई नयाँ ढङ्गले पुनः स्थापना गर्ने कार्यमा लागि रहेको पाइन्छ ।

सहरीकरण, विश्वव्यापीकरण, आधुनिकीकरण, विकास योजना, सरकारी नीति, सूचना र प्रविधि आदिको विकासको साथसाथै थामीहरूमा आफ्ना पुर्खाहरूले अपनाउँदै आएको पेसामा कम आम्दानी हुने, कम सामाजिक महत्त्व, काम गर्न गाह्रो भएको कारणले वर्तमानमा थामीहरू जीवन यापनका लागि अन्य उपायहरूको खोजी गर्दैछन् । यसरी थामीहरूको पुर्खौली पेसा विलिन हुने अवस्थामा छ भने कतिपय अवस्थामा परिमार्जित पनि हुँदै गइ रहेको छ । परम्परागत कृषि प्रणाली पनि विस्तारै व्यवसायिक कृषि प्रणालीमा रूपान्तरित हुँदै छ । विभिन्न ठाउँमा यातायातको व्यवस्थाले गर्दा भरिया पेसाबाट गुजारा गर्ने थामीहरू अन्य पेसामा संलग्न भइ रहेका देखिन्छ ।

**तालिका ७.३: पुर्खौली पेसा छोड्नुको कारणका आधारमा उत्तरदाताहरूको विवरण**

| छोड्नुको कारण | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| कम आम्दानी | ४० | ५४.०५ |
| गाह्रो | १९ | २५.६८ |
| कच्चा पदार्थको अभाव | ५ | ६.७६ |
| अनुत्तरित | १० | १३.५१ |
| जम्मा | ७४ | १००.०० |

स्रोतः स्थलगत अध्ययन, २०७०

तालिका ७.५ का अनुसार अध्ययन क्षेत्रमा कम आम्दानी भएर पुर्खौली पेसा छाड्ने ४० जना अर्थात् ५४.०५ प्रतिशत देखिन्छ त्यसै गरी काम गर्न गाह्रो र कच्चा पदार्थको अभाव भएर छोड्ने क्रमशः १९ जना अर्थात् २५.६८ र ५ जना अर्थात् ६.७६ प्रतिशत देखिन्छ । अनुत्तरितमा १० जना अथवा १३.५१ प्रतिशत थामीहरू भने कहिल्यै पनि पुर्खाहरूको पेसा नअपनाएको अध्ययनका क्रममा देखिन्छ ।

## ७.६ थामीहरूको पेसागत परिवर्तन

थामीहरूको परम्परागत पेसा भनेको कृषि हो, त्यसै गरी वन जङ्गल जलस्रोत, जमिनमा निर्भर रहने थामीहरू सिकार गर्ने माछा मार्ने जस्ता पेसाहरूद्वारा आफ्नो जीविकोपार्जन गर्दथे । वन जङ्गलबाट प्राप्त फलफूल, तरकारी र नजिकैको खोलाबाट माछा मारेर आफ्नो खाद्यान्नको आवश्यकता पूर्ति गर्ने गर्दथे । घरपालुवा जनावर पालेर त्यसबाट आर्थिक उपार्जन अथवा खानाको अभावलाई परिपूर्ति गर्दथे । त्यसै गरी वन जङ्गलबाट प्राप्त कच्चा पदार्थ अथवा बाँस, निगालोद्वारा निर्मित विभिन्न हाते सामग्रीहरू जस्तैः डाला, बास्केट, आदि सामग्री बनाई बेचबिखन गर्नुको साथै खाद्यान्नसँग साटफेर गर्दथे यिनीहरूसँग आफ्नै प्रशस्त मात्रामा किपटभूमि हुँदा खाद्यान्नमा समस्या हुँदैनथ्यो । जब भूमि सुधार ऐन लागु भयो र सन् १९७६ मा वन जङ्गल समुदायलाई हस्तान्तरण गरीयो तब थामीहरूको किपट भूमि तथा वन जङ्गल आफ्नो अधिनमा नहुँदा यिनीहरूको परम्परागत पेसा सङ्कटमा आयो र थामी क्षेत्रमा ब्राहमण क्षत्रीहरूको बसोबासले गर्दा कतिपय थामी भूमिहीनसम्म बन्न पुगे (गुरुङ, थामी,२०१४) ।

थामीहरूको पुर्खाहरूको पेसा भन्नाले जीवन गुजारा कृषि, घरेलु व्यवसायिक हाते सामाग्री बनाउने, बन माहुरी काड्ने, भरिया, ढुङ्गा छाउने पेसालाई लिन सकिन्छ । यिनीहरू आफैमा निर्भर थिए । यस्तै पेसाबाट आफ्नो जीवन गुजारा गर्दथे । जब लापिलाङ्गमा ढुङ्गाको खानीको सुरूवात भयो त्यसपछि ढुङ्गा सम्बन्धी पेसा अपनाउन थाले (सैडरम्यान २००९) । वर्तमानमा परम्परागत पेसा अपनाउने थामीहरूको अवस्था दयनीय बन्दै गएको देखिन्छ र कतिपय थामीले यस्तो पेसा छाडेर नयाँ पेसामा संलग्न भएको देखिन्छ नयाँ पुस्ताका थामीहरू भने वैदेशिक रोजगार तथा व्यापारमा आफ्नो रूचि भएको बताउँदछन् । शिक्षाको अवसर, औद्योगिकिकरण, आधुनिकीकरणको प्रभाव, रोजगारका अवसरहरूको वृद्धि आदिको प्रभावले थामीहरूको पुर्खौली पेसा विस्तारै लोप हुँदै गइराखेको छ । अध्ययनका क्रममा पनि धेरै जसो थामीहरू वैदेशिक रोजगार, सेवा, फर्निचर सम्बन्धी काममा संलग्न रहेको देखिन्छ । धामी झाँक्री कार्यबाट आफ्नो जीविका धान्ने थामीहरू पनि सङ्कटमा परेका छन् । थामीहरू संस्कृतीकरण हुँदै जाँदा आफ्ना धामी झाँक्रिबाट संस्कारहरू गर्न छाडेर पूरोहित, लामाद्वारा आफ्नो संस्कारहरू चलाउने गरेको देखिन्छ ।

थामीहरूको कृषि पेसामा भने राम्रो उन्नति भएको देख्न पाइन्छ । पहिला खानको लागि राम्रो उब्जाउ नहुने खेतबारीमा कृषिको विकास वा कृषि तालिमले गर्दा तिनै खेतबारीमा अहिले राम्रो उब्जाउ हुने गरेको देखिन्छ । यस क्षेत्रमा धानको उब्जाउ चिसो हावा पानीले गर्दा निकै नै कम हुन्थ्यो जब हिमाली धानका विउको प्रयोगसँगसँगै यस क्षेत्रमा धानको उब्जाउ पनि राम्रो भएको पाइन्छ । किटनाशक औषधिको प्रयोग, विकसित बिऊको प्रयोग, टर्नेल खेती प्रणालीले पनि जीवन गुजारा कृषिबाट माथि उठ्न सहयोग पुगेको छ । त्यसै गरी वन जङ्गलमा निर्भर रहने थामी पुर्खाहरू अहिले उनकै सन्ततिहरू व्यवस्थित रूपमा काठ दाउरा निकासी गरी फर्निचर बनाउने काममा संलग्न छन् । यसरी पछिल्लो समयमा बढ्दो औद्योगीकरण, विकास योजना, सरकारी निति आदिको प्रभावले नेपालका थामी जातिको जीवन शैलीमा परिवर्तन र परिमार्जनको दिशातर्फ धकेलेको पाइन्छ ।

## ७.७ खानपान र भेषभूषा

यहाँको थामी जातिका मानिसहरूको खानपानको मुख्य वस्तुहरू धान, मकै, कोदो, गहुँ, फापर, मास, भटमास र साग सब्जिहरू नै हुन् । विशेष गरी यस जातिका मानिसहरूले मकै

र कोदाको ढिँडो खाने गरेको पाइन्छ र आजभोलि हिमाली धानको बिउको प्रयोगले धान पनि राम्रै फल्ने हुनाले भात पनि खाने गरेको पाइन्छ । थामी जातिमा पनि अलि धनी, कमाइ हुने थामीले खानामा चामल वा भातको बढी प्रयोग गरेको पाईन्छ र न्यून वर्गका थामीहरू ढिँडो, सिस्नो, निउरो, भ्याकुर प्रयोग गरेको पाईन्छ । यस जातिमा वर्षभरि खानपुग्ने अन्न हुनेलाई सम्पन्न मान्ने चलन छ । यिनीहरू राँगा, भैसी, कुखुरा, बाखा, खसीको मासु खाने गर्दछन् । सुँगुर र बुंगुरको मासु भने थामीहरूले अशुद्ध मान्दछन् । यिनीहरू जाँड, रक्सी आफै बनाएर खाने गर्दछन्, विभिन्न चाडबाड र संस्कारहरूमा जाँड रक्सी अनिवार्य आवश्यक पर्दछ ।

थामीहरूको पुरूषहरूले पहिला ओल्लोको भाङ्ग्रा, टोपी बनाई लगाउँथे त्यसै गरी महिलाले ओल्लोको चोलो, छिप्पोको फरियामा बुट्टा रङ्ग भरेर लगाउने गर्दथे । तर आजभोलि पुरुषहरू दौरा, भोटो, कमिज र ईस्टकोट लगाउने गर्दछन् र महिलाहरू सबैले लगाउने चोलो, फरिया लगाउने गर्दछन् ।  युवा युवतीहरू सर्ट, प्यान्ट, कोट, कुर्ता सुरूवाल, मिडी लगाउने गरेको देखिन्छ । विशेषगरी विभिन्न चाड, पर्व, मेला, उत्सव, विवाह आदिमा आधुनिक किसिमका कपडाहरू लगाउने प्रचलनमा वृद्धि भएकोले परम्परागत भेषभुषाहरू लोप हुँदै गएको पाइन्छ । त्यसै गरी आफैले भेडा च्याङग्राको रौँबाट जाडोमा लगाउने लुगाहरू बनाउने गर्दथे । वन जङ्गलबाट प्राप्त हुने ओल्लोको बोटबाट घरेलु उपायद्वारा भाङ्ग्रा, चोलो, फरिया बनाएर लगाउनुका साथै अन्नसँग साटफेर गर्दथे । यतिबेला थामीहरूको आफ्नै परम्परागत भेषभूषा थियो तर वर्तमानमा यो सिप तथा भेषभूषा भने लोप भैसकेको अवस्था देख्न सकिन्छ ।

# cWofo cf7

# ;f/f+z, lgisif{ / ;'emfjx¿

## ८.१ सारांश

यस अध्ययन दोलखा जिल्लाको सुन्द्रावती गाविसमा ९ वटा वडामा रहेका २५३ थामी घरधुरीहरू मध्ये दैवी नमुना छनौट विधिद्वारा १२७ अथवा ५० प्रतिशत थामी घरधुरीहरूको पेसागत परिवर्तनका बारेमा अध्ययनमा आधारित छ । थामी पुर्खाहरू सिमरौनगढबाट ठिमी हुँदै दोलालघाटबाट सुनकोसी तरेर दोलखा तामाकोसी तिरतिरै घुम्दै पछि सुस्पाक्षमावतीको राङ्राङ् थलोमा वन जङ्गल फाडेर आफ्नो बसोबास गरेको सुन्न, पढ्न पाइन्छ । थामीहरूलाई राई लिम्बुका परिवारबाट छुटि्टएको एक उपजातिको रूपमा मानिन्छ । ठिमी आइ सकेपछि थामी पुर्खाहरू कोही पूर्वतिर फर्क्यौं भन्न थाले र कोही थामी पुर्खाहरू तिमीहरू जाने भए जाऊँ हामीहरू यहीँ थामिन्छौँ भने, यसरी पूर्वतिर फर्कनेहरू राई लिम्बु भए भने यही थामिन्छौँ भन्ने थामी पुर्खाहरू अहिलेका थामी भएको विभिन्न किंवदन्तीमा पाइन्छ ।

थामी पुर्खाहरू पुर्णतया वन जङ्गलमा नै निर्भर रहन्थे । वन माहुरी काड्ने, खोरिया खेती गर्ने, वनजङ्गलबाट प्राप्त कच्चा पदार्थबाट हाते सामग्री बनाइ खाद्य सामग्रीसँग साटफेर गरेर आफ्नो जीविका चलाउने गर्दथे । विशेषत: थामीहरूलाई नेपालको जातीय संरचनामा पनि नचल्ने जातमा समावेश गरिएको थियो । सन् १८५३ मा जात विशेषको दण्ड तोकिएको मुलुकी ऐन बने पश्चात् हिन्दु वर्ण व्यवस्था अनुसार पानी नचल्ने जातभन्दा माथि मानिने मतवाली वर्गमा राखियो । वनजङ्गल र कृषि कै वरिपरि जीवन बिताउने थामीहरूको वर्तमानमा पुर्खाहरूको पेसाको अवस्था कस्तो छ ? परम्परागत पेसाबाट थामीहरूको आर्थिक स्तर सुधार नआउनुको कारणहरू ? थामीहरूले अपनाएको पेसाबाट उनीहरूको आधारभूत आवश्यकता पुरा भएको छ कि छैन ? परम्परागत पेसा र अन्य पेसा गर्ने थामीहरूको आर्थिक अवस्था कस्तो छ ? भन्ने जस्ता समस्यामा केन्द्रित रहेर गरिएका यस अध्ययनमा उनीहरूको पेसागत परिवर्तन र यसले थामी जातिको परिवारिक र सामाजिक जीवन यापनमा पारेको प्रभाव पत्ता लगाउने भन्ने उद्देश्य राखिएको छ ।

विशेष गरी शैक्षिक उद्देश्य पुरा गर्नका लागि सीमित स्रोत साधनमा गरिएको अध्ययन हो । यस अध्ययनमा सैद्धान्तिक रूपमा आधुनिकीकरण र विकासवादी सिद्धान्तमा केन्द्रित रहेर पुरा

गरिएको छ । अध्ययनको उद्‌देश्य प्राप्तिका लागि गुणात्मक र परिमाणात्मक दुवै खालका तथ्याङ्कको प्रयोग गरिएको यस अध्ययनमा वर्णनात्मक एवम् विवरणात्मक अनुसन्धान, ढाँचाको प्रयोग गरिएको छ भने यस अध्ययनमा प्राथमिक सूचनाका लागि स्थलगत अवलोकन, अर्न्तवार्ता अनुसूची, समूहगत छलफलका साथै द्‌वितीय सूचनाका लागि विभिन्न पुस्तक, लेख, रचना, शोधपत्र, पत्र पत्रिका, गाविसको तथ्याङ्क तथा विद्‌युतीय सामग्रीहरूको रूपमा इन्टरनेटमा, उपलब्ध विभिन्न सन्दर्भ सामग्रीहरूको प्रयोग गरिएको छ ।

परिवर्तित आधुनिक पेसा वैदेशिक रोजगारी, व्यापार, स्वदेशी रोजगारी, होटल, यातायातको साधनमा काम गर्न आकर्षित रहेका वर्तमानका थामी युवाहरू आफ्नो पुर्खाहरूको पेसालाई सुधारात्मक तरिकाले अगाडि बढाएको देखिन्छ । यो अध्ययन पेसागत परिवर्तनलाई गरिबीको दलदलमा फसेका थामीहरू रोजगारको अवसर, शिक्षा, सचेतना, सरकारी तथा गैरसरकारी संस्थाको सहयोगले थामीहरूको जीवन स्तरमा सुधार आएको देखिन्छ । समग्रमा यस अध्ययनका मुख्य प्राप्तिहरू निम्न रहेका  छन् ।

## ८.२ मुख्य प्राप्तिहरू

- यस अध्ययनका क्रममा सुन्द्रावती गाविसका थामी घरधुरीहरूको सङ्ख्या जम्मा २५३ रहेको पाइयो । जसमा ९ वटा वडामा नै थामीहरूको बसोबास रहेको पाइयो ।
- समग्र अध्ययन क्षेत्रमा जम्मा १३२१ जना थामीहरूको बसोबास रहेको पाइयो । जसमध्ये महिला ६७७ जना (५१.२%) र पुरुष ६४४ जना (४८.८%) रहेको पाइन्छ ।
- लिङ्गका आधारमा घरधुरी प्रमुखका रूपमा १२७ घरधुरीमा पुरुष ११३ जना (८९.०%) र महिला १४ जना (११.०%) घरधुरी प्रमुख रहेको देखिन्छ ।
- उमेर समूहका रूपमा यस अध्ययनमा काम गर्न सक्षम अथवा घरमुलीको उमेरलाई देखाइएको छ जसमा १२७ थामी घरमुलीमध्ये १६-२५ वर्ष सम्मका जम्मा २ जना (१.६%), २६–३५ वर्ष सम्मका जम्मा ४० जना (३१.५%), ३६-४५ वर्ष सम्मका जम्मा ४० जना (३१.५%), ४६-५५ वर्ष सम्मका जम्मा १७ जना (१३.४%) र ५६-६५ वर्ष सम्मका १६ जना (१२.६%) र ६५ वर्षभन्दा माथिका जम्मा १२ जना (९.४%) रहेको पाइन्छ । जसमा सबै सक्रिय जनशक्ति र विभिन्न पेसामा संलग्न थामीहरू रहेको पाइन्छ ।

- यस अध्ययनमा थामी उत्तरदाताहरू मध्ये ५६.७% हिन्दु+प्रकृत दुबै धर्म अपनाएको पाइयो, ३८.६% ले हिन्दु मात्र, ३.२% थामीले बौद्ध र १.६% ले क्रिश्चियन धर्म अपनाएको देखिन्छ ।
- अध्ययन क्षेत्रका थामी उत्तरदाताहरूमा एकल परिवार हुने जम्मा ७५ घरधुरी (५९.१%) र संयुक्त परिवार हुने जम्मा ५२ घरधुरी अर्थात् (४०.९) रहेको देखिन्छ ।
- थामी उत्तरदाताहरू १२७ मध्ये १२७ नै विवाहित रहेको र ७७ (६०.६%) ले मागी विवाह गरेको, ४० जना (३१.५%) ले प्रेम विवाह र १० जना (७.९%) ले छोराछोरी जन्मेपछि विवाह गरेको पाइन्छ ।
- शिक्षाका आधारमा थामी उत्तरदाताहरूमध्ये निरक्षर १५%, साक्षर अथवा साधारण लेखपढ ४४.९%, ५ देखि १० सम्मको अध्ययन गर्ने २९.१% र १० भन्दा बढी अध्ययन गर्ने जम्मा ११.०% रहेको देखिन्छ ।
- थामी समुदायका थामीहरूका सन्तानमध्ये १०५ जना (८२.७%) विद्यालय गएको अवस्था छ भने २१ जना (१६.५) विभिन्न कारणवश विद्यालय नगएको देखिन्छ र १ जना अनुत्तरित (०.८%) जसका आफ्ना बालबच्चा नभएको अवस्था देखिन्छ ।
- विद्यालय जानेमध्येका थामी सन्तानहरू ६९ जना (६५.७%) सरकारी शिक्षण संस्थामा आबद्ध रहेको, ३४ जना (३२.४%) निजी शिक्षण संस्थामा र २ जना (१.९%) धार्मिक शिक्षण संस्थामा गएर आफ्ना पठनपाठन अगाडि बढाएको देखिन्छ ।
- जग्गाको स्वामित्वका आधारमा ०-५ रोपनी भन्दा न्यून हुने जम्मा ५२ वटा घरधुरीहरू अर्थात् ४०.९% रहेका छन् भने ६-१० रोपनी सम्म हुने थामी घरधुरीहरू ६६ वटा अर्थात् ५२% रहेका छन् र १० रोपनीभन्दा माथि हुने ९वटा थामी घरधुरीहरू अर्थात् ७.१% रहेको देखिन्छ, जसमा बारी, खेत र पाखोबारी सबैलाई एकै ठाउँमा समावेश गरिएको छ ।
- अध्ययनका क्रममा आफ्नो भएको जग्गामा १२ महिना पुग्ने घरधुरी जम्मा २१ थामी घरधुरीहरू रहेका छन् र बाँकी घरधुरीलाई वर्षभरी खान पुग्ने खेती योग्य जग्गा नभएको देखिन्छ ।
- अध्ययन क्षेत्रका थामी घरधुरीहरूले भैंसी, गाई, गोरु, बाख्रा, कुखुरा जस्ता पशुपन्छी पाल्ने र त्यसबाट आफूहरूले आर्थिक उपार्जन गरेको अध्ययनका क्रममा देखिन्छ । पशुपन्छीबाट ५ हजार भन्दा कम आर्थिक उपार्जन गर्ने थामी घरधुरी २७ वटा रहेका छन्, ५ हजार

भन्दा माथि र १५ हजार भन्दा कम कमाउने थामी घरधुरीहरू ७५ वटा रहेका छन् र १५ हजार भन्दा माथिको आर्थिक उपार्जन गर्ने १५ थामी घरधुरीहरू रहेका छन् र अनुत्तरित १० जना रहेका छन् जसले पशुपंक्षीहरू नपालेको देखिन्छ ।

- वैदेशिक रोजगारमा संलग्न थामी घरधुरीहरू ३२ वटा रहेका छन् ।
- खानेपानी स्रोतका रूपमा ३९ थामी परिवारहरू मुलको पानीमा निर्भर रहेको, पाइप प्रणाली धारा प्रयोग गर्ने ७७ थामी घरधुरी र खोला, खोल्साको खानेपानी प्रयोग गर्ने ११ थामी घरधुरीहरू पाइयो ।
- घरको निर्माणको ढाँचाका आधारमा पक्का ढलान घर हुने ५ घरधुरी टिनले छाएको, ढुङ्गाको पर्खाल हुने घर ७९ वटा, खरले टिनले छाएको माटो घर ४१ वटा र २ जनाको घर स्याउला, खरले बारेको घरहरू रहेको देखिन्छ ।
- यस अध्ययनका क्रममा ५३ जना (४१.७%) ले आफ्नो पुर्खाहरूको पेसा अपनाइ रहेको र ७४ जना (५८.३%) ले आधुनिक पेसा अपनाएको देखिन्छ ।
- त्यस्तै थामी पुर्खाहरूले अपनाउने पेसा भन्नाले जीवन गुजारा कृषि, ज्याला मजदुरी, भरिया पेसा, धामीझाक्री, डोको नाम्लो जस्ता हाते सामग्री बनाउने पर्दछन् । जसमा ५३ जना थामीहरू संलग्न भएको अध्ययनको क्रममा देखिन्छ र आधुनिक पेसा भन्नाले व्यवसायिक कृषि, व्यापार व्यवसाय, सेवा, वैदेशिक रोजगार, फर्निचर मिलमा संलग्न, ड्राइभर पेसा पर्दछन् । जसमा ७४ जना थामीहरू संलग्न भएको देखिन्छ । एउटै थामी सदस्यले १ वा १ भन्दा बढी भिन्न पेसा अपनाएको देखिन्छ ।
- माथिका विभिन्न पेसामा संलग्न भएर कमाएका थामीहरूको मासिक आम्दानी रु. ५००० भन्दा कम आम्दानी हुने थामी घरधुरीहरू ४० वटा रहेका छन्, त्यसै गरी ५०००-१०००० सम्म मासिक आम्दानी हुने ५८ घरधुरीहरू रहेका छन् । रु. १०००० भन्दा माथि कमाई हुने थामी घरधुरीहरू २७ वटा रहेका छन् र अनुत्तरितमा २ जना रहेका छन् । जसले आफ्नो मासिक आम्दानी हिसाब किताब नराखेको देखिन्छ ।
- यस मासिक आम्दानीबाट आवश्यकता पूर्ति हुने घरधुरी सङ्ख्या ७४ रहेको छ र आवश्यकता पूर्ति नहुने घरधुरी ५३ रहेको ।

- त्यस्तै आफ्नो पुर्खाहरूको पेसा छोड्नुको कारणहरू मध्ये कम आम्दानी भएर छोड्नेको सङ्ख्या ४० छ, त्यसै गरी काम गर्न गाह्रो भएर छोड्नेको सङ्ख्या १९ रहेको छ र कच्चा पदार्थ अभाव भएर छोड्नेको सङ्ख्या ५ रहेको देखिन्छ ।
- थामी जातिहरूमा आफ्नो पेसा परिवर्तन गर्न चाहनु हुन्छ भन्ने प्रश्नमा प्राय सबै परम्परागत पेसा अपनाउने थामीहरू आफ्नो पेसा परिवर्तन गर्न  चाहेको र व्यापार र वैदेशिक रोजगारमा  संलग्न हुन चाहेको देखिन्छ ।
- सरकारी नीति, भूमि सुधार ऐन, वन जङ्गल समुदायलाई हस्तान्तरण गरेपछि थामी जातिको पूर्खाहरूको पेसा सङ्कटमा आएको देखिन्छ ।
- परम्परागत पेसा अपनाउने थामीहरूको अवस्था दयनीय देखिन्छ । जीवन गुजारा कृषिमा भर पर्दा उनीहरूको सामाजिक र पारिवारिक जीवन सुखद देखिँदैन । वैदेशिक रोजगारमा संलग्न व्यापारी, व्यवसायी सेवामा आवद्ध थामीहरूको अवस्था राम्रो रहेको देखिन्छ ।
- वर्तमानमा थामीहरूको कपडा बनाउने सिप लोप भइसकेको अवस्था छ भने डोको, नाम्लो, डालो जस्ता हाते सामग्री बनाउने तालिमको व्यवस्था गरेको देखिन्छ । त्यस्तै गरी यस क्षेत्रमा विभिन्न किसिमका कृषि तथा तरकारी खेतीको तालिम लिएको देखिन्छ ।
- सामाजिक अवस्थाको कुरा गर्दा यस क्षेत्रमा थामी र अन्य जाति बिच सहयोगको  भावना रहेको र मेलापाता पर्म गर्ने गरेको देखिन्छ र आफ्नै जातिबिच पनि भातृत्वको भावना रहेको देखिन्छ ।
- अध्ययन क्षेत्रका थामी महिलाहरूको स्थान पनि घर परिवारमा उच्च नै रहेको देखिन्छ । महिला बा आमा, अथवा छोरीले आफ्नो थर परिवर्तन गर्न नपर्ने र आफ्नो आमाको थर आफ्नो छोरीले राख्न पाउने सामाजिक नियम छ यसले गर्दा पनि महिलाको स्थान उच्च रहेको थाहा पाइन्छ ।
- स्वास्थ्यको हिसाबले पनि यस क्षेत्र राम्रो देखिन्छ । प्रत्येक घरमा आधुनिक शौचालय देखिन्छ र बिरामी पर्दा नजिकैको हेल्थपोस्ट र अस्पतालमा उपचार गर्ने गरेको देखिन्छ ।
- थामीहरू मुख्य तथा खानपानमा दालभात, ढिडो खाने गरेको र खाना पकाउँदा दाउरा नै बढी प्रयोग गरेको देखिन्छ । थामीहरूको संस्कृतिमा चुल्होलाई एकदमै पवित्र एवम् पूजनीय स्थानका रूपमा मानेको देखिन्छ ।

) समग्रमा पुर्खाहरूको पेसालाई युवाहरूले छोड्दै गएका अवस्थामा वर्तमान त्यस गल्तीलाई सुधार गर्न विभिन्न किसिमका कार्यक्रमहरू हुँदै गरेको र गुजारा कृषि प्रणालीलाई व्यावसायिक कृषि प्रणालीमा रूपान्तरण गर्दै व्यवसायिक खेतीतर्फ अग्रसर भएको पाइयो ।

## ८.३ निष्कर्ष

थामी जाति नेपालको अल्पसङ्ख्यक र पिछडिएका जनजाति हुन् । ससानो समूहमा नेपालको विभिन्न भागमा छरिएर रहेका थामी जातिको आफ्नै विशिष्ट प्रकारका साँस्कृतिक परम्पराहरू छन् । यो जाति आर्थिक, राजनैतिक, शैक्षिक क्षेत्रहरूमा पछाडि परेका छन् । यिनीहरूले अपनाउने पेसा नाफामूलक नभई जीवन गुजाराको निम्ति मात्र रहेको छ । राज्यका तर्फबाट सामाजिक क्षेत्रमा गरिने लगानीबाट पनि यिनीहरूले ठोस लाभ प्राप्त गर्न सकेका छैनन् । यिनै थामीहरूको पेसागत परिवर्तनको अध्ययन गर्न दोलखा जिल्लाको सुन्द्रावती गाविसलाई यस शोधकार्यको अध्ययनका क्रममा छनौट गरिएको छ ।

थामी जातिहरूको मुख्य पेसा भनेको कृषि नै हो । थामी पुर्खाहरू वन जङ्गल र प्राकृतिक वस्तुबाट आफ्नो जीवन यापन चलाएका थिए र आर्थिक उपार्जन पनि गरेको थिए । कतिपय परम्परागत पेसा अपनाउने थामीहरूको अहिलेको वर्तमान अवस्था भन्दा विगतका पुर्खाहरूको अवस्था राम्रो भएको पाइन्छ । पहिला थामीहरूसँग प्रशस्त मात्रामा किपट भूमि थियो र त्यस भूमिबाट मिलीजुली काम गरेर प्राप्त अन्न बालीबाट आफ्नो आवश्यक वस्तुहरूको पूर्ति गर्दथे र वन जङ्गल पनि प्रशस्त मात्रामा हुँदा वन जङ्गलबाट प्राप्त वस्तुबाट विभिन्न हाते सामग्री तयार गरेर पैसा वा अरू सामान सँग साटफेर गर्दथे । त्यसै गरी सिकार गर्ने, माछा मार्ने काम पनि गर्दथे जब वि.सं. २०२१ मा भूमि सुधार सम्बन्धि नियम कानुन बन्यो र वि.सं. २०३३ मा सरकारले वन जङ्गल समुदायलाई हस्तान्तरण गरेपछि थामी जातिको किपट भूमि खोसियो र कतिपय त भूमिहीन समेत बनेको पाइन्छ । यसरी वर्तमान अवस्थामा सिमित जग्गा जमिनमा जीवन गुजारा कृषि, भरिया, धामीझाँक्री, हाते सामग्री बनाएर जीवन यापन गर्ने थामीहरूको अवस्था दयनीय देखिन्छ । यसरी थामी युवाहरू विस्तारै आफ्नै पुर्खाहरूको पेसालाई परिमार्जन र सुधारात्मक तरिकाले अगाडि बढाउँदै गएको देखिन्छ र कतिपय युवाहरू वैदेशिक रोजगार, सेवा, सिकर्मी, डकर्मी, ड्राइभर पेसामा संलग्न भएको

देखिन्छ । यसरी नयाँ पेसा अपनाउने थामीहरूको आर्थिक अवस्था पनि राम्रो देखिन्छ । थामी जातिका महिलाहरू प्राय घरको काम गर्ने र पशु पालन साथै छिमेकमा कृषि मजदुरी/मेलापातमा जाने र आलोपालो गर्ने गरेको देखिन्छ र कतिपय महिला स्वयम् सेविकाको काम गर्ने साथै हाते सामाग्रीहरू जस्तै डोको, नाम्लो, बास्केट, डाला बनाउने तालिम लिएर आफूले बनाएर बिक्री वितरण गरेर आर्थिक उपार्जन गरेको पनि देखिन्छ ।

शिक्षा, चेतनाको विकास, आधुनिकीकरण, विकास योजना, सरकारी नीति, रोजगारीका नयाँ अवसरहरू बढ्नु तथा आफ्नो पुर्खाहरूको पेसाप्रति उदासीनताले गर्दा विशेष गरी नयाँ पुस्ताका थामीहरू विभिन्न अवसरको खोजीमा रहेको देखिन्छ । परम्परागत जीवन यापन गर्ने उपायहरूले बाँच्न धौ धौ हुनाले, जीविकाका लागि हरेक घरधुरहिरूले आम्दानीका स्रोतहरूलाई बहुमुखी गरेको पाइन्छ । थामी समुदायको घरधुरीहरूमा बुबाले परम्परागत पेसा अपनाए पनि उनकै सन्तानहरूले आधुनिक पेसा अपनाएको अवस्था छ र एक थामी सदस्यले पनि विभिन्न किसिमका कामहरू गरेको पाइन्छ । जीवन गुजारा कृषिमा संलग्न थामी पुस्ताहरू अहिले तिनैका सन्तानहरू विभिन्न कृषि तालिम लिएर व्यवसायिक तरकारी खेती, कुखुरा पालन, भैँसी पालनद्वारा आर्थिक उपार्जन गरि रहेको देखिन्छ । त्यसै गरी वन फडानी वन जङ्गलमा आश्रित थामीहरू अहिले व्यवस्थित रूपमा काठदाउरा वन जङ्गलबाट निकासी गरी फर्निचर बनाउने काममा संलग्न भएको देखिन्छ । विशेषगरी परम्परागत पेसा अन्तर्गत रहेको धामी झाँक्रि पेसा भने सङ्कटमा आएको देखिन्छ । धामी झाँक्री गरेर आफ्नो जीवन यापन गरेको थामी सदस्यहरूका सन्तानहरूले यो पेसा अवलम्बन नगरेको र आफ्नो र परिवारको कर्म, कार्य गर्दा ब्राह्मण पण्डित, बौद्ध लामा, बोलाएर गराएको देखिन्छ । त्यसै गरी घरेलु उपायद्वारा विभिन्न कच्चा पदार्थको प्रयोगद्वारा लुगा बनाउने सिप पनि लोप भइ सकेको छ । यसरी बढ्दो सामाजिक परिवर्तनले थामीहरूलाई नयाँ पेसाहरूको अवसर मात्र प्रदान गरेको छैन कि अर्को तर्फ चुनौती पनि खडा गरेको छ । यसरी आफ्नो परम्परागत संस्कृति र पेसालाई क्रमशः छाड्दै जाने हो भने अब आउने दिनमा थामीहरूको साँस्कृतिक अस्तित्व गुमाउने अवस्था नआउला भन्न  सकिँदैन ।

समग्रमा भन्नु पर्दा थामीहरूमा उच्च शिक्षा हासिल गरेको कोही पनि नहुँदा, श्रम अन्तर्गत पनि जोखिमपूर्ण मजदुरी गर्ने अधिकांश रहनु, उच्च ओहोदा सरकारी सेवा अन्तर्गत भारत तथा खाडी मुलुकुका राष्ट्रमा कार्य गर्न जाने, वन तथा जलस्रोतहरूको उपलब्धता र पहुँच

पनि न्यून रहनु जस्ता कारण थामीहरूको आर्थिक स्थिति कमजोर देखिए तापनि, विभिन्न सङ्घ संस्थाको सहयोग शिक्षा, यातायात, विद्युत् जस्ता सञ्चारका साधनहरूको विकासले भने थामी जातिको उत्थानमा भविष्यको दिनहरूमा विकासको मोडतर्फ लान सक्दछ भन्ने अनुमान गर्न सकिन्छ । यद्यपि विगतको तुलनामा भन्दा वर्तमानको अवस्थामा थामीहरूको अन्य जातिसँगको सम्बन्ध र सार्वजनिक स्थल र कार्यक्रममा पहुँच आदिले गर्दा सामाजिक अवस्थामा भने थामीहरूको स्थिति राम्रो देख्न सकिन्छ ।

## ८.४ सुझावहरू

थामी जाति गरिब, पिछडिएको जनजाति अन्तर्गत पर्ने आदिवासी जनजाति हो । परम्परा देखि नै कृषि वन जङ्गल जलस्रोतमा आधारित रहेर जीवन यापन गरेका थामी जातिमा युवा वर्गहरूले नयाँ पेसा अपनाएको देखिन्छ । साथै गरिबी, अन्धविश्वास, अशिक्षा, बेरोजगारीको समस्या थामीहरूको साझा समस्या बनेको पाइन्छ । जसको निराकरणको लागि निम्न सुझावहरू प्रस्तुत गरिएको छ :

- थामीहरूको अधीनमा रहेको किपट भूमि सरकारले आधुनिक नेपाल बनाउने प्रक्रियामा खोसिएको थियो । यसरी थामीहरूको किपट भूमि खोसिँदा पर्याप्त मात्रामा खेतीयोग्य जमिन नहुँदा थामीहरूको जीवन स्तर दयनिय अवस्थामा रहेको छ र अब आउने दिनहरूमा थामीहरूको जग्गा थामीहरूलाई नै हस्तान्तरण गर्ने उपायहरू खोज्नु पर्दछ ।
- हाम्रो जस्तो कृषि प्रधान देशमा कृषिश्रममा आश्रित रहेका बहु सङ्ख्यक मानिसहरूको सामाजिक, आर्थिक अवस्था सुधार गर्न कृषिलाई आधुनिकीकरण, फार्मिङ्ग गरिनु पर्दछ ।
- शिक्षा सर्व सुलभ हुनु पर्दछ, सरकारी नीति अनुसार आफ्नै भाषामा शिक्षा हासिल गर्न पाठ्यपुस्तक कडाईका साथ निर्माण र आफ्नै भाषामा अध्ययन गर्न पाउनु पर्दछ । पिछडिएका र ग्रामीण क्षेत्रमा रहेको जनताहरूलाई माध्यमिक शिक्षा निःशुल्क हुनु पर्ने र विभिन्न कारणले विद्यालय छाडेका थामीहरूको अध्ययन गर्ने सङ्ख्या वृद्धि गर्न प्रोत्साहन र उत्प्रेरणाका कार्यक्रमहरू प्रभावकारी रूपमा सञ्चालन गर्नु पर्दछ ।
- थामीहरूको संस्कृति वर्तमानमा सङ्क्रमणका अवस्थामा रहेको पाइन्छ । यस्तो सङ्क्रमणको क्रममा कतिपय मौलिक संस्कृति लोप हुने हुँदा थामीहरूको संस्कृतिको जगेर्नाका लागि युवा वर्गलाई आफ्नो संस्कृतिप्रति सचेत गराउन विभिन्न कार्यक्रमहरू सम्बन्धित संस्था र निकायले थामी युवावर्ग समक्ष ल्याउनु पर्ने देखिन्छ ।
- त्यस्तै थामीहरूलाई स्वावलम्बी बन्न र निरन्तर आम्दानी मुलक कार्यमा सहभागी हुनका लागि थामीहरूलाई विभिन्न सिपमूलक तालिम, अवसर तथा त्यसमा पहुँच पुऱ्याई रोजगारीको अवसर प्रदान गर्नु पर्ने देखिन्छ ।

# सन्दर्भग्रन्थ सूची


अधिकारी, प्रेम प्रसाद (२०६९), *दोलखाका आदिवासी जनजाति सङ्क्षिप्त परिचय,* दोलखाः जिल्ला विकास समिति, आदिवासी जनजाति जिल्ला समन्वयन समिति ।

अधिकारी, लिलम शेखर (२०५९), *नेपालमा जातीय आन्दोलन,* काठमाडौं : सौगात अपसेट प्रिन्टिङ ।

अर्याल, बैकुण्ठ प्रसाद र जनार्दन रिजाल (२०५८), *दोलखामा थामीहरूको शैक्षिक सहभागिताः एक अध्ययन प्रतिवेदन,* दोलखाः जिल्ला शिक्षा कार्यालय ।

आक्याङ्मी, राजकुरमा रेग्मी (२०५६), *थामी समुदायको ऐतिहासिक चिनारी र संस्कार संस्कृति,* काठमाडौं : नेपाल थामी समाज ।

ओझा, डा. एकराज (२०६०), *विकासको सङ्क्षिप्त विवेचना* (विशेष सन्दर्भ सुदूर पश्चिम नेपालको), काठमाडौं : भृकुटी एकेडेमिक पब्लिकेसन्स ।

खत्री, डा. प्रेम कुमार (२०५५), *मानवशास्त्र तथा समाजशास्त्र,* काठमाडौँः भुँडी पुराण प्रकाशक ।

घिमिरे, हरिहर (२०५७), *नेपालमा विकासका प्रयासहरू,* काठमाडौंः साझा प्रकाशनको छापाखाना ।

चालिसे पुष्पराज (२०४८), *नेपालको पुरानो इतिहास र सभ्यता,* काठमाण्डौंः सम्झना प्रेस ।

चौलागाइ तिलक प्रसाद, नानीराम प्रोखेल, केशव राज सापकोटा (२०६०ं), *लैङ्गिक अध्ययन,* काठमाडौं : न्यु हिरा बुक्स इन्टर प्राइजेज ।

डेशन, मेरी, पन्त प्रत्यष (२००४), *नेपालको सन्दर्भमा समाजशास्त्रीय चिन्तन,* ललितपुरः सोसल साइन्स वहा, हिमाल एसोसियसन्स ।

तामाङ्ग, सीताराम (२०५६), *मार्क्सवाद र नेपालमा जनजाति आन्दोलन,* काठमाण्डौं : जनसाहित्य प्रकाशन केन्द्र ।

थामी, कुम्भलाल (२०६१), *थामी समुदायको ऐतिहासिक चिनारी र संस्कार संस्कृति,* काठमाडौंः नेपाल थामी समाज ।

दोलखे थामी टहल (२०५६), *थामी समुदायको ऐतिहासिक चिनारी र संस्कार संस्कृति* काठमाडौंः नेपाल थामी समाज ।

पोखरेल, बुद्धि प्रसाद (२०६३), *नेपालको भौतिक, आर्थिक र सांस्कृतिक भूगोल,* काठमाडौंः सम्झना प्रेस ।

पराजुली, भरत प्रसाद (२०५८), *थामी जातिको सामाजिक तथा सांस्कृतिक व्यवस्थाः एक समाजशास्त्रीय अध्ययन,* अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रिभुवन विश्व विद्यालय, समाजशास्त्र/मानवशास्त्र केन्द्रीय विभाग, कीर्तिपुर ।

पन्त, यादव प्रसाद (२०६१), *सामाजिक विकास र लायन वाद, लायन्स स्मारिका,* काठमाडौं : वालाजु हाईट ।

पाण्डेय, मधु सुदन (२०६१), *नेपालका जनजातिहरू,* काठमाडौं : पैरवी प्रकाशन ।

पौडेल, डि. आर. (२०६५), *नेपाली समाजमा दलित,* काठमाडौं : आत्म निर्भर विकास मञ्च ।

पौडेल, सूर्य नारायण, पौडेल ओमकार (२०६४), *अर्थशास्त्र,* काठमाडौंः ज्ञानकुञ्ज पुस्तक पसल ।

बराल, पवन (२०७०), *गन्धर्व समुदायमा जीविकाको रणनीति (लेखनाथ नगर पालिकाका, कास्कीका गन्धर्वहरूको अध्ययन),* अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रिभुवन विश्व विद्यालय, समाजशास्त्र/मानवशास्त्र विभाग, पृथ्वी नारायण क्याम्पस पोखरा ।

बज्राचार्य, धनब्रज, श्रेष्ठ, टेक बहादुर (२०६१), *दोलखाको ऐतिहासिक रूपरेखा,* काठमाडौं : नेपाल एसियाली अध्ययन संस्थान, त्रिभुवन विश्व विद्यालय ।

बराल, केसन (२०५५) 'क' *नेपालमा भूमिसुधार, कृषि क्रान्ति र अर्थतन्त्रको विकास,* काठमाण्डौंः भृकुटी एकेडेमिक पब्लिकेसन्स ।

बोन्गार्ज, हेन्ज र दाहाल, देवराज (२०५४), *विकास अध्ययन (स्वावलम्बी संस्थाहरू, गैरसरकारी सङ्घसंस्थाहरू तथा नागरिक समाज,* नेपाल : नेपाल फाउन्डेसन फर एडभान्स स्टडिज ।

राई, टंक बहादुर (२०५९), *किराँत भूमि र किरात जन जीवन,* ललितपुरः राई बुक्स एन्ड स्टेशनरी सेन्टर ।

लालदास, प्रभाकरलाल (२०५८), *आर्थिक विकासको समाजशास्त्र,* काठमाडौंः श्री रेखा रानी प्रकाशन ।

लामिछाने, विष्णु, प्रसाद *(२०६९), लेखनाथका गन्धर्व जातिको परम्परागत पेसामा आएको परिवर्तनको समाजशास्त्रीय अध्ययन,* अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रिभुवन विश्व विद्यालय, समाजशास्त्र/मानवशास्त्र विभाग, पृथ्वी नारायण क्याम्पस, पोखरा

सुवेदी, मधुसुद (२०५६), *हिन्दु विवाहको इतिहास,* ललितपुर : श्रीमती सानुमैया सुवेदी, वैकुण्ठ तथा दामोदर, सुवेदी ।

शर्मा, कमल राज (२०५७), *विकास दृष्टिकोण र रणनीति,* रामशाहपथः यूनाइटेड पिन्टर्स ।

शर्मा, जनक लाल (२०३६), *हाम्रो समाज एक अध्ययन,* काठमाडौं : साझा प्रकाशक ।

शर्मा, मोहन राज (२०६६), *आधुनिक तथा उत्तर आधुनिक पाठक मैत्री समालोचना,* काठमाडौंः क्वेस्ट पब्लिकेसन ।

शर्मा, गोपीनाथ (२०४३), *नेपालमा शिक्षाको इतिहास,* काठमाडौं : मकालु प्रकाशन गृह ।

शर्मा, जनक लाल, (२०४९), *हाम्रो समाज एक अध्ययन* (दोस्रो संस्करण), काठमाडौं : साझा प्रकाशन ।

हिमाल पत्रिका, वर्ष १ अङ्क ३, २०४७ ।

शर्मा, टङ्कनाथ (२०६८), *सार्की जातिको परम्परागत पेसाको परिवर्तनले सामाजिक, आर्थिक अवस्थामा पारेको प्रभाव वडा ९, विनामारे गा.वि.स., बाग्लुङ*, अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रिभुवन विश्व विद्यालय समाजशास्त्र/मानवशास्त्र विभाग, पृथ्वी नारायण क्याम्पस, पोखरा ।

Adhikari, B. (2063). *Nepalese Society and Culture*. Kathmandu: Student Book Publisher.

Adhkari Pradeep (1991), *Socio Economic Study on Thami Community Babre VDC*, Unpublished Master Thesis in Department of Sociology/Anthrolopolgy, Lalitpur: Patan Multiple Campus.

Bernstein, Henry (2002). Modernization Theory and the Sociological Study of Development. *International Journal of Development Studies,* EBSCO Publication Retrived Nov. 25, 2013 from <http://www.arlsrn.ualberta-calcourses/politicalscience/670A1/documents/Henryberstein-modernization sociology of Dev-Pdf).

Budhathoki Magar, C.B. (2008). *Case study of Ethnic Identity and Socio Economic of Thami in Dolakha District, Janajati Social and Economic Empowerment Project (JANSEEP),* Funded by European Union through CARE/Nepal.

Bukrit, M.C. (1997). *The World Stone Age: A study of pyaligolithic* 1em, New Delhi."

C.N., Shankar Rao (2001). *Socology of Primary Principle of Sociology*, New Delhi: Chand & Company Ltd.

Caplon, Lionel (1970). *Land and Social Change in East: Nepal, A Study of Hindu Tribal Relation*, California: University of California Press.

Chember, R. (1993). *Rular Development– Putting the Last*, Technical Publishers; New York: John Wiley.

Chhetri, Ram Bahadur Gurung, Om P. (2063). *Anthropology and Sociology of Nepal (Culture, Societies, Ecology and Development)*. Kathmandu: Printed at Modern Printing Press.

Ellis Frank- (1998). “Household Strategies and Rural Livelihood Diversification”, *Journal of Development Studies*, Vol-35, No.1:

Ember, C.R and M. Ember (1995). *Anthropology*, New Delhi: Prentice Hall of India.

Ferdowsi, Mir A (1986). *Self Reliance,* World Enycolopedia of Place. Vol 1, Oxford: Pergamon Press.

Floyd, I and Fowler, Jr. (2004). *What is Interview Schedual*, Sage encyclopedia of Social Science Research Method. Retrieved Novemebr 1, 2013.

Galtung, Johan (1982). *Environment, Development Galtung, and Military Activity,* Towards Altunative Security Doctine. Oslo: Universitetsforluget

Gautam Dr. Rajesh, Thapa Magar Asokek (1994), *Tribal Ethnography of Nepal.* Vol. II, Delhi: Book Faith India.

Gurung, Om. Thami, Bir Bahadur (2014). *Thami of Nepal*, Kathmandu: Central Department of Sociology Anthropology Tribhuwan University.

Hoselitz, B.F. (1964a). "Social Stratification and Economic Development". *In International Social Science Journal Vol. 16.* No.2 (pp 17-29) Greenwich: JAI Press.

Huntington, Samuel P. (1968), *Political Order in Changing Societies*. Bombay: Vikils, Fefer and Simons.

Knobl, Wolfgang (2009). *Theories that won't Pass away: The Never- ending Story of Moderinization Theory*. U.K.: SAGE Publication.

Lasimbang, Jannie (2008). *Indigenous People and Local Economic Development,* AIPP, Issue No. 5, 2008-logcal.glob.

Lawati, Mahendra (2007), "Cast Ethnicity and Inequality in Nepal", *Economic and Policitcal weekly May* 19, 2007.

Matunhu, I. (2011). *A Critical of Modernization and Dependency Theories in Africa: Critical Assessment*, Department of Development Studies, Zimbabwe: Midlands State University.

Myrdal, Gunnar (1970). *The Challenge of World Poverty: A World Anti Poverty Programme in Outline*, Victoria: Penguin Books.

Nepal, Ranjita (2012). *Remittance and Livelihood strategies: A case Study of Estern Nepal*. Kased University Press.

NG/MHPP and WHO/UNDP Nepal (1991). *Drinking Water Supply and Sanitation Sector Review and Plan* (1991-97), Kathmandu: Janauary.

Ninth Five Year Plan ($9^{th}$ Plan 242).

Pandey, Kiran (2051). *Dolakha Thami Jati (Dolakha Darpan),* Kathmandu: Dolakha Sahitya Samaj,

R. Maciver and Charles H. Page (1974). *Society an Introductory Analysis.* India: Macmillan India Limited.

Regmi, Rishikeshab Raj (2001). *The Essential of Socology.* Kathmandu: Saroj Printers.

Ritzer, George (1996). *Sociologcal Theory"* 4th ed., New York: McGraw-Hill Companies.

Schultg, A. (1998). *Cultural Anthropology: A Perspectve on Human Condition*. California: Mayfield Publishing Company.

Scott P.WIllian (1999). *Dictionary of Sociology*, India: Goyal Saab Publicaiton and Distribution.

Shedhain, N. P. (2003). *Socio Economic Study of Thami Community of Aalampu VDC*, Dolakha, Nepal, Unpublished Thesis, Patan Multiple Campus, Lalitpur.

Shneiderman, Sara Beth (2009). *Rituals of Ethnicity Miyration, Mixture, and the Making of Thangmi Identitiy across Himalayan Borders*. A Disertation Presented to the Faculty of The Graduat School of Cornell University, in Partial Fullfillment of the Requirements for the Degree of Doctor of Philosophy.

Shneiderman, Sara and Turin, Mark (2006). *Revisting Ethnography, Recognizing a Forgottn People: The Thangmi of Nepal and India*. Kathmandu: Mandala Book Point.

Smelser, N.J. (1966). "The Modernization of Social Relations". In Myron, W. (ed.) *Modernization: The Dynamics of Growth (pp. 199-130). Washigton*, Voice of America.

Tapa, Kamal Bahadur (2006), *Ocuupational Changed Livelihood Strategies among Magar Community in Danges*, *Ward No. 10 of walling Municipality, Syangja*. The Department of Sociology/Anthropology.

Thomas, Virginia (2000). *Traditional Occupations of Indigenous and Tribal People: Emerging Trends*. Geneva: International Labour Organziation 2000 'ILO'.

Todaro, M.D. (1993). *Economic Development in Third World*. 4th ed., Haidrabad: Orient Lang.

Chetry, Deb Bahadur (2008). *Changing Occupational Pattern among the Bishowkarma: A Case Study of Hemja VDC, Kaski*. Unpublished Master Thesis Tribhuvan University in Department of Sociology/Anthropology, Prithvi Narayan Campus, Pokhara.

**Web Cited**

Walker, M. (2010). wiki pediamodernization theory, www.wikipedia.com

www.investopedia.com

http://www.wikipedia.com/imo/2011.html.

www.mechikali.com (2010-05-09)

[ILOLEX-27.05.2010: http//www.ilo.org/iloley/english/newratframe.htm.

http://Srmo.Sayepub.com/view.key-concepts-in-Social-research/n28.xml

# अनुसूची १

## प्रश्नावली

१)	**साधारण जानकारी**

क) नाम : ......................................................................

महिला	पुरुष

ख) उमेर

१) (१६-२५)	२) (२६-३५)	३) (२६-४५)

४) (४६-५५)	५) (५६-६५)	६) ६६+

ग) पेसा : .........................................................................

घ) ठेगाना : ......................................................................

ङ) धर्म : .........................................................................

२)	तपाईंको परिवार कस्तो प्रकारको परिवार हो ?

क) संयुक्त	ख) एकल

३)	तपाईंको परिवार सङ्ख्या कति छ ?

...................................................................................................

४)	तपाईंहरूको पुर्खाहरूले पहिलेदेखि कुन पेसा अपनाउँदै आएका थिए ?

...................................................................................................

५)	के तपाईंले पनि पुर्खाहरूको पेसा अपनाउनु भएको छ ?

क) छ	ख) छैन

६)	के तपाईं आफ्नो पेसालाई परिवर्तन गर्न चाहनु हुन्छ ? हुन्छ भने कुन पेसामा संलग्न हुन चाहनुहुन्छ ?

क) व्यापार	ख) सरकारी जागिर	ग)

अन्य ...........................................................................................

७)	के तपाईंले परम्परागत पेसा सुरुवातमा अपनाउनु भएको थियो ?

क) अपनाएको थिए	ख) अपनाएको थिइन ।

८) पुरानो पेसा छोड्नुको कारण के हो ?

क) आम्दानी थोरै भएर ख) जीवन गुजारा गर्न गाह्रो भएर

ग) सामाजिक रूपमा कम महत्त्व भएर घ) कच्चा पदार्थ पाउन गाह्रो भएर

ङ) अन्य ……………

९) तपाईंले अपनाउनु भएको पेसामा के तपाईं सन्तुष्ट हुनु हुन्छ ?

क) धेरै सन्तुष्ट ख) कम सन्तुष्ट

ग) ठिकठाक (राम्रै) घ) सन्तुष्ट छैन

१०) तपाईंको मासिक आम्दानी कति हुन्छ ?

रु. …………………………………………

११) तपाईंको आम्दानीले तपाईं लगायत परिवारका अरु सदस्यको आवश्यकताहरू (खानपिन, शिक्षा, लत्ता कपडा, बास) पुरा भएका छन् ?

क) पुरा भएका छन् ख) पुरा भएका छैन

१२) तपाईं पेसाको लागि पहिला अरु कुनै ठाउँ जानु भएको थियो ? जानु भएको भए, जानुको कारण के हो ?

क) पैसा कमाउन ख) जागिरका लागि

ग) व्यापारका लागि घ) अन्य

१३) तपाईंले कुनै कामको तालिम लिनुभएको छ ? छ भने कुन प्रकारको तालिम

क) सिलाइबुनाई ख) भाँडा बनाउने ग) कृषि घ) अन्य ….

१४) तपाईंको घरमा पेसाको लागि कोही वैदेशिक रोजगारमा संलग्न छन् ?

क) छन् ख) छैनन्

१५) तपाईंको नाममा जग्गा छ कि छैन ?

क) छ ख) छैन

१६)    यदि आफ्नो वा परिवारका अन्य कोहीको नाममा जग्गा भए,

| जग्गाको किसिम खेत, बारी, पाखो, घडेरी वा अन्य | ०-५ रोपनीसम्म | ६-१० रोपनीसम्म | १० रोपनीमाथि | स्वामित्व (महिला/पुरुष) | जग्गाको प्रयोग (बसोबास, खेतीपाती, भाडामा दिएको वा अन्य उल्लेख गर्ने |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |

१७)    खेतबारीमा खनजोत गर्दा कस्तो प्रकारको औजारहरू प्रयोग गर्नु हुन्छ ?

.............................................................................................................

१८)    खेतबारीमा बढी उब्जाउ गर्नको लागि बिसादी प्रयोग गर्नु हुन्छ कि हुन्न ?

क) प्रयोग गर्छु    ख) प्रयोग गर्दिनँ

१९)    तपाईंसँग भएको जग्गाले तपाईंको परिवारलाई कति समय सम्म खान पुग्छ ?

क) .......................महिना    ख) केही बेच्ने गर्छु

२०)    तपाईंले कुन कुन वस्तुभाउ पाल्नुभएको छ ?

| **पशु** | **सङ्ख्या** | **वार्षिक आम्दानी** |
|---|---|---|
| भैंसी | | |
| गाई/गोरु | | |
| बाखा | | |
| बुँगुर | | |
| कुखुरा | | |
| अन्य | | |

२१)    तपाईंको शैक्षिक योग्यता कति रहेको छ ?

क) पढेको छैन    ख) साधारण लेखपढ    ग) कक्षा ५-१०    घ) १०+

२२)    तपाईंले छोराछोरीलाई विद्यालय पठाउनु भएको छ कि छैन ?

क) छ    ख) छैन

२३) यदि पठाउनु भएको छ भने कस्तो प्रकारको विद्यालयमा पठाउनु भएको छ ?

क) सरकारी ख) सामुदायिक ग) गैरसरकारी

२४) विद्यालय नपठाउनुको कारण के हो ?

क) विद्यालय पढाउने खर्च नभएर ख) भाई बहिनी हेर्नु पर्ने भएर

ग) पढेर केही नहुने भएर घ) बच्चाले नमाने र

ङ) अन्य ....................

२५) तपाईंको घर कस्तो प्रकारको छ ?

क) ढुङ्गाको घर ख) माटोको घर ग) खरको घर

घ) सिमेन्टीको घर ङ) अन्य ................

२६) तपाईंको घरमा श्रीमान्, श्रीमती, छोराछोरी बस्ने छुट्टै कोठा छन् ?

क) छन् ख) छैनन्

२७) तपाइको घरमा शौचालय छ ? यदि छ भने कस्तो प्रकारको छ ?

क) कच्ची ख) पक्की

२८) तपाईंको घरको जिम्मेवारी कसले लिनु भएको छ ?

क) आमा ख) बुवा ग) अन्य ................

२९) तपाईंको घरमा खानेपानीको व्यवस्था कसरी गर्नुहुन्छ ?

क) मूलको पानी ख) पाइप प्रणाली

ग) खोलाको पानी घ) अन्य ................

३०) तपाईंको परिवारमा कोही बिरामी पर्नु भयो भने कहाँ लगेर उपचार गराउनु हुन्छ ?

क) घरमै उपचार गर्छु ख) छिमेकी वेद्य

ग) झारफुक घ) अस्पताल ङ) अन्य ................

३१) तपाईंले कस्तो प्रकारको विवाह गर्नु भएको हो ?

क) मागी विवाह ख) प्रेम विवाह

ग) दुबै घ) छोराछोरी जन्मेपछि गर्ने विवाह ङ) अन्य .............

३२)  तपाईंको छिमेकीसँग कस्तो सम्बन्ध छ ?

क) ठिकठाक  ख) राम्रो  ग) धेरै राम्रो  घ) नराम्रो

३३)  तपाईंको समुदायमा महिलाको भूमिका कस्तो छ ?

क) राम्रो  ख) नराम्रो  ग) धेरै राम्रो  घ) धेरै नराम्रो

३४)  अन्त्यमा तपाईंलाई आफ्नो वा आफ्नो समुदायका बारेमा वा समुदायका लागि केही भन्न चाहनु हुन्छ भने बताउनु होस् ।

.............................................................................................................

.............................................................................................................

***

# अनुसूची २

## मुख्य सूचनादातासँगको अन्तर्वार्ताका लागि तयार पारिएको अनुसूची पत्र

१. उत्तरदाताको नाम :

२. उमेर :

३. लिङ्ग :

४. शिक्षा :

५. पेसा :

६. बासस्थान :

७. जातीय पोशाक :

८. थामीहरूको इतिहास, पुर्खा, किम्बदन्ती, आदिको बारेमा थाहा भए बताइ दिनु होला ?

९. थामीहरूको परम्परागत पेसा, अनुभव, सिप आदिको बारेमा थाहा भए बताइ दिनु होला ?

१०. थामीहरूको पारिवारिक तथा सामुदायिक विशेषता के के होलान् ?

११. थामी जातिमा विवाहको स्थिति, विवाह उमेर बारेमा बताइ दिनुहोला ?

१२. थामीहरूको परम्परागत सिप अरु जातिका छिमेकीहरूले अपनाएका छन् ?

१३. नयाँ पुस्ता र पुराना पुस्तामा पेसाको संलग्नमा के भिन्नता छ ?

१४. कृषिमा सिचाई, तालिम, पूर्वधारहरूको उपलब्धता के कस्तो छ ? बताइ दिनुहोला ?

१५. थामीहरूको रैकर, भूमि, त्यसको अवस्था, खेतीपातीको प्रणालीको बारेमा बताइ दिनु होला ?

१६. थामी जाति बिचको सम्बन्ध र थामीहरूको अरु जातिसँगको सम्बन्ध कस्तो छ ? सहयोग, असहयोगहरू बताइ दिनु होला ?

१७. थामी जातिहरूको समस्या के के छन् ? समस्याका कारण र समाधानका उपायहरू बताइ दिनु होला ?

१८. थामी जातिहरूको धामी झाक्रीमा विश्वास कस्तो छ ?

२०. थामी जातिका युवाहरूमा संस्कतिकरण हुने प्रक्रिया कस्तो छ ? थामी संस्कृति र परम्पराको संरक्षणका लागि केके गर्नु पर्ला ?

२१. अन्तमा भन्न मन लागेका केही सुझाव, सल्लाहहरू भए बताइ दिनु होला ?

# अनुसूची ३
## अन्तवार्ताका क्रममा लिइएका तस्विरहरू



तस्विर १. सुन्द्रावती गाउँ



तस्विर २. शोधकर्तालाई सूचना दिँदै थामी सदस्य





तस्विर ३. सुन्द्रावती महिला स्वास्थ्य स्वयं सेविकासँग शोधकर्ता



तस्विर ४. फर्निचरको काम गर्दै थामी युवा



तस्विर ५. परम्परागत सिपका बारेमा बताउँदै सुन्द्रावतीका मानबहादुर थामी



तस्विर ६. शोधकर्तालाई सूचना दिँदै थामी शिक्षक



तस्विर ७. किराना पसल व्यवसायी राज कुमार थामी



तस्विर ८. सुन्द्रावती गा.वि.स. मा हाते सामग्रीको तालिम लिँदै थामी महिलाहरू